कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २३ ● अंक ४२

● काठमाडौं शुक्रबार, फागुन २५, २०७४ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



# चर्चित अविवाहित

पृष्ठ २० मा



## YouTube ट्रेन्डिङ

| | | |
|---|---|---|
| १ | भद्रगोल १६१ | च्यानल रामसार मिडिया |
| २ | शत्रुगतेको ट्रेलर | च्यानल ओएसआर डिजिटल |
| ३ | चलचित्र हाइपर | च्यानल गोल्डमाइन्स टेलिफिल्म्स |
| ४ | चलचित्र : लप्पन-छप्पन | च्यानल हाइलाइट्स |
| ५ | जिम्बाब्बे भर्सेस नेपाल | च्यानल यो मन त मेरो नेपाली हो |
| ६ | नेपाल भर्सेस जिम्बाब्बे | च्यानल द नेपाली भिडियो |
| ७ | सलमान खानले किन गरे | च्यानल मेरो साथी टिभी |
| ८ | लाउरेज इपिक रनिङ च्यालेन्ज | च्यानल जेम्स श्रेष्ठ |
| ९ | ट्राफिक इन्सिडेन्ट | च्यानल सविन कार्की विष्ट |
| १० | लिलीबिलीको ट्रेलर | च्यानल बूढासुब्बा डिजिटल |


## फोटो अफ दि विक



■ **माया** : एमाले नेता वामदेव गौतम आफ्नी धर्मपत्नीलाई जन्मोत्सवको बधाईस्वरूप फूलको गुच्छा अर्पण गर्दै ।



■ **बधाई** : यसै साता विवाहको १५ औं वार्षिकोत्सव मनाउने क्रममा गायिका नलिना चित्रकार श्रीमान् सञ्जीव मिश्रसँग ।




सरकारले पक्राउ पुर्जी जारी गरेको विप्लवको पार्टीको चेतावनीपछि सलमान खान नेपाल नआउने सम्भावना बढ्यो । राजनीतिक सटर थापेर चन्दा माग्ने पार्टीले धम्की दिँदा सरकारले सुरक्षाको जिम्मेवारी लिन्छ, कार्यक्रम गर्नु भन्ने निर्देशन दिन सक्नुपर्छ । सलमान नेपाल आएर काठमाडौं, चन्द्रागिरि वा एभरेस्ट बेसक्याम्पको एउटा फोटो मात्र ट्विट, फेसबुक अथवा इन्स्ट्राग्राममा राखे भने पनि करोडौंसम्म पुग्छ, जुन करोडौं खर्च गर्दा पनि पुग्न सक्दैन । त्यसैले गरिब मानसिकता राखेर विरोध गर्नुको कुनै तुक छैन । यसअघि पनि भारतीय कलाकार नेपाल आएकै हुन् । अझ अन्तर्राष्ट्रिय कलाकारहरू पनि आएकै हुन् । सलमान वा बलिउड ग्लोबल ब्रान्ड हुन्, जुन कुरा जंगलमा बस्नेहरूले बुझ्न सक्दैनन् ।


**सुष्मा अधिकारी**




■ **भान्छे बूढो** : तक्मे बूढो उपनामले लोकप्रिय अभिनेता विल्सनविक्रम राई एउटा सुटिङ युनिटको भान्सामा खाना बनाउँदै ।



■ **साइँला दाइसँग** : कुमारीको पहिरनमा सजिएकी रेडियन्ट रिडर्स एकेडेमीकी छात्रासँग अभिनेता गौरव पहारी ।



भगवान् बुद्ध कुनै उदितनारायण, तेन्जिङ शेर्पाजस्तै नेपाली नागरिकता त्यागेका व्यक्ति हुन् र ? कि भगवान् बुद्ध अहिलेका नेपालीजस्तै अमेरिकन सिटिजनसिप लिएर दङ्दास पर्ने नेपाली हुन् ? 'भगवान् बुद्ध नेपालमा जन्मिएका हुन्' भनेर भनिरहने जरुरत म देख्दिनँ । लुम्बिनीमा गएर हेर्नुस्, त्यहाँ दर्जनौं राष्ट्रले गुम्बा बनाएका छन् । उनीहरूलाई थाहा छ, बुद्ध नेपालमै जन्मिएका हुन् । एउटा कुनै देशको नेताले भन्यो भन्दैमा हामीले पटमूर्ख भएर बुद्ध वाज बर्न इन नेपाल भन्दै हिँड्नु हास्यास्पद सिवाय केही होइन । भगवान् बुद्धको नाम बेचेर आफ्नो नाम कमाउन खोज्नुभन्दा आफ्नै नामले चिनिएको बेस । भगवान् बुद्ध नेपालको लुम्बिनीमै जन्मिएका हुन्, यसलाई भनिरहनु पनि पर्दैन र यो तथ्य कसैले मेटाउन पनि सक्दैन ।

**सञ्जय श्रेष्ठ**

## साइबर फिडब्याक

फागुन १९ गते टुँडिखेलमा 'बुद्ध वाज बर्न इन नेपाल' कार्यक्रम सम्पन्न भयो । गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा हजारौं मानिसको उपस्थिति थियो । उक्त अवसरमा प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्याधीश, कलाकार आदि सर्वसाधारणले संयुक्त रूपमा बुद्ध वचन 'धम्मपद' को वाचन गरेका थिए । विश्व कीर्तिमानी परिषद् नेपालद्वारा आयोजित उक्त कार्यक्रमलाई लिएर सामाजिक सञ्जालमा विभिन्न टीका-टिप्पणी भए ।




७५ हजार टुँडिखेलमा जम्मा भएर बुद्ध नेपालमा जन्मिएका भनेर फेरि प्रमाणित गरिरहनुभन्दा गोपाल पराजुलीका पाँचवटा जन्म मितिमध्ये कुनचाहिँ साँचो हो प्रमाणित गरौं न, ढिला भो ।

**भानुभक्त आचार्य**

जसले 'बुद्ध' यहाँ जन्मिए, त्यहाँ जन्मिए भन्दै मारमुङ्गी र माथापच्ची गर्छ- उसले बुद्धलाई कहिल्यै चिन्न सक्दैन ।

**लेनिन बन्जाडे**

नेपालमा पछिल्लो समय जन्मिएका बुद्ध यम बुद्ध र बुद्ध लामा हुन् । सिद्धार्थ गौतम बुद्ध त् तिलौराकोट राज्यमा जन्मिएका थिए ।

**निशान**

हामी नेफोलीको हल्लै बढी बुद्ध नेपालमा जन्मिएका हुन् भनेर फुर्ति लगाएर के गर्ने ? यता चिनियाँहरूले बुद्धको ८० मिटर अग्लो अजंगको मूर्ति बनाएर दिनहुँ हजारौंको संख्यामा देशी-विदेशी पर्यटक भित्र्याई आम्दानी पनि गरेका छन् । हामीलाई भने बुद्ध नेपालका जन्मिएका हुन् भन्दैमा फुर्सद छैन ।

**गिरिश पोखरेल**

बुद्ध नेपालमै जन्मिएका हुन् भनेर विश्व रेकर्ड राख्न तम्सिने आम नेफोली र कुनचाहिँ विदेशीको पैसा पचाउन लागिपरेको आयोजक संस्थासँग मेरो प्रश्न ? भोलि श्रीलंका, थाइल्यान्ड वा भारतले १ करोड मानिस जम्मा पारेर अर्को रेकर्ड बनाए त्यसैलाई सत्य मान्ने ? केटाकेटी खेलेजस्तो नगरौं ।

**दुर्गा शाही ठकुरी**

बुद्ध नेपालमा जन्मिएको सार्थकता साबित गर्न सबै आ-आफ्नो ठाउँबाट लागि परौं । बुद्ध विश्वका शान्तिका अग्रदूत हुन् । भारतले आफ्नो भूमिमा जन्मिएको भनेर दुस्प्रचार गरे पनि सफल हुने छैन । बुद्धलाई बौद्ध धर्मसँग जोडेरभन्दा विश्व शान्ति अग्रदूतका रूपमा व्याख्या गरौं ।

**नेपाल टिबिएन**

बुद्ध नेपालमै जन्मिएका हुन् भनेर भीड थुपारेपछि क्रमशः सगरमाथा, कञ्चनजंघा, धौलागिरि हाम्रै सिरिखुरी हुन् भनेर खुलामञ्चमा दादागिरी गरौं, वाइयात ।

**अक्षर काका**

म नेपालमै जन्मिएको हुँ भनी प्रमाणित गर्न अब मैले के गर्नुपर्‍यो ? हामी बसेको देश नेपाल नै हो भनी प्रमाणित गर्न अब के गर्नुपर्ला ? जसरी केही बेकामे घाँसहरूले आज बुद्ध नेपालमै जन्मिएका हुन् भन्नका लागि नाटक गरेर सस्तो लोकप्रिय खोज्दैछन् ।

**हेमराज थापा**

बुद्ध नेपाल मै जन्मिएका हुन् भन्ने प्रमाण त छ तर प्रचार छैन । त्यसैले यस्तो प्रचारमुखी कार्यक्रमलाई विश्वभर फैलाउनुपर्छ किनभने नेपाल भन्ने देश छ भनेर विश्वका धेरै कम मानिसलाई थाहा छ । बुद्धधर्मी पर्यटक गौतम बुद्ध जन्मिएको देश भनेर भारत घुम्दा रै'छन् ।

**जंगी निशान**

मान्छे उतारेरै बुद्धलाई नेपालमा जन्माउने हो भने स्मरण रहोस् नेपालको जनसंख्या बराबर मानिस त भारतको रेलमा मात्र यात्रा गरिरहेका हुन्छन् ।

**बेकामे**

सूर्य पूर्वबाट उदाउँछ, गौतम बुद्ध नेपालमा जन्मिएका हुन् जस्ता कुराका लागि आवाज उठाइरहनु पर्दैन दुवै ध्रुव सत्य हुन् ।

**इन्जिनियर ठिटो**

बुद्ध नेपालमै जन्मिउन् कि भारत वा अमेरिकामा जन्मिउन् आफूलाई खाडी जान पासपोर्ट बनाउनु पर्‍या छ ।

**बराल सरकार**

गौतम बुद्ध नेपालमा जन्मिएको भन्ने कुरा युनेस्कोमा लिपिबद्ध छ । अशोका पिल्लर छ । मायादेवीको मन्दिर छ । बुद्धको मावली घर तिलौराकोट छ । धेरै देशका विश्वविद्यालय, स्कुल, कलेजमा यही कुरा अध्ययन गरिन्छ । बुद्ध नेपालमा जन्मिएको योभन्दा ठूलो प्रमाण के छ ?

**तुल्सी पराजुली**

मंगल होस

# नेपालको अर्थ सेना



मनोज गजुरेल

गुप्तचर विभाग, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेनाबाहेक अर्को पनि एउटा सुरक्षा निकाय छ नेपालको । त्यो हो– नेपाली अर्थ सेना । यो सेनामा सेनापति, जर्नेल, कर्नेल केही हुँदैनन् । सबैको एउटै दर्जा हुन्छ, सिपाही । अर्थ सेनाका सिपाहीहरू विदेशमा क्याम्प खडा गरेर स्वदेशको अर्थतन्त्रलाई सुरक्षा दिने काम गर्छन् ।

बाहिरबाट हेर्दा उनीहरू वैदेशिक रोजगार हुन्, श्रमिक हुन्, कामदार हुन्, वर्कर हुन् तर वास्तवमा उनीहरू नेपालको अर्थतन्त्रलाई ढल्न नदिने आर्थिक सिपाही हुन् । नेपाली अर्थव्यवस्थाको एक चौथाइभन्दा बढी सुरक्षा यिनै अर्थ सेनाका सिपाहीहरूले गरेका छन् ।

नाकाबन्दी लाग्यो तैपनि हाम्रो चुलो निभेन । भुकम्प गयो तैपनि भोकमरी लागेन । बाढीपहिरो आयो तर पनि खान नपाएर कोही मरेन । जस्तोसुकै विपद्मा अर्थ सैन्य बलका यी सिपाहीहरू रणमैदानमा लडिरहे, देशको अर्थव्यवस्थालाई ढल्नबाट जोगाइरहे ।

अर्थ सेनाको कुनै हेड क्वार्टर छैन तर यसका पृतना, बाहिनी, गण, बटालियन, गुल्म र पोष्टहरू बिश्वभर छरिएका छन् । पुर्वी पृतना मलेसियामा छ जहाँ ५ लाखभन्दा बढी अर्थ सैनिक खटिएका छन् । साउदी अरेबिया र कतारमा पश्चिम पृतना छ त्यहाँ पनि त्यत्तिकै अर्थ सेना लडिरहेका छन्, भिडिरहेका छन् ।

कोरिया र जापानमा पचासौं हजारको बाहिनी छ । हङकङ अनि सिंगापुरमा लाखौंको गण छ । यसबाहेक ओमान, कुवेत, बहराइन, मालदिभ्स, अफगानिस्थान आदि देशमा नेपाली अर्थ सेनाहरू गुल्म, गण एवं पोस्ट खडा गरेर बसेका छन् । इजरायलमा करिब ५ हजार हाराहारीको टुकडी छ जहाँ लडाकु महिलाहरूले कमाण्ड सम्हालेका छन् ।

युरोप, अमेरिका, अस्ट्रेलिया आदि देशमा पनि ठूल्ठूला बटालियन छन् । फरक यति हो, यिनिहरू अर्थ सेनाका जगेडा सिपाही हुन् । भन्नुको मतलब यी सिपाहीमध्ये धेरै जना सधैंका लागि उतै पोस्टिङ भएका हुन् तर मातृभूमिको अर्थतन्त्र अप्ठेरोमा पर्दा यी सिपाहीहरू पनि युद्धभूमिमा उत्रिहाल्छन् ।

अर्थ सेनाको हतियार पाखुरी र पसिना हो । यसैको भरमा उनीहरू त्यहाँ युद्ध लड्छन् र स्वदेशमा भएको आफ्नो परिवारलाई आर्थिक रेस्क्यू गर्छन् । वैदेशिक हस्तक्षेपको चर्को डिफेन्स गर्छन् । फर्स्ट लाइटमा उठ्छन् र श्रमको पिटी खेल्छन् । लास्ट लाइटसम्म कामको परेड खेलेर परिवारको समस्यालाई डिस्पोज गर्छन् । गरिबिको रेखाबाट देशबासीलाई माथी उठाउन कर्मको रेड र श्रमको अट्याकमा सामेल हुन्छन् ।

यिनिहरू नेपाली अर्थतन्त्रका शक्तिशाली सिपाही हुन् भन्ने कुरा राज्यले बुझेर पनि बुझ पचाउने गरेको छ । त्यसको ज्वलन्त उदाहारण काठमाडौं एयरपोर्टमा देखिन्छ । इमिग्रेसनमा ‘कामदार’को लाइन छुट्टै हुन्छ । छुट्टैको अर्थ उनीहरूलाई विशेष सम्मान दिइएको होइन । उनीहरू कामदार हुन्, कामदार र अरू फरक हुन् भन्ने सोच त्यहीं देखिन्छ ।

यी सिपाहीहरूप्रति दलाल, म्यान पावर एजेन्सीदेखी लिएर जहाजमा समेत अलग व्यवहार गरिएको पाइन्छ । जहाजको बोर्डिङ पास लिने काउन्टरदेखि लिएर इमिग्रेसन अफिसरसमेतले राम्रो व्यवहार नगरेको ती सिपाहीहरूको गुनासो हुन्छ । इमिग्रेसनमा यी अर्थ सिपाही र अरूसँग बोलिने बोलीमा आकाश-जमिनको अन्तर पाइन्छ, जुन एकदमै दुखद कुरा हो ।

आर्थिक मिसनबाट फर्कंदा पनि उनीहरूप्रति गरिने व्यवहार दुःखलाग्दो छ । चर्को स्वरले बोल्ने, ‘तिमी’भन्दा माथी सम्बोधन नगर्ने, ग्रिन च्यानलमा धेरै बेर झुलाउने, दुख दिने, दोस्रो दर्जाको नागरिकजस्तो व्यवहार गर्ने कारणले पनि अर्थ सेनाको मनोबल गिराउने काम भएको पाइन्छ ।

सुने अनुसार, फिलिपिन्स आदि देशमा यस्ता सेनालाई रातो कार्पेटले स्वागत गरिन्छ । उनिहरूको इन्ट्री काउन्टर पनि फरक हुन्छ तर नेपालको जस्तो होइन, सम्मान स्वरूप फरक गरिएको । व्यवहारमा त हामीले त्यो खालको सम्मान दिने प्रयास गरेनौं तर बोलीमा त सम्मान गर्न सकिन्छ नि ।

त्यसका लागि हामीले वैदेशिक रोजगारहरूप्रतिको हेय दृष्टि बाहिर निकाल्नुपर्छ । उनीहरू कामदार मात्र होइनन्, नेपालको अर्थतन्त्रलाई सुरक्षा दिने सिपाही हुन् भन्ने तत्वबोध हुनु जरुरी छ– मङ्गल होस् ।

युवा मन

# बहाना



सुविन भट्टराई

अक्सर मानिसको जिन्दगी बहानामै अल्झन्छ । बहाना ठूल्ठूला चट्टानका । बहाना ठिक्कका ढुंगामूढाका । बहाना गिट्टी र बालुवाजत्रा पनि । बहानाका साना-ठूला ढिस्काहरू । बहाना समथर अनि उबडखाबड पनि । बहाना आकारसहितका । बहाना बिनाआकारका पनि ।

केही बहाना अरूसित । केही बहाना आफैँसित ।

कुनै पनि काम गर्ने चाहना मानिसभित्र जतिवटा कारणसहित उपस्थित हुन्छ, त्यही काम नगर्ने बहाना त्योभन्दा बढी परिमाणमा उपस्थित हुन्छन् । त्यसो त केही गर्नु पनि आफ्नै लागि हो र नगर्नु पनि आफ्नै लागि हो भन्ने चेतना मानिसमा नभएको कहाँ हो र ?

सानो छँदा परीक्षा नजिकिँदा समेत पढ्न छोडेर टिभीमा झुन्डिएर बसिन्थ्यो । बा-आमा भन्नुहुन्थ्यो, ‘पढ्नु पर्दैन ?’

म भन्थेँ, ‘कस्तो पेट दुखिराख्या छ ।’

अलिक ठूलो भएँ । बा-आमाले पढ्न दबाब दिन छाड्नुभयो । यद्यपि पढ्ने आफ्नै लागि हो भन्ने चेतना पनि आइसकेको थियो । बहाना आफैँसित गर्न थालियो । जस्तो कि चिया खाएपछि पढ्छु । खाना खाएपछि पढ्छु । भोलिदेखि पढ्छु । आइतबारदेखि पढ्छु । पानी रोक्किएपछि पढ्छु । घाम लागेपछि पढ्छु । पुरानो नोट होइन, नयाँ किताब किनेपछि पढ्छु आदि-आदि ।

केटीकेटीमा अरूलाई झुक्याउने मान्छे, ठूलो भएपछि आफैँलाई झुक्याउन थालेँ । आफैँसित झुक्किन थालेँ ।

वयस्क हुँदा पनि त आफैँसित बहाना बनाउने बानी कहाँ हटेको छ र ? हरेक नयाँ पुस्तक लेख्न थाल्ने बेलामा आफैँसित बहाना बनाउँदा-बनाउँदै, वैशाखमा लेख्न सुरु गर्नुपर्ने कुरालाई सारेर चैत पुऱ्याइदिइरहेको हुन्छु ।

अरूको आइतबार आइतबारै आउँदै हो, मेरो आइतबार सरेर शुक्रबार पुगिदिन्छ ।

हामी जे-जति काम, अनेक बहानाले ठेलेर पर-पर सार्दै जान्छौं, जिन्दगीले हामीलाई त्यति नै शक्ति लगाएर पछिल्तिर धकेलिरहेको चालसम्म पाउँदैनौं । बहानाले मानिसलाई अल्छी बनाउँछ । अकर्मण्य बनाउँछ । ठग बनाउँछ । धोकेबाज बनाउँछ । आफूलाई भ्रममा राख्नेले अरूलाई पनि भ्रममा राख्न सक्छ । बहानाले मानिसलाई हुतिहारा पनि बनाउँछ ।

लक्ष्यका लागि हिँड्ने मानिससित गन्तव्य हुन्छ, सपनाहरू हुन्छन्, आँट, हिम्मत, ऊर्जा हुन्छ, केवल बहाना हुँदैनन् । बहाना त लक्ष्यहीनहरूका लागि हो । तिनै मानिसहरूसित खातका खात बहाना हुन्छन्, जोसित सपना हुँदैन, चाहना हुँदैन ।

हाम्रो काम र जाँगरको बाटोबीचमा आइरहने बहाना भनेका खाल्डाखुल्डी, हिलो, धूलो आदिजस्तै हुन् । खाल्डो छ भनेर यात्रा रद्द गर्ने कुरा आउँदैन । हिलो छ भन्दैमा बाटै त्याग गर्ने कुरा आउँदैन । धूलो छ भन्दैमा घरबाटै ननिस्किने कुरा आउँदैन ।

बहानाहरू त्यस्तै हुन्, तिनले हामीभित्र भएको हिम्मतसित पैँठेजोरी खेल्छन् । ती हामीभित्रको ऊर्जालाई आफ्नो पैँतालामुन्तिर थिचेर राख्न चाहन्छन् । बहानाहरू हाम्रो गतिशीलताका दुस्मन हुन् । बहानाहरू हरदम हाम्रो सपनाको घाँटी थिच्न उद्यत हुन्छन् । बहानाहरू हाम्रो रफ्तारसित रिसाउँछन् । बहानाहरू हाम्रो प्रगतिको बाटो छेकेर बसिरहेका हुन्छन् ।

बहानाको काँडेतारमा, हाम्रा असंख्य सफलता अड्किएका होलान् । असंख्य सपना लत्रिएका होलान् । पन्छाउनुहोस् ती काँडेतार । बहानाको काँडेतार कुनै बाह्य गतिरोध होइन, जसलाई तपाईं पन्छाउन सक्नुहुन्न । बहाना फगत तपाईंकै मस्तिष्कले सिर्जना गरेका झारपात हुन्, जसलाई तपाईंको जाँगरको हतियारले मज्जाले फाँड्न सक्छ । एकपटक प्रयास गर्नुस्, कति सुन्दर देखिनेछ तपाईंको संसार ।

जिन्दगी बहानाले चलाउने होइन, जिन्दगीको नाउँमा बसेर निरन्तर बहना चलाउने हो, कहीँ त पुगिन्छ ।



यात्रा सन्दर्भ



# तेस्रो आकाशमा अनील

किशोर नेपाल


तस्बिर : नवराज वाग्ले

पुरुषको लाइनमा बसौं मनले मान्दैन, महिलाको लाइनमा बसूँ तनले मान्दैन, पुरुष र महिलाको बीचमा बसूँ स्वयंसेवकहरू मान्दैनन्', निकै लोकप्रिय भयो नाटक 'जिउँदो आकाश' को यो वाक्य । वाक्य रमाइलो सुनिन्छ । तर, गम्भीर भएर एकैछिन सोच्यो भने त्यो मनोरन्जनभित्र तेस्रो आकाशको निसासिंदो गुम्फन सुनिन्छ । नेपाली समाजलाई सञ्चालित र निर्देशित गर्ने महत्वपूर्ण मानिस, भलाद्मी, नीति-निर्माता कसैले पनि तेस्रो आकाशको परिकल्पना गरेका छैनन् । आधा आकाश नारीहरूले ओगटेको र आधा आकाश पुरुषले भोगेको यो पूरै देशमा मानिसका पीडा अलग-अलग छन् । मानिसको जात यस्तो पनि हुन्छ जहाँ व्यक्तित्वले पहिचान खोज्छ । संसारमा जति पनि प्राणी जन्मन्छन् तिनमा प्राकृतिक विकार पनि हुन्छन् । यी सबै विकारलाई समाजले स्वीकार गर्दैन ।

अनील सुब्बा यो नाटकका एक्ला पात्र हुन् । उनी रंगमञ्चमा गौरव र गरिमाको पहिचानबाट सुरु हुन्छन् । उनका चञ्चले बानीले दर्शकलाई पेट मिचीमिची हसाउँछ तर, गौरवभित्रको अन्तरद्वन्द्वलाई चियाउने साहस कमैले गर्छन् । हाँसो र आँशु मिसिएका संवादबीच समाजमा उपस्थित तेस्रोलिंगीहरूको पीडा नाटकमा देखाइएको छ ।

नाटकका मूल पात्र गौरवको मन र आत्मा गरिमाको हुन्छ । शरीर पुरुषको, चाहना भने महिलाको । सानोमा साथीहरूसँग खेल्दा मिस र बेहुली बन्न रहर गर्छ गौरव । धेरैजसो केटीहरूसँग नै घुलमिल गर्न मन पराउने नारीजन्य स्वभावका गौरवलाई प्रकटमा पनि नारी स्वभावले थिच्दै लगेको हुन्छ । उनको व्यवहारमा खासै कसैले ध्यान दिएको हुँदैन तर, समयसँगै फैलिँदै गएको जवानीको उमंगले समस्या बढाउँदै लान्छ ।

गौरवले आफ्नो प्रेमीलाई विवाहका लागि प्रस्ताव पनि गर्छन् तर यी दुईको प्रेम र विवाहको बाधक बन्छन् परिवार र समाज । समाजले नै गौरवलाई सबै कुरामा बन्देज लगाएको छ । उसको प्रेमी पनि यही समाजको एउटा पात्र हुन्छ । जहाँ गए पनि उसको बाँच्ने आधार हुँदैन । गौरव सेनामा भर्ती हुन खोज्छ । त्यहाँ पनि उसले दुर्व्यवहार बेहोर्नुपर्छ । बिकल्पमा गौरव आत्महत्याको छेउछाउमा पुग्छ तर आफ्नी आमाको आँसुलाई जित्ने साहस हुँदैन उसमा ।

नाटकमा अनीलको अभिनयको दुरुपयोग गरिएको छ । एकल नाटकमा पार्श्व घटनाको प्रयोग र विवरण जति कम हुन्छ अभिनयको स्कोप त्यति नै बढ्छ । अनीलको अनुहारको अभिव्यक्ति, शारीरिक हाउभाउ, चालढालको प्रयोगमा चुकेका छन् निर्देशक ।

अनील इलामको चुलाचुलीबाट आएका हुन् । उनको गाउँ कस्तो भने 'यसलाई झापाले हेपेको छ र इलामले देखेको छैन ।' ललितकला महा-विद्यालयमा संगीत पढिरहेका अनीलका रंगमञ्चका गुरु हुन्- सुनील पोखरेल । यी दुईबीच एकलव्य र द्रोणाचार्यको जस्तो सम्बन्ध छैन । अहिलेसम्म अनीलले छवटा नाटक मञ्चन गरेका छन् । नाटकमा काम गर्ने अधिकांश कलाकार निर्देशकमाथि भरोसा गर्छ । अनीलको पनि भरोसा त त्यही हो तर, कति स्कृप्ट चित्त बुझेको हुँदैन र त्यसमा फिनिसिङ गर्ने मौका पनि पाइन्न । अनीलको अनुभवमा एकल नाटक गर्दा उनलाई पुरुषको पहिरन अप्ठेरो लागेको थियो । नारीको अभिनयबाट बाहिर निस्किन मेकअप पखाल्नुपर्ने । त्यो एकप्रकारको जटिल काम थियो अनीलका लागि ।

अनील लिम्बू हुन् तर, समस्या के भने काठमाडौंका कतिपय नेवारलाई नेवारी भाषा नआएजस्तै अनीललाई पनि लिम्बू भाषा आउँदैन । उनी लिम्बू संस्कृतिमा काम गर्न चाहन्छन् । त्यसका लागि अवसरको खोजी छ उनलाई । भरखर देश संघीय भएको छ । यो अवसर हो, कला, संस्कृति र साहित्यको विकास गर्ने । देशमा गठनको प्रक्रियामा रहेका प्रादेशिक सरकारहरूको प्राथमिकता र महत्वमा के-के पर्छन् ? त्यो छिट्टै थाहा हुनेछ । हामी धनले विपन्न देश हौं र पनि हाम्रा प्रत्येक पाइला सम्पन्न छन् ।

## प्रतिक्रिया




**सामान्य प्रशासनमन्त्री रहँदा लालबाबु पण्डितले चालेका कदमले प्रशस्त चर्चा बटुले । डिभी र पीआरधारी कर्मचारीहरूलाई कानुनी दायरामा ल्याएका मन्त्री पण्डितको धेरैले प्रशंसा समेत गरे । वाम गठबन्धन सरकारमा जनसंख्या तथा वातावरण मन्त्रालय सम्हालेपछि पण्डित अहिले फेरि चर्चामा छन् । पण्डितले एक वर्षभित्र राजधानीलाई माक्समुक्त बनाउने घोषणा गरेका छन् । गत साता मन्त्री पण्डितले साप्ताहिकलाई विशेष अन्तर्वार्ता दिएका थिए ।**

लालबाबु पण्डितजी, महानगरपालिका र उपमहानगरपालिकामा बस्नेहरू मात्र मानिस हुन् र ? नगरपालिकामा बस्नेहरू होइनन् ?

**सन्जित यादव**

लालबाबु पण्डितको कदम सराहनीय छ । आफ्नो निर्णयमा अघि बढ्नुहोस् । तपाईंलाई सबैको साथ रहनेछ ।

**नेत्र घिमिरे, म्याक्स जुलियन, रुद्र न्यौपाने, बद्री सिलवाल**

लालबाबुको कुरा त ठीक हो तर नेपालमा धुँवा नफाल्ने गाडी नै छैनन् । कसरी समस्या समाधान गर्नुहुन्छ ?

**कुलमान गिरी**

सर्वोत्कृष्ट दृष्टिकोण । पण्डितजी, आफ्नो काममा अघि बढ्नुहोस् ।

**प्रमिला बस्नेत**

समृद्ध नेपाल बनाउने अभियानमा तपाईंको भूमिका कोसेढुङ्गा सावित होस् ।

**राजेन्द्र केसी**

गाडीले धूवाँ नफाले के फाल्छ त मन्त्रीज्यू ? कुरा सुन्दा पनि हाँसो उठ्छ ।

**राजु श्रेष्ठ**

भनेपछि अब सफा टेम्पो मात्र देख्न पाइने भयो ?

**सुदर्शन अधिकारी**

लालबाबुको निर्णय सही लाग्यो । धूलो-धूवाँ नभएपछि आधा रोग हट्छ ।

**पद्मनाथ पौडेल**

कुनै पनि व्यक्तिको देवत्वकरण उपयुक्त हुँदैन । लालबाबु पण्डित असल मनुष्य होलान् तर मिडियाले धेरै नै बढाइचढाइ गरेको देखियो । परिणाम नहेरी मूल्यांकन गर्नु अलि हतार हुन्छ कि ?

**कृष्ण घिमिरे**

लालबाबु पण्डित पार्टी र व्यक्तिगत स्वार्थभन्दा माथि रही देशका बारेमा सोच्ने कमै नेतामा पर्नुहुन्छ ।

**नरेश खनाल 'निशी'**

काठमाडौंका मेयर र उपमेयरले ओलीसँग गफ मात्र गर्न सिकेका रहेछन् । लालबाबु पण्डितसँग काम पनि गर्न सिके हुन्थ्यो नि ।

**भिलेन ब्रो**

जनसंख्या तथा वातावरणमन्त्री माननीय लालबाबु पण्डित कुरा त निकै मीठा गर्नुहुन्छ तर उहाँले चलचित्र विकास बोर्डको वार्षिक साधारणसभाको प्रमुख अतिथि भएर बस्नु शोभनीय लागेन । त्यत्तिकै समय मन्त्रालयमा बसेर केही महत्वपूर्ण निर्णय गरेको भए हुन्थ्यो ।

**कृष्णहरि वाग्ले**

उता मधेसी नेताहरूलाई 'हम है धर्तीपुत्र' भन्दै धाक लगाउँदैमा ठिक्क छ । यता लालबाबु पण्डितले देशको मुहार फेर्न थालिसके ।

**विश्वर सिंह राई**

वन तथा वातावरण मन्त्रालय माओवादीको भागमा परेको समाचार आउने क्रममा एमालेका मन्त्री लालबाबु पण्डित भने एक वर्षमा काठमाडौंलाई मास्करहित बनाउँछु भन्दै छन् । के यसलाई गफै मान्नु अब ?

**कसमस विश्वकर्मा**

लालबाबु पण्डितजी हाम्रो आशा कर्कलाको पातमा जमेको शीतको थोपाजस्तो चाहिँ नहोस् ।

**जीवन घिमिरे**

मधेसी नेताहरूमध्ये अत्यन्तै इमानदार र निष्कलंक छवि भएका लालबाबु पण्डितलाई मन्त्रीका रूपमा पाउनु सुखद कुरा हो ।

**केशव कोइराला**

twitter
follow us on
twitter.com/saptahik

SMS
मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik



# बीपी महामूर्ख अनि मनमोहन, कृष्णप्रसाद र गणेशमान पटमूर्ख हुन्

राष्ट्रियसभा निर्वाचनमा प्रदेश नम्बर-२ बाट राष्ट्रियसभा सदस्य निर्वाचित वृषेशचन्द्रलाल नेपाली कांग्रेसको राजनैतिक पृष्ठभूमिबाट आएका हुन् । लाल प्रतिनिधिसभा निर्वाचनको मुखमा विभिन्न मधेसकेन्द्रित पार्टीहरू मिलेर राजपाको गठनपछि पार्टीको वरिष्ठ उपाध्यक्ष बनेका हुन् । प्रजातन्त्र र गणतन्त्र प्राप्तिको आन्दोलनमा उनले पटक-पटक गरी झन्डै आठ वर्ष जेलमा बिताएका छन् । मैथिली भाषा-साहित्यमा पनि योगदान पुर्‍याइरहेका लाल होलीका अवसरमा मिथिला नाट्य कला परिषद् (मिनाप) ले प्रदान गर्ने महामूर्खको उपाधिबाट विभूषित भए । लालसँग महामूर्ख उपाधिको सुरुवात, यसको महत्व आदि विषयमा साप्ताहिकका लागि जनक तिमिल्सिना र भिषा काफ्लेले गरेको कुराकानी :

**महामूर्ख घोषणा गर्ने क्रम कसरी सुरु भएको हो ?**

हामीले २०३५ सालमा महामूर्ख सम्मेलन गरेर त्यसको थालनी गर्‍यौं । ०३५-३६ सालतिर हामीले सामूहिक रूपमा होली मनाउन थालेका हौं । पहिलो महामूर्ख सम्मेलन हामीले एउटा प्रयोगका लागि गरेका थियौं । त्यतिबेला विमलेन्द्र निधि, म, अनिलप्रताप ढुंगाना, नरेन्द्र मिश्र आदिले त्यसको सुरुवात गर्‍यौं । त्यो कार्यक्रम निकै राम्रो भयो, पहिलो महामूर्ख मेरा दाजु गिरीशचन्द्र लाललाई घोषणा गरियो । अहिले मिथिला नाट्य कला प्रतिष्ठानले त्यो परम्परालाई निरन्तरता दिइरहेको छ ।

**महामूर्ख घोषणाको परम्परा किन सुरु गरिएको हो ?**

पहिले समूह-समूहमा होली खेलिन्थ्यो, जाँड, रक्सी, भाङ आदि खाने काम बढी हुन्थ्यो । होलीमा दुर्घटना पनि उत्तिकै हुन्थे । त्यतिबेला कुनै न कुनै बहानामा कांग्रेसी र गैरकांग्रेसीबीच झगडा पनि हुन्थ्यो । संगठित भएर सबै एकसाथ होली खेलौं, शुभकामना साटासाट गरौं, कसैले आएर आक्रमण गर्न नसकोस् भनेर डिफेन्सिभ रणनीति पनि थियो होला । त्यसले सबैलाई सकारात्मकतातर्फ लग्यो, जनकपुरमा त्यस्तो कार्यक्रम हुन थालेपछि त्यसको अनुसरण अरूतिर पनि भयो ।

**महामूर्ख घोषणाको चलन के हो ?**

होलीका अवसरमा त्यहाँका बुद्धिजीवी तथा महत्त्वपूर्ण व्यक्तिहरू एक ठाउँमा जम्मा हुन्छौं अनि त्यहाँ कविता पाठ गर्ने, हँसाउने आदि काम हुन्छ । संस्कृतिको जगेर्नाका लागि परम्परागत होली गान पनि गाइन्छ अनि जोगिरा पनि सुनाइन्छ । पहिले जोगिरामा अश्लील शब्द प्रयोग गर्ने चलन थियो, त्यसलाई हामीले सुसंस्कृत तरिकाबाट अघि बढाउन थाल्यौं । वास्तवमा कतै न कतै होलीमा सेक्सुयालिटी पनि झल्कन्छ, त्यो पनि एउटा एक्सप्रेसन हो, सोसाइटीलाई त्यस्तो एक्सप्रेसन पनि चाहिन्छ । यसले युवाहरूलाई पनि मनोरञ्जन प्रदान गर्छ । होली भ्रातृत्वको पर्व हो, यो दिन कसैसँग झगडा गर्नु हुँदैन, तर मनमा लागेको केही कुरा छ भने त्यो पनि निस्कन्छ । मधेसमा एकाध घटना भए होलान्, तर पहिलेको तुलनामा त्यस्ता घटनामा निकै सुधार आएको छ ।

**महामूर्ख घोषित भएपछि कस्तो अनुभव गरिरहनुभएको छ ?**

मलाई त निकै राम्रो अनुभव भैरहेको छ, किनभने यो एउटा सम्मानको पर्याय भैसकेको छ । बुद्धिजीवी, भाषा र संस्कृतिका निम्ति योगदान गर्नेहरू तथा उच्चपदस्थ व्यक्तिहरूलाई महामूर्ख घोषित गरिन्छ । भन्नलाई महामूर्ख भनिए पनि यो सम्मानित उपाधि हो ।

**महामूर्ख घोषित हुन खास के विशेषता आवश्यक छ ?**

त्यो वर्ष महामूर्ख कसलाई बनाउने भन्ने विषयमा छलफल हुन्छ । छलफलका क्रममा कसको के योगदान छ, कसले के-कस्तो उपलब्धि हासिल गर्‍यो, कुन क्षेत्रमा सफलता हात पार्‍यो जस्ता कुरा हेरिन्छ । कहिले लोकतान्त्रिक आन्दोलनमा लागेकाहरूलाई नै अगाडि बढाइयो, कहिले साहित्यमा लागेका व्यक्तिले यो सम्मान पाए, कहिले भाषा-संस्कृतिका लागि विशेष योगदान गरेकाहरूले महामूर्खको सम्मान प्राप्त गरे । महामूर्ख घोषित गरिएपछि दिइने प्रमाणपत्रमा पनि त्यसको कारण लेखिन्छ ।

पृष्ठ ७ मा



# के तपाईं सही सोच्नुहुन्छ, गलत पनि त हुन सक्नुहुन्छ ?

जुलिया गालिफ

लडाइँको मैदानमा एउटा सैनिक युद्धरत छ । त्यो सैनिक प्राचीन समयको प्रभावशाली स्थल सैनिक वा चलाख जल सैनिक पनि हुन सक्छ । जुन खालको सेना भए पनि उसको प्रमुख जिम्मेवारी भनेको आफूले जित्नु र शत्रुलाई हराउनु नै हो । उक्त सैनिकको मस्तिष्कमा युद्ध जित्ने कुरा त्यसै आएको होइन, उसलाई कसैले उत्प्रेरणा दिएको वा जित्नका लागि हौस्याएको हुन्छ ।

अर्को कुरा, एउटा स्काउटको जिम्मेवारी अरूलाई बचाउनु हुन्छ, तर उसले सैनिकले जस्तो आक्रमण गर्दैन । उसले बचाउने जिम्मेवारी निर्वाह गर्नु पहिले नै सम्भावित खतरा पहिल्याउनुपर्छ । उदाहरणका लागि नदीमा एउटा पुल बनाउनुपर्‍यो भने, पुल बनाउने उपयुक्त स्थान पत्ता लगाउनुपर्छ र उक्त स्थानका बारेमा पर्याप्त जानकारी लिनुपर्छ ।

स्काउटले र सैनिक दुवै कामदार नै हुन्, तर सैनिक कामदारकै मानसिकतामा अघि बढ्छ भने स्काउट त्यस्तो काममा अन्य सम्भावनाको खोजीसमेत गर्छ । यसबाट के बुझ्न सकिन्छ भने कसैले पनि आफ्नो जिन्दगीका सम्बन्धमा कसरी सोच्छ वा विचार गर्छ, त्यो नै मुख्य कुरा हो ।

मानिसको सोच र विचारबीच कसरी भिन्नता आउँछ भन्ने कुराका लागि १९ औं शताब्दीतिर फ्रान्समा घटेको एउटा घटना सान्दर्भिक हुनसक्छ । सन् १८९४ मा फ्रान्समा एउटा टुक्रा कागजले त्यहाँको सेनाभित्रको राजनीतिलाई सतहमा ल्याइदिएको थियो । घटनाअनुसार फोहोरको एउटा डंगुरमा एक जना सैनिक अधिकारीले एउटा कागज फेला पारे । त्यो कागज टुक्रा-टुक्रा थियो । जब ती सैनिक अधिकारीले कागजका ती टुक्रा जोडेर हेरे, त्यहाँ उनले एउटा खतरनाक जासुसी क्रियाकलापको रहस्य थाहा पाए । उक्त कागजको टुक्राबाट फ्रान्सेली सेनाका बारेमा शत्रु राष्ट्र जर्मनीका लागि त्यहींको कुनै सेनाले जासुसी गरिरहेको निचोड निकालियो ।

उक्त रहस्योद्घाटनसँगै सोधपुछको ठूलो अभियान नै सुरु भयो । उक्त सोधपुछका क्रममा सेनाका सबै अधिकारीको नजर एक यहुदी सैनिक अधिकारी ड्रेफसतर्फ मोडियो । त्यसको प्रमुख कारण ड्रेसफ फ्रेन्च सेनाका एक मात्र यहुदी थिए, तर यसअघिका उनका क्रियाकलापले उनी कुनै त्यस्ता क्रियाकलापमा सामेल भएको आशंकासमेत गरिएको थिएन । न त उनी त्यस्तो अपराध गर्नुपर्ने अवस्थामा थिए । ड्रेसफप्रति सन्देह गर्नका लागि फ्रेन्च सेनासँग रहेको एक मात्र तर्क उनी यहुदी हुनु नै थियो, किनभने त्यतिबेला फ्रेन्च सेना यहुदी समुदायविरुद्ध लक्षित थियो । त्यही भएर ड्रेसफमाथि अनुसन्धान थालिएको थियो । त्यो हस्तलिखत कागजमा लेखिएका शब्दहरू केही हदसम्म उनको हस्ताक्षरसँग मिल्न पुग्यो, जसले ड्रेसफमाथि फ्रेन्च सेनाका अधिकारीहरूको सन्देह थप बलियो भयो । अनुसन्धानको क्रम कागजको त्यो टुक्राबाट ड्रेसफको घरसम्म पुग्यो । ड्रेसफको घरमा गरिएको खानतलासीमा फ्रेन्च सैनिक अधिकारीहरूले कुनै ठोस सुराक फेला पार्न सकेनन् । त्यसबाट ती अधिकारीहरू ड्रेफसले सबै प्रमाण नष्ट गरिसकेको निष्कर्षमा पुगे ।



> सैनिकको मानसिकता बचाउने भावनासँग जोडिएको हुन्छ, स्काउटको पनि त्यस्तै मानसिकता हुन्छ तर भावना फरक हुन्छ । स्काउट जिज्ञासु हुन्छ । कुनै नयाँ जानकारी प्राप्त गर्दा त्यसको चुरोसम्म पुग्न छटपटाउँछ । त्यो जानकारी आफ्नो विपक्षमा आउँदा ऊ त्यसलाई अझ रोचक मान्छ । धेरैजसो मानिस के भन्छन् भने आफ्नो विश्वासको परीक्षा गर, तर आफ्नो मनलाई कमजोर नबनाउ । सबैभन्दा राम्रो कुरा स्काउट मौलिक हुन्छ ।

त्यसपछि ती सैनिक अधिकारीहरू ड्रेफसको विगतको निजी जीवनसम्बन्धी जाँच गर्न थाले । उनले विद्यालयमा पढ्दादेखि नै विदेशी भाषा सिकेका थिए । ड्रेसफले विदेशी भाषा सिक्नुको उद्देश्य विदेशी सरकारलाई सहयोग गर्ने मनसाय हो भन्ने तर्क प्रस्तुत गरियो । अझ रमाइलो कुरा त के भने उनको स्मरणशक्ति बलियो हुनुलाई ती सैनिक अधिकारीहरूले ड्रेफसको जासुसीको एक महत्वपूर्ण पाटो माने । त्यो मुद्दा बिस्तारै सेनाको माथिल्लो तहसम्म पुग्यो र ड्रेफसलाई कसुरदार ठहराइयो । त्यसपछि ड्रेफसलाई बजारमा लगियो अनि उनको बर्दी खोलियो, पदक खोसियो र ती बर्दी तथा पदक दुई तरबारका बीचमा राखी त्यसलाई 'ड्रेफसको बेइज्जति' नाम दिइयो । त्यसपछि ड्रेफसलाई डेविल्स आइल्यान्ड अर्थात् सैतानको टापुमा लगेर आजीवन कारावासको सजाय सुनाइयो । उनलाई जहाँ लगियो त्यहाँ उनले प्रत्येक दिन कष्टकर जीवन बिताउनुपर्‍यो । त्यसपछिका दिनमा ड्रेफसले फ्रेन्च सरकारलाई थुप्रै चिठी लेखे । त्यसमा उनले आफू निर्दोष भएको अनेकौं प्रमाण पनि पठाए । उनले आफ्नो मुद्दामा पुनर्विचार गर्न आग्रह गरे, तर फ्रान्सले त्यो मुद्दा टुङ्ग्याइसकेकाले पुनर्विचार नगर्ने बतायो ।

ड्रेफसको मुद्दामा फ्रेन्च अधिकारीहरूको पुर्व मनस्थितीनै के थियो भने ड्रेफस यहुदी हुन् त्यसैले दोषी पनि हुन् । उनीविरुद्धको अनुसन्धानको प्रारम्भबिन्दु नै उनी यहुदी हुनु थियो । त्यसैले भनिन्छ, नियतका साथ लागियो भने अपर्याप्त प्रमाणका बावजुद पनि जो कसैलाई दोषी प्रमाणित गर्न सकिन्छ ।

वैज्ञानिकहरू यसलाई प्रेरित तर्क मान्छन् । यस्तो बेला चेतनाले काम नगर्दा सबैखालका प्रेरणा निरर्थक हुन्छन्, हाम्रा कामनाहरू आशंकामा बदलिन्छन्, हामीले सम्झने वा जानकारी लिएका कुराहरू कहीँबाट प्रभावित हुन्छ । यस्तो अवस्थामा कुनै एउटा कुरा सही वा गलत जे भएपनि आफ्नो मुलुकका विरुद्ध शत्रु पक्षलाई गुह्य कुराहरूको जानकारी दिनेहरू सबै देशका शत्रु हुन् भन्ने लाग्छ । यस्तो अरू कसैबाट प्रेरित तर्कलाई सैनिक मानसिकता मानिन्छ ।

सम्भवतः त्यो फ्रेन्च यहुदीले सेनाविरुद्ध अपराध गरेको थिएन, तर खेल वा राजनीतिमा उसले त्यस्तो नियति बेहोर्नुपर्‍यो । यदि रेफ्रीले तपाईंले चाहेको समूहलाई फल दियो भने तपाईंलाई लाग्छ त्यो रेफ्री गलत छ तर त्यही रेफ्रीले तपाईंको विपक्षीलाई फल दियो भने तपाईंलाई त्यही राम्रो लाग्छ । यहाँ फेरि त्यही रेफ्री ठीक हुन्छ । स्वास्थ्य, मतदान, कुनै कामप्रतिको नैतिक जिम्मेवारी आदिले हामीलाई कहीँ न कहीँ प्रभाव पार्न सक्छ । त्यस्तो प्रभावलाई हावी हुन दिनु नै सैनिक मानसिकता हो । सैनिक मानसिकताको सबैभन्दा डरलाग्दो पक्ष भनेको अचेतन स्वभाव हो, जसका कारण निष्पक्ष तथा न्यायको कठघरामा उभिनसमेत डर लाग्छ र त्यहाँ कुनै निर्दोषको जीवन तहसनहस हुन्छ ।

माथि उल्लेख गरिएको फ्रेन्च काण्ड त्यहीँ सकिदैन । अब त्यहाँ आउँछन् कर्नेल पिकार्ट, उनी फ्रेन्च सेनाका माथिल्लो तहका अधिकारी हुन् । अन्य अधिकारी सरह उनी पनि ड्रेफसलाई अपराधी मान्थे । अन्य सैनिक अधिकारी जस्तै उनी पनि यहुदी विरोधी थिए तर एकपटक उनमा के सोच आयो भने- कतै हामी सबै ड्रेफसका बारेमा गलत त छैनौं ? यता ड्रेफसलाई प्रमाण मिलेको भनेर जेल हालिएपछि पनि जर्मन पक्षलाई फ्रान्सको सैनिक सूचना चुहिरहेकै थियो । त्यसका बारेमा कर्नेल पिकार्ट आफैले आन्तरिक अनुसन्धान सुरु गरेका थिए । उनको अनुसन्धानले के देखाएको थियो भने- अर्को एक जना सैनिक क्याडरको अक्षर पनि उक्त च्यातिएको कागजको टुक्रामा कोरिएका अक्षरहरूसँग ड्रेफसको अक्षर भन्दा राम्रोसँग मिल्छ । त्यसपछि कर्नेल पिकार्टले आफ्नो अनुसन्धानको निष्कर्ष आफूभन्दा माथिल्लो निकायलाई बताए तर माथिल्लो निकायका अधिकारीहरूले त्यसको कुनै वास्ता गरेनन् । आफ्नो खोजका बारेमा बुझाउन कर्नेल पिकार्टले पटक-पटक सफाइ दिनुपर्‍यो । वरिष्ठ अधिकारीहरू भन्थे- तिमीले यति मात्र देखाउन सक्यौ यहाँ अर्को एउटा जासुस पनि छ, जसले ड्रेफसको लेखाइ नक्कल गर्न सिक्यो । त्यसपछि उसले ड्रेफस जेल गएपछि जासुसीको काम आफ्नो हातमा लियो । जे भए पनि ड्रेफस दोषी नै हो, तर कर्नेल पिकार्ट ड्रेफसलाई निर्दोष प्रमाणित गर्न लागि नै रहे परिणामस्वरुप १० वर्षपछि ड्रेफसलाई इज्जतका साथ रिहा गरियो । त्यसका लागि कर्नेल पिकार्ट आफैंले पनि जेल जानुपर्‍यो ।

केही मानिस भन्छन्- कर्नेल पिकार्ट नायक हुन सक्दैनथे किनभने उनी आफैं यहुदी विरोधी थिए, तर उनी यहुदी विरोधी हुनुमा उनको काम वा परिवेश महत्त्वपूर्ण थियो । त्यो पक्षपात गर्ने कारण भनेको उनी पनि एक फौजी थिए तर जब उनमा सचेतना आयो र सही कुरा थाहा पाएपछि उनले जुन कुरा प्रमाणित गरेर देखाए त्यो सबैभन्दा माथिल्लो प्रेरणा हो ।

यहाँ कर्नेल पिकार्ट स्काउट मानसिकताका प्रमाण हुन् । स्काउट मानसिकता भनेको कुनै विचारलाई जिताउने वा हराउने चाहना होइन, मात्र जतिसक्दो ठीक तरिकाले सत्य के हो जान्ने चाहना हो । स्काउट मानसिकतामा जति नै सुविधाविहीन होस्, मन नपरेको होस्, गलत मानसिकताको होस् त्यसलाई सही तरिकाले हेरिन्छ । मानिसहरूले किन जानीबुझी पक्षपात गर्छन् भन्ने मानसिकताको कारण जान्न मैले केही वर्ष बिताए । मानिस कहिले अन्धो हुन्छ त कहिले पक्षपातभन्दा माथि उठ्छ वा सत्य देख्न पाउँछ वा प्रमाणहरूलाई निष्पक्ष रूपमा हेर्छ ?

उत्तर त्यही प्रश्नमै छ । सैनिकको मानसिकता बचाउने भावनासँग जोडिएको हुन्छ, स्काउटको पनि त्यस्तै मानसिकता हुन्छ तर भावना फरक हुन्छ । स्काउट जिज्ञासु हुन्छ । कुनै नयाँ जानकारी प्राप्त गर्दा त्यसको चुरोसम्म पुग्न छटपटाउँछ । त्यो जानकारी आफ्नो विपक्षमा आउँदा ऊ त्यसलाई अझ रोचक मान्छ । धेरैजसो मानिस के भन्छन् भने आफ्नो विश्वासको परीक्षा गर, तर आफ्नो मनलाई कमजोर नबनाउ । सबैभन्दा राम्रो कुरा स्काउट मौलिक हुन्छ । आफ्नो व्यक्तिगत मूल्य उसको कुनै विषयमा ठीक वा बेठीक हुँदैन । त्यसैले उ कुनै पनि कुरालाई आँखा चिम्लिएर स्वीकार गर्दैन, ऊ भन्छ-म गलत हुन सक्छु तर यसको अर्थ यो होइन कि म खराब वा मूर्ख हुँ ।

यहाँ दोष होसियारीसँग जोडिँदैन, न असल ज्ञान बुद्धिसँग जोडिन्छ । यी त सबै भावनासँग जोडिएर आउने कुरा हुन् । लिटिल प्रिन्सका लेखक सेट एक्स्पेरीले भनेका छन्– यदि तपाईं जहाज बनाउँदै हुनुहुन्छ भने आफ्ना सहयोगीलाई रूख र अन्य सामान जोरजाम गर्न नलगाउनुहोस् । तपाईं एकपटक उनीहरूलाई विसाल समुद्रमा पौडिन लगाउनुहोस् ।

हामी जो कोही आफ्नो निर्णय सुर्धान चाहन्छौं भने व्यक्तिगत तथा सामाजिक भएर बाँच्न सक्नुपर्छ, पढेर मात्र हुँदैन । कुटिल, सम्भाव्यता देख्न सक्ने अनि आर्थिक रूपमा पनि उत्तिकै बलियो हुनुपर्छ । यो सिद्धान्तलाई सदुपयोग गर्न हामीले आफूमा स्काउट मानसिकताको विकास गर्नुपर्छ । हामीले आफ्नो सोच्ने तरिका बदल्नुपर्छ । सिक्ने क्रममा भएका गल्तीमा लजाउने होइन त्यसमा खुसी हुनुपर्छ । बढी संवेदनशील हुनुको साटो जब हामी जिज्ञासु हुन्छौं, तत्काललाई जे कुराको विश्वास भैरहेको हुन्छ त्यसको विपरीत जानकारी प्राप्त गर्न सकिन्छ ।

*(गुलिया गालिफ अमेरिकास्थित सेन्टर फर एप्लाइड रेसनालिटी संस्थाकी संस्थापक हुन् । उनी रेसनालिटी तथा फिलोसफी अफ साइन्सजस्ता विषयमा लेख्ने तथा प्रवचन दिने काम गर्छिन् ।)*

# बीपी महामूर्ख अनि मनमोहन, कृष्णप्रसाद र गणेशमान...


तस्बिर : नवराज बाग्ले

पृष्ठ ५ बाट

**तपाईंलाई के कारणले महामूर्ख घोषित गरिएको हो ?**

महामूर्ख घोषणा गरेपछि उहाँहरूले दिनुभएको प्रमाणपत्रमा लेखिएको कुराको अर्थ के हो भने तपाई बहुभाषी (नेपाली, हिन्दी, मैथिली, अंग्रेजी, भोजपुरी भाषाहरूको ज्ञान) भए पनि तपाईंले व्यक्तिगत रूपमा मैथिली भाषामा बढी योगदान पुऱ्याउनुभएको छ, तपाईंले राजनीतिमा समेत योगदान दिएका कारण महामूर्खको यो सम्मान दिइएको हो । जुन कुरा गर्दा छिट्टै अगाडि बढिन्छ त्यो कुरालाई ध्यानमा नराखी तपाईंले आफ्नो भाषालाई अगाडि बढाउने मूर्खता गर्नुभयो, त्यसैका लागि तपाईंलाई महामूर्ख घोषित गरिएको हो ।

**राष्ट्रियसभा सदस्य तथा राजपाको वरिष्ठ उपाध्यक्षजस्तो पदमा हुनुहुन्छ । महामूर्ख घोषित भएपछि राजनैतिक यात्रासँगै नयाँ यात्रालाई कसरी अगाडि बढाउनुहुन्छ ?**

महामूर्खको उपाधि प्रदान गरिएपछि त्यसबाट मलाई ऊर्जा प्राप्त भएको छ । मैले त्यहाँ पनि भनेको थिएँ र अरूतिर पनि भन्दै आएको छु, म सबै भाषालाई समान रूपमा सम्मान गर्छु । जहाँसम्म मैथिलीको कुरा छ, यो मेरो मातृभाषा भएकाले त्यसको स्थान अलिकति विशेष छ, यसमा कुनै शंका छैन, म मैथिलीका निम्ति काम गर्छु । त्यसको अर्थ म अरू कुनै भाषाप्रति द्वेष राख्ने मानिस होइन । म भाषालाई अभिव्यक्तिको माध्यम मान्छु । मैले सानैमा मैथिली, नेपाली र हिन्दी तीनवटै भाषा एकैपटक सिक्ने अवसर पाएँ ।

**तपाईंलाई महामूर्खको पदवी त दिइयो, वास्तविक जीवनमा महामूर्ख बन्ने अवसर प्राप्त भएको छ कि छैन ?**

मलाई लाग्छ, म महामूर्ख त हुँदै हो । मूर्खको परिभाषा के ? यसको दुई-तीन किसिमले परिभाषा हुन सक्छ । मूर्ख मानिसहरू निष्प्रिय हुन्छन्, हर्ष र बिस्मातसँग उसलाई खासै मतलब हुँदैन । उसले हरेक कुरालाई एउटै किसिमले लिएको हुन्छ ।

**तपाईं सामाजिक महामूर्ख त घोषित हुनुभयो, नेपालमा साँच्चकै महामूर्ख नेता कसलाई मान्नुहुन्छ ?**

यो कुरा भन्न निकै गाह्रो छ । किनभने, मेरो मूर्खको परिभाषा निष्प्रियता, स्वार्थभन्दा टाढा, हर्ष र बिस्मातबाट अलग व्यक्ति हो । मलाई लाग्छ, नेपालले अहिले तटस्थ र नेपालका बारेमा सोचिदिने, सबै समुदायलाई समेटेर अघि बढाउन सक्ने, सबैलाई अपनत्वबोध बोध गराउने नेतै पाएको छैन, त्यसकारण अहिले नेपालमा महामूर्खको खोजी नै गर्नुपर्छ ।

**भनेपछि नेपालको इतिहासमै महामूर्ख भन्नलायक नेता जन्मिएनन् ?**

मेरो परिभाषाअनुसार बीपी कोइरालालाई मात्र महामूर्खको उपाधि दिन सकिन्छ ।

**बीपीलाई महामूर्ख भन्नुपर्ने कारण ?**

उहाँले निःस्वार्थ कष्टकर जीवन बिताउँदै आफ्ना लागि केही पनि नसोची जनता र देशका लागि काम गर्नुभयो । उहाँले हरेक दिशामा आर्थिक, सामाजिक मामिलामा नयाँ सोचलाई अघि बढाउनुभयो । नेपालको साहित्यमा पनि ठूलो योगदान दिनुभयो । उहाँले कुनै किसिमको स्वार्थ राख्नुभएन, हामीले उहाँका जे-जति कुरा सुनेका र बुझेका छौं, त्यसकारण उहाँ महामूर्खका लागि योग्य हुनुहुन्छ । उहाँले सारा परम्परा कायम गर्दै मुलुकलाई लोकतन्त्र, विकास र समाजवादतर्फ अग्रसर गराउनुभयो । त्यसपछि गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारीलाई पटमूर्ख भन्न सकिन्छ । उहाँहरूले पनि जीवनभर संघर्ष गर्नुभयो । कहिल्यै आफ्नो स्वार्थबाट प्रेरित हुनुभएन ।

**तपाईंको विचारमा आइडल महामूर्ख कस्तो होला ?**

निःस्वार्थी अनि निष्प्रिय हुनुपर्छ । सामाजिक रूपमा जात-पात, धर्म-भाषा आदिजस्ता राग-अनुराग सबैबाट अलग आफ्नो एउटा दृष्टिकोण हुनुपर्छ । राजनीतिक रूपमा समान अधिकार, सबैलाई समानता प्रदान गर्न सक्ने हुनुपर्छ ।

**राजनीतिमा मुर्खताको हद कतिसम्म स्वीकार्य हुन्छ ?**

मूर्ख शब्दलाई हामी कुन अर्थमा परिभाषित गर्छौं, त्यसमा निर्भर रहन्छ । राजनीति अहिलेको समाजको महत्वपूर्ण पाटो हो । विश्वका हरेक कुरा यसैको सेरोफेरोमा घुम्छ । सकारात्मक रूपमा हेर्ने हो भने राजनीतिमा नियन्त्रण र निर्णय गर्ने ठाउँमा पुगेर आफ्नो निर्णय सबैको साझा बनाउन सक्नु ठूलो क्षमता हो । सकारात्मक रूपमा हेर्दा राजनीतिका लागि महामूर्ख भनेकै यही हो । नकारात्मक रूपमा हेर्ने हो भने यसको प्रतिकूलतामा सोच्ने कोही छन् भने त्यसले हानि पुऱ्याउँछ, त्यो नकारात्मक कुरा हो ।

**पर्वका अवसरमा महामूर्ख हुनु राम्रो कि राजनैतिक रूपमा महामूर्ख हुनु राम्रो ?**

पर्वमा महामूर्ख घोषित हुनु भनेको तिमी जुन बाटोमा हिँडिरहेका छौं त्योभन्दा अझ राम्रो गर भन्ने हो । त्यो एउटा ऊर्जा र प्रोत्साहन हो ।

**महामूर्खको कार्यकाललाई अझ गरिमामय बनाउने योजना के-के छन् ?**

म नेपालका सबै जनता एकजुट भएर देश विकासमा लाग्नुपर्छ भन्ने कुरामा जोड दिन्छु । हामी सबै नेपाली बराबर हौं । हामी कोहीभन्दा कोही कम छैनौं भन्ने कुरालाई सबैमा पुऱ्याउनुपर्छ । राजकाजसम्बन्धी कुरामा सबैको समान सहभागिता होस् भन्ने कुरामा मेरो मन लागिरहन्छ । मेरो आवाज देशमा योग्यताअनुसार बिना भेदभाव सबैले अवसर पाउन् भन्ने कुरामै बुलन्द हुनेछ ।



### अब आउने नयाँ कार

# अटोमोबाइलमा नयाँ प्रविधि




गत फेब्रुअरी ९ देखि १४ तारिखसम्म भारतको दिल्लीमा सम्पन्न अटो एक्स्पो-२०१८ मा ६ लाख ५ हजार १ सय ७५ अवलोकनकर्ता उपस्थित थिए । सधैं झैं यो वर्ष पनि अटो एक्स्पोलाई दुई भागमा विभाजन गरिएको थियो । ग्रेटर नोयडाको इन्डिया एक्स्पो मार्टमा मोटर शो अर्थात् नयाँ कार तथा मोटरसाइकलहरु प्रदर्शित थिए भने नयाँ दिल्लीस्थित प्रगति मैदानमा अटो पार्ट्स तथा कम्पोनेन्टको प्रदर्शनी भएको थियो । नेपाली बजारमा भारतीय कार तथा मोटरसाइकल कै वचर्श्व रहेको सन्दर्भमा उक्त एक्स्पो नेपालीहरुको पनि चासोमा रहयो किन भने यही मेलामा सार्वजनिक भएका सवारी साधन ढिलो-चाँडो नेपाल आइपुग्ने छन् ।

एकराज सुवेदी

## चर्चित कार

अटो एक्स्पो-२०१८ मा भारतका साथै संसारका विभिन्न देशका कार निर्माता कम्पनीको सहभागिता थियो । एक्सपोमा मारुती सुजुकी, होन्डा, हुन्डाई, टाटा, महिन्द्रा, बीएमडब्ल्यू र मर्सिडिजका साथै अन्य विभिन्न कम्पनीले आफ्ना ह्याचब्याक, सेडान, एसयुभी एवं कन्सेप्ट कार सार्वजनिक गरेका थिए ।

भारतीय गाडी निर्माता कम्पनी टाटा मोटर्सले 'स्मार्ट मोबिलिटी-स्मार्ट सिटी' थिममा आफ्ना सवारी साधन प्रदर्शनीमा उतारेको थियो । टाटाले ५ वटा इलेक्ट्रिक कार तथा १ वटा इलेक्ट्रिक बस प्रदर्शनीमा राखेको थियो । उक्त अवसरमा मारुती सुजुकीले पनि आफ्नो आगामी इलेक्ट्रिक कारको कन्सेप्ट सार्वजनिक गर्‍यो । कम्पनीले एसयुभी कन्सेप्टमा हाइब्रिड र इलेक्ट्रिक दुवै किसिमका कारलाई प्राथमिकतामा राखेको देखिन्छ ।

'क्लिन, कनेक्टेड एण्ड कन्भेनियन्ट' थिमसहित महिन्द्राले भविष्यमा आउने आफ्ना कारको कन्सेप्ट प्रदर्शनीमा देखायो । महिन्द्रा सहरी क्षेत्रलाई उपयुक्त हुने एटम नामक विद्युतीय कार सार्वजनिक गर्‍यो भने १ वटा बस तथा ३ वटा नयाँ कारको कन्सेप्ट पनि सार्वजनिक गरेको थियो । महिन्द्राले केयुभी ३०० को इलेक्ट्रिक भर्सन सार्वजनिक गर्‍यो भने होन्डाले आफ्नो हाइब्रिड कार 'क्यारिटी' लाई प्रदर्शनीमा राखेको थियो । टोयोटाले 'प्रियस' हाइब्रिड कार तथा अन्य ७ वटा मोडलका इलेक्ट्रिक कारको कन्सेप्ट सार्वजनिक गर्‍यो । विश्वकै ठूलो विद्युतीय कार निर्माता बन्ने होडमा रहेको कियाले सन् २०२५ सम्ममा २५ वटा नयाँ मोडलका कार उत्पादन गर्ने लक्ष्यलाई एक्स्पोमा सार्वजनिक गरेको थियो ।

हुण्डाई र रेनोले समेत इलेक्ट्रिक भेइकलको कन्सेप्ट सार्वजनिक गरे । मर्सिडिज, बीएमडब्लूजस्ता ब्रान्डले समेत हाइब्रिड तथा इलेक्ट्रिक कारलाई प्राथमिकतामा राख्दै आफ्ना आगामी उत्पादनको कन्सेप्ट सार्वजनिक गरेका थिए । अटो एक्स्पोको सुरुवात नै मारुती फ्युचर एस कन्सेप्टको प्रदर्शनबाट गरिएको थियो । फ्युचर एस मारुती सुजुकीको कन्सेप्ट एसयुभी हो, जुन अन्य एसयुभीभन्दा सानो छ तर बोल्ड लुक्स र फिचरका कारण यसले आफ्नो साइजको कमीलाई पूरा गर्छ । यसको एक्स्टेरियर र इन्टेरियर दुवै शानदार छ । यसमा सेतो कलरको बोर्डरका साथ स्लिक एलइडी हेडलाइट छ भने यसको टायर पनि ठूलो छ ।

टोयोटा यारिस कारलाई पनि अटो एक्स्पोमा निकै नै रुचाइएको पाइयो । भारतमा यो कार यही वर्ष बिक्रीका लागि उपलब्ध हुने बताइएको छ । अब टोयोटा यारिसले होन्डाको सिटी, हुन्डाईको भर्ना तथा मारुती सुजुकीको सियाज आदि कारसँग प्रतिस्पर्धा गर्नेछ ।

हुन्डाईले आफ्नो प्रसिद्ध ह्याचब्याक एलिट आई २० को नयाँ भर्सन अटो एक्स्पो-२०१८ मा लन्च गरेको थियो । यसको एक्स्टेरियर र इन्टेरियर दुवैमा परिवर्तन गरिएको छ । यसको सेफ्टी फिचरमा विशेष ध्यान दिदै ड्युअल एयरब्याग र एबीएस उपलब्ध गराइएको छ ।

अटो एक्स्पोमा होन्डा कार्स इन्डियाले आफ्नो नयाँ सबकम्प्याक्ट सेडान भर्सन अमेज प्रदर्शन गरेको थियो । यसको स्टाइलिस लुक्सलाई धेरैले मन पराएको पाइयो । कम्पनीका अनुसार यो कार यही वर्ष भारतीय बजारमा उपलब्ध हुनेछ । सेकेन्ड जेनरेसनको अमेजमा नयाँ बोल्ड डिजाइन, आकर्षक इन्टेरियर, अत्यधिक कार्यकुशल पावरट्रेन, राइड पर्फमेन्स तथा सानदार ड्राइभिङ डाइनामिक आदि विशेषता छन् ।

एचफाइभ एक्स टाटा मोटर्सको कन्सेप्ट एसयुभी हो । यो टाटा मोटर्सको नयाँ इम्प्याक्ट डिजाइन २.० सिद्धान्तमा आधारित छ । टाटाले यो एसयूभीलाई अर्को वर्षको सुरुवातमा बजारमा उतार्ने अनुमान गरिएको छ । अटो एक्सपोमा महिन्द्रा एन्ड महिन्द्राले हाल प्रचलित टीयुभी ३०० मोडलमा आधारित नयाँ र कन्भर्टिबल एसयूभी टीयूभी स्टिंगरको कन्सेप्ट मोडल सार्वजनिक गरेको थियो । चार सिटयुक्त उक्त कन्भर्टिबल एसयुभीमा महिन्द्राले एमहक डिजेल इन्जिन प्रयोग गरेको छ । यसले १४० बीएचपी पावर तथा ३२० एनएम टर्क प्रदान गर्छ । एसयुभी र कन्टभर्टिबल दुवै मोडलमा अब्बल सावित हुन कम्पनीले यस्तो कन्सेप्ट निर्माण गरेको बताएको छ ।

एक्स्पोमा दक्षिण कोरियाली कार निर्माता कम्पनी कियाले एसपी कन्सेप्ट एसयुभी सार्वजनिक गरेको थियो । उक्त कार भारतमा सन् २०१९ को अन्त्यसम्ममा उपलब्ध हुने बताइएको छ । यसको अघिल्लो भागमा रहेको एलइडी फ्रन्ट र पछिल्लो भागको टेल लाइट, स्लोपिङ रुफलाइन र कन्ट्रास्ट रुफका साथमा भएका अन्य फिचर हेर्दा यो भविष्यको उपयुक्त कार भएको अनुमान गर्न गाह्रो पर्दैन ।

लक्जरी कार निर्माताका रूपमा परिचित मर्सिडिज बेन्जले एस सिरिजको लक्जरी कार मेब्याक एस ६५० लाई एक्स्पोमा राखेको थियो । अटो एक्सपोमा रेनोले नयाँ कन्सेप्ट कार 'ट्रेजर' प्रदर्शन गरेको थियो । यसलाई अटो एक्सपोको सर्वाधिक हट कार मानिएको छ । पूरै छत खुल्ने भएकाले यो कारमा सेल्फी लिनेहरू निकै थिए । यसको क्याबिन विशेष प्रकारको छ, जसलाई ज्वेलरी बक्स खोले जसरी खोल्न सकिन्छ । यो जीटी कन्सेप्टको दुई सिटे कार हो । यसलाई सबैभन्दा पहिले सन् २०१६ को पेरिस मोटर शोमा प्रदर्शन गरिएको थियो । यसमा फर्मुला ईमा आधारित ३ सय ५० बीएचपीको मोटर छ, जसले पछिल्लो पांग्रामा पावर पठाउँछ । यसले रेनोको भविष्यको डिजाइन फिलोसोफीलाई समेत प्रदर्शन गरेको बताइएको छ ।

## लोभ लाग्दा बस

दिल्ली अटो एक्स्पोमा विभिन्न कम्पनीले आकर्षक बस प्रदर्शन गरेका थिए । यी बसका बारेमा सुन्दा जो कोही अचम्मित हुन सक्छन् । खासगरी इलेक्ट्रिक बस तथा त्यसमा भएका विभिन्न फिचरका कारण यी बसले धेरैको ध्यान खिचेको बताइन्छ ।

पिनेक्कल स्पेसियालिटी कम्पनीले निर्माण गरेको बस कुनै लक्जरी अपार्टमेन्टको ड्इङ रुम जस्तो लाग्छ । यो बसको नाम फिनेत्जा हो । यसको लम्बाइलाई डेढ मिटरसम्म बढाउन सकिन्छ । त्यसैगरी टाटाको म्याग्ना बस अर्को आकर्षक बस हो । यो बसमा ट्वाइलेट, किचेन, सीसीटिभी, दुईवटा टिभी तथा रिभर्स क्यामेरा छन् । यसका १९ सिट इकोनोमिक तथा १९ सिट बिजनेस क्लासका छन् ।

जेबीएम कम्पनीले ५ मिनेटमै चार्ज हुने इको लाइफ इलेक्ट्रिक बस ल्याएको छ । यो बस फुल चार्जपश्चात् १ सय ५० देखि २ सय किलोमिटरसम्म गुड्न सक्छ । यसको ब्याट्री एकदेखि डेढ घण्टामै फुल चार्ज हुन्छ । बसमा दुईवटा सीसीटिभी क्यामेराका साथै प्रत्येक सिटमा स्टप बटन दिइएको छ ।

अशोक लेल्यान्डले सर्किट एस नामक इलेक्ट्रिक बस उपलब्ध गराएको छ । यसको ब्याट्री चार्ज गर्न कतै रोकिनु पर्दैन । यो बस एक पटक फुल चार्ज गरेपछि ५० किलोमिटरसम्म चल्न सक्छ । ब्याट्रीको चार्ज सकिए पछि इन्टरचेन्ज स्टेसनमा ब्याट्री परिवर्तन गर्न सकिन्छ । यसको ब्याट्री परिवर्तन गर्न एकदेखि दुई मिनेट मात्र लाग्छ ।



केवल एक प्रश्न

# नेपाली चलचित्रको कथा
# किन मजबुत हुन नसकेको होला ?



रिचर्सको कमी, कम समयमा काम सक्नुपर्ने बाध्यता तथा अन्य परिस्थिति । स्क्रिप्ट राइटरको मात्र होइन, मेकर्सको पनि भिजन क्लियर नहुनाले ।

**निशा अधिकारी, अभिनेत्री**

राम्रो सिमेन्ट प्रयोग नहुनाले ।

**निर्मल शर्मा, अभिनेता/निर्देशक**

कथामा भन्दा बढी कलाकारमा फोकस गरिने हुँदा ।

**दुर्गिश नन्दिनी थापा, निर्मात्री**

केही राम्रा कथामा चलचित्र नबनेका होइनन् तर अझै पनि नेपाली चलचित्र लेखनमा व्यवसायिकताको अभावमा नक्कली डाक्टर र नक्कली सर्टिफिकेटका व्यक्तिजस्तै असक्षम चलचित्र लेखकको भीड छ ।

**सरोज प्याकुरेल, संगीतकार**

निर्माताले चलचित्रको कथा नै राम्रो छान्न नजानेर, चलचित्रको कथालाई निर्देशकले पर्दामा उतार्न नसक्दा त्यस्तो देखिएको हो ।

**मिङ्स लामा, गायिका**

हुन त सबैलाई यो विषयमा मुछ्न मिल्दैन तर भन्नै पर्दा भिजन तथा क्रिएटिभीटी भएका मानिसहरूको अभावका कारण चलचित्रको कथा कमजोर हुन्छ ।

**कला सुब्बा, कोरियोग्राफर**

कथाकारले सही कथा अनि चलचित्र निर्माताले सही कथाकार पहिचान गर्न नसकेर ।

**अर्जुन भट्टराई, गीतकार**

नेपाली चलचित्रको कथा विदेशी चलचित्रको कथाबाट लिइने अथवा प्रभावित हुने हुँदा ।

**दीपर्शन जंग राणा, अभिनेता**

सबैले लागेरै ५० देखि ९० लाख रुपैयाँसम्म खर्च गर्ने हो । यो त दर्शकको रुचि एवं स्वादमा भर पर्ने कुरा हो ।

**दिनेश डिसी, निर्देशक**

अध्ययन-अनुसन्धानको कमीले ।

**सुमन कुमार, गायक**

कारण धेरै छन् जस्तै वास्तविक कथा नहुनु, चलचित्रको कथालाई व्यवसायीकीकरण गर्नु, काल्पनिक तथा देखासिकीमा कथा लेखिनुले पनि चलचित्रका कथा मजबुत नभएका हुन् ।

**अम्बिका गुरुङ, गीतकार**

कथा मजबुत भए पनि कलाकार अनि निर्देशकको कमजोरीले गर्दा कथाको मूलमर्म पर्दामा उतारिन सकेको छैन ।

**विनोद सिंह, इभेन्ट मेनेजर**

बढी चिटिङ हुनाले ।

**दमन रुपाखेती, अभिनेता/निर्देशक**

हामीमा विषयको गहन अध्ययन छैन । हामी आफ्नो समाजका ठूला कुरा मात्र हेर्छौं । स-साना विषय उठान गर्ने कार्य कौशलता एवं दक्षता नहुनु अनि अरूको नक्कल गर्ने संस्कारका कारण नेपाली चलचित्रका कथा कच्चा अर्थात् मजबुत नभएका हुन् ।

**धिताल चिरिच्याँट्ट, हास्य कलाकार**

कथा मजबुत हुन्छन् । मजबुत हुन नसकेको पटकथा हो । लेखकको एकलकाँटे सोच, निर्देशकको अल्छीपन, टिममा सहकार्य तथा बजेटको अभावमा पटकथा बिग्रिरहेको छ ।

**जीवन पराजुली, सञ्चारकर्मी**

वास्तविकतालाई नपछ्याइ अरुको नक्कल गर्न खोज्ने परिपाटि छ, त्यसैले ।

**बुनु श्रेष्ठ, गायिका**

कथाजस्तो भए पनि त्यसलाई निर्देशकले उत्कृष्ट तरिकाले निर्देशन गर्न नसकेर ।

**रोहिया महर्जन, कोरियोग्राफर**

जो पनि कथाकार हुने प्रवृत्तिले अनि अर्को कुरा कडा मेहनतको अभाव र कमजोर अध्ययनले गर्दा ।

**रवि आचार्य, अभिनेता**

सबै कमजोर पनि छैनन् । केही त एकदमै राम्रा पनि छन् । यसो भन्दैमा कमजोरी छैन भन्ने होइन । कथा मजबुत हुन नसक्नुमा कथाकारको मात्र होइन, निर्देशक एवं निर्माताको पनि उत्तिकै हात हुन्छ । कथामा मेहनत नै पुगेको देखिँदैन । जोसुकै निर्देशक बन्ने अनि जो कोही निर्माता बन्ने भएकाले कथामा ध्यानै नदिई हतारमा काम गर्छन् । कतिपय निर्देशकलाई राम्रो गर्नेभन्दा पनि निर्माताको आँखामा छारो हाल्दै एक्सन-कट भनेर गोजी भर्न पाए पुग्छ । कतिपयले त यो चलचित्रको जस्तो कथा लेखिदिनुपर्‍यो भनेर हिन्दी चलचित्रको कथा देखाउँछन् । मुख्य कुरा कथाका लागि समय नै दिइँदैन ।

**सुरेश थापा, निर्देशक**

कथा छान्न नजान्ने निर्माता-निर्देशकका कारणले हुनसक्छ ।

**भुवन सुप्तिहाङ राई, गायक**

मैले जति पनि नेपाली चलचित्र हेरेको छु, त्यसमा मलाई कथामा भन्दा पटकथा र टिमवर्क मजबुत नभएको महसुस हुन्छ । नेपालमा निर्देशक तथा कलाकारले गर्दा नै चलचित्रले मार खाएका छन् । कथा भन्ने शैलीमा परिवर्तन अनि अध्ययनका साथै समय निकालेर लेख्ने बानी बसाल्नु पर्छ ।

**श्याम कार्की, गायक**

Study In CANADA
» Affordable Tuition Fee » Credit Transfer
» Scholarship Available Up to 50%
Spouse together can apply
PROGRAM : English/Diploma/Under Graduate/Graduate
World Wide Edu. Inf. Center
Opp. Tri Chandra College, Ghantaghar Mode, Kamaladi, KTM.
Tel: 4-243556, 4-223168, E-mail:worldedu@ntc.net.np

होटल तालिम होटल खुम्जुङ्मा
(नेपाल सरकार र CTEVT बाट मान्यता प्राप्त)
छिटो अनि राम्रोसँग कुक/वेटर/बेकरी/बारमेन/हाउसकिपिङ्ग लगायत सम्पूर्ण होटल तालिममा धमाधम भर्ना लिइँदैछ । विदेश गईहाल्नु पर्नेहरुका लागि विशेष कोर्सको व्यवस्थाका साथै होटल र होस्टलको पनि व्यवस्था छ ।
आफ्नै होटलमा OJT ट्रेनिङ्ग गराईने ।
Hotel Khumjung Pvt. Ltd.
महाराजगञ्ज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व
फोन नं. 4016194, 4016111

## ह्याप्पी बर्थ डे


सुरज श्रेष्ठ
फागुन २६ गते


रियाज सिवाकोटी
फागुन २६ गते


प्रदीप खड्का
फागुन २६ गते


हरि खड्का
फागुन २७ गते


उत्तम यूडी
फागुन २७ गते


रोशन पराजुली
फागुन २८ गते



शुभेच्छा थापा
फागुन २८ गते


राजकुमार बगर
फागुन २८ गते


मरिचमान श्रेष्ठ
फागुन २८ गते


नेत्र गुरुङ
फागुन २९ गते


जीवन दाहाल
फागुन २९ गते


रमेश उप्रेती
फागुन ३० गते


सुरज आरडी
फागुन ३० गते


विराज भट्ट
फागुन ३० गते


नविन भट्टराई
फागुन ३० गते


यमन श्रेष्ठ
फागुन ३० गते


चन्द्रकान्त पौडेल
चैत १ गते


शम्भुजीत बास्कोटा
चैत १ गते

## प्रश्नोत्तर

# दोहोरी ब्याटल नयाँ स्वरूपमा आउनेछ

**‘दोहोरी ब्याटल...’ गीतको विवाद के हो ?**

वास्तवमा दोहोरी ब्याटलको विवाद केही पनि होइन । सामाजिक सञ्जालमा अनावश्यक टीका-टिप्पणी हुन थालेपछि हामीले यसलाई युट्युबबाट हटाएका हौं ।

**युट्युबबाटै गीत हटाउनु पर्ने खास कारण के पर्‍यो ?**

म र गायिका प्रीति आलेको स्वरको उक्त दोहोरी ब्याटल केही अग्रज तथा सांगीतिक क्षेत्रका अभिभावकहरूको सल्लाहलाई मनन गर्दै हटाएका हौं । भिडियोमा देखाइएको केही दृश्यप्रति त मैले आफैं पनि असहज महसुस गरें । यद्यपि समग्र गीतप्रति असहमत छैन ।

**४३ देखि २ नम्बरसम्म पुग्न सफल भएको भिडियो डिटिल गर्दा पीडा भएन ?**

मैले यो भिडियो डिलिट गर्दा यूट्युब ट्रेन्डिङको नम्बर ५ मा थियो । ९ लाखभन्दा धेरै पटक हेरिएको तथा श्रोतामाझ लोकप्रिय भैरहेको भिडियोलाई आफैंले हटाउन पनि ठूलै हिम्मत चाहिने रहेछ । यद्यपि मैले हिम्मत गरेर त्यो भिडियो हटाएँ ।

**रेकर्डिङदेखि छायांकनसम्म खर्च पनि टन्नै भएको थियो होला नि ?**

त्यसको त लेखाजोखै छैन । रेकर्डिङदेखि पोखरा गएर छायांकन गर्दासम्म, यसको सिर्जनादेखि भिडियो निर्देशनसम्म मैले कति पैसा र समय लगानी गरेको छु भन्ने कुरा भगवानलाई मात्र थाहा छ । गायिका प्रिती आले (दिदी) ले गर्नुभएको निशुल्क सहयोगको त हिसाब नै छुट्टै ।

**गीत र भिडियोमार्फत के देखाउन चाहनुभएको थियो ?**

हाम्रो समाजको एउटा पाटो अथवा शैली यस्तो पनि छ है भन्ने देखाउन खोजेको थिएँ । मसँग धेरै पैसा भएको भए चलचित्र नै बनाउँथे, पैसा नभएकाले म्युजिक भिडियो बनाएको हुँ । मैले ध्यानमा बसेर वा अलौकिक शक्ति प्राप्त गरेर यो गीत बनाएको होइन । हाम्रै वरिपरिको परिवेशलाई चित्रण गरेको हुँ । यो गीत सही हो कि गलत भन्ने विषयमा मसंग प्रशस्त जवाफ छ ।

**अब पुनः यो भिडियो हेर्न पाइएला कि नपाइएला ?**

मौलिकता र आधुनिकताको मझधारमा अल्झिएका गीतहरूलाई संरक्षण गर्नु पर्छ भन्ने मेरो भनाइ हो । केही समयको अन्तरालमा भिडियो सेन्सर गरेर पुनः अपलोड गर्ने तयारी गरेको छु ।



● प्रकाश सपूत, गायक

## मेरो रोजाइ



### गायक बाबू बोगटीलाई मनपर्ने पाँच गीत

| गीत | गायक |
|---|---|
| म मरे पनि मलाई | नारायण गोपाल |
| ऋतुहरूमा तिमी | अरूण थापा |
| जहाँ छन् बुद्धका | भक्तराज आचार्य |
| लोलाएका ती ठूला | गुलाम अली |
| म तिम्रो सहर | प्रदीपराज पाण्डेय |

## पहिलो हिट



● अर्जुन पोखरेल, संगीतकार

एउटा सर्जकका लागि आफ्नो सिर्जना लोकप्रिय अर्थात हिट हुनुले ठूलो अर्थ राख्छ । जब हामीले गरेको सिर्जना हिट हुन्छ, तब मात्र हामी सन्तुष्ट हुन्छौं । सांगीतिक क्षेत्रमा प्रवेश गरेलगत्तै म पनि हिटको खोजीमा थिएँ । यद्यपि त्यसका लागि मैले केही समय प्रतिक्षा गर्नुपर्‍यो । हुन त २०६६ सालमै प्रदर्शन भएको चलचित्र दिलमायाको ‘छुट्छ कि साथ...’ गीतबाट मलाई श्रोताहरूले चिन्न थाल्नुभएको थियो । त्यसपछि प्रदर्शन भएको चलचित्र ‘बिन्दास’ को ‘बाटो मोडेर गयौ...’ गीतले मलाई थप उचाइ प्रदान गर्‍यो । यद्यपि आफ्नो पहिलो हिटका रूपमा मैले चलचित्र ‘बिन्दास-२’ को ‘सुन्छु तिमीले मलाई भुल्दै आँटेको छौ रे’लाई लिएको छु । यो गीत महिला (दुर्गा खरेल) तथा पुरुष (शिव परियार) गरी दुई भर्सनमा रेकर्ड भएको थियो । राम अविरलको शब्दको उक्त गीतको पुरुष स्वर चलचित्रमा अत्यधिक रुचाइयो भने महिला स्वरले त्यो बेलाको सिआरबिटीमा कीर्तिमान नै कायम गर्‍यो । वर्ष २०६९ सालमा सार्वजनिक भएको उक्त गीतले त्यो वर्ष वितरण भएका चारवटा एवार्डमा मलाई सर्वोत्कृष्ट संगीतको एवार्ड समेत जिताएको थियो । त्यति बेला युट्युबको प्रचलन थिएन, यदि भएको भए यो गीत ट्रेन्डिङको पहिलो नम्बरमा पर्ने निश्चित थियो ।

## पहिलो एवार्ड



● देविका केसी, गायिका

सांगीतिक क्षेत्रमा प्रवेश गरेपछि राम्रा-राम्रा गीत गाउने अनि ती गीतबाट प्रोत्साहनस्वरूप पुरस्कार पाउने चाहना हरेक गायक-गायिकामा हुन्छ । ममा पनि त्यस्तो चाहना हुनु स्वभाविक हो । यद्यपि म यो कुरामा कति भाग्यमानी छु भने मैले सांगीतिक यात्राको प्रारम्भमै एवार्ड जित्ने सौभाग्य पाएकी थिएँ । मैले एउटा गायन प्रतियोगितामा भाग लिएर बहुप्रतिभाशाली एवार्ड जितेकी थिएँ । नेपाल सांगीतिक संघले आयोजना गरेको उक्त प्रतियोगितामा जितेको एवार्ड नै मेरो सांगीतिक जीवनको पहिलो एवार्ड थियो । प्रतियोगितामा मैले एउटा रमाइलो दोहोरी गाएकी थिएँ । उक्त प्रतियोगिताका क्रममा मैले अन्य गीत पनि गाएँ । सबै विधाका गीत गाउन सक्ने प्रतिभाका रूपमा मैले उक्त एवार्ड जितेकी थिएँ । त्यसपछि मैले अन्य दोहोरी प्रतियोगितामा पनि प्रथम हुँदै एवार्डहरू जितेकी छु । यो वर्ष भने मैले ओएस म्युजिक एवार्डमा उत्ताउली मोरी गीतबाट एवार्ड जितेकी छु ।

## म्यूजिक डायरी

### गायकको विवाह

सांगीतिक समूह ब्याक हकका गायक सावनदेव श्रेष्ठ वैवाहिक जीवनमा बाँधिएका छन् । गायक श्रेष्ठले सनम शाक्यसँग परम्परागत शैलीमा विवाह गरेका हुन् । गत मंगलबार विवाह बन्धनमा बाँधिएका गायक श्रेष्ठले आज शुक्रबार आफ्ना नजिकका साथीभाइ तथा संगीतकर्मीहरूलाई प्रितिभोज ख्वाउँदै छन् ।

### जन्मथलोमा उदित

गायक उदित नारायण झा झन्डै दुई दशकपछि आफ्नो जन्मथलो सप्तरीको भारदह पुगेका छन् । होलीको अवसर पारेर उनी मुम्बईबाट गाउँ फर्किएका हुन् । अघिल्लो मंगलबार भारदह पुगेका तीन दिन कुनै विशेष काम नभै रिफ्रेस हुन पैतृक गाउँ आएको बताएका थिए । गाउँमा दश दिन बिताएर उनी पुनः मुम्बई फर्किएका छन् ।

### अस्तित्व सार्वजनिक

गायक सञ्जिव कुमार पौडेलले गाएका एकल गीतहरुको एल्बम ‘अस्तित्व’ काठमाडौंमा सार्वजनिक गरिएको छ । एल्बमका गीतमा रेखा पौडेलका एकल संगीत सुन्न सकिन्छ, जसमा नारायण कँडेलका एकल शब्दहरु छन् ।

### नारायणको भिडियो

भिडियो जक्की नारायण कडरिया गायकका रूपमा प्रस्तुत भएको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । कडरियाले आफ्नै शब्द, संगीत तथा स्वरको ‘जाम पारी पारी’ शीर्षकको गीतको भिडियो सार्वजनिक गरेका छन्, जसमा केकी अधिकारी तथा गायक कडरियाले नै अभिनय गरेका छन् । उक्त भिडियोको निर्देशन नविनबाबु गुरुङले गरेका हुन् ।

### मदनको हेलिकप्टर

गायक मदन गोपालले हेलिकप्टर..शीर्षकको गीतको म्युजिक भिडियो सार्वजनिक गरेका छन् । केशव अधिकारीको शब्द तथा संगीतको उक्त भिडियोको निर्देशन प्रशान्त तामाङले गरेका हुन् । गीतमा पाकिस्तानी संगीतकर्मी इमाद रहमानको संगीत संयोजन छ ।

### मुखौटा सार्वजनिक

गीतकार मनिष वशिष्टका शब्द, कल्याण सिंहको संगीत तथा सनूप पौडेल र कल्याण सिंहको स्वरको ‘मुखौटा....’ शीर्षकको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । निकेश खड्काद्वारा निर्देशित उक्त भिडियोमा विवेक सिंह ठकुरी, बृन्दा कठायत, गौरव जंग राणा, प्रशन्न, सुवास तामाङ आदिले अभिनय गरेका छन् ।



**डाक्टरको तिम्रो आँखा :** अर्थोपेडिक सर्जन तथा गायक विक्रान्त मेहताको स्वरको नयाँ गीत 'तिम्रो आँखा मेरो आँखा' को म्युजिक भिडियो सार्वजनिक भएको छ । वसन्त सापकोटाको संगीत तथा नारायण खनालको शब्दको उक्त भिडियोलाई अर्जुन अधिकारीले निर्देशन गरेका हुन्, जसमा प्रियंका कार्कीले गायक मेहतासँग रोमान्स गरेकी छिन् ।

## फिल्मी डायरी




पञ्चायतका कलाकार : चैत २ गतेदेखि प्रदर्शन हुने चलचित्र 'पञ्चायत'ले भरतपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा सहभागिता जनाउँदै निर्देशक शिवम अधिकारी, अभिनेता सरोज खनाल, अभिनेत्री निता ढुंगानासहितका कलाकारहरु ।

### स्थगित भयो द ब्याङ टुर

बलिउड सुपरस्टार सलमान खानको उपस्थितिमा हुने भनिएको द ब्याङ टुर स्थगित भएको छ । आयोजक संस्था ओडिसी इन्टरटेन्मेन्टले उक्त कार्यक्रम निर्धारित मितिमा नहुने बताएको हो । भोलि शनिबार काठमाडौंको टुँडिखेलमा हुने भनिएको उक्त कार्यक्रम केही समयपछि आयोजना गरिने आयोजक संस्थाको भनाइ छ । केही दिनअघि विप्लव माओवादीले उक्त कार्यक्रम हुन नदिने चेतावनी दिएको थियो । सलमान खानले उक्त चेतावनीलाई कारण देखाएर सामाजिक सञ्जालमा सन्देश लेख्दै कार्यक्रम स्थगित हुनुको मुख्य कारण भएको बताइन्छ । उक्त कार्यक्रममा सलमानसँगै बलिउडका लोकप्रिय अनुहारहरू सोनाक्षी सिन्हा, कृति सेन, प्रभु देवा, डेजी शाह, मिट ब्रदर्स तथा मनिष पालको भने प्रस्तुति रहने बताइएको थियो ।

### निर्देशकको कविता संग्रह

चलचित्र निर्देशक दयाराम दाहाल औपचारिक रूपमा कविसमेत भएका छन् । उनले रचना गरेका कविताहरूको संग्रह 'शब्द-संग्राम' अघिल्लो साता काठमाडौंमा लोकार्पण गरिएको थियो । यसअघि उनले आफूले निर्देशन गर्ने चलचित्रका कथा तथा गीतहरू रचना गर्दै आएका थिए । १ सय ५० पृष्ठको उक्त संग्रहलाई डिकुरा पब्लिकेशनले प्रकाशन गरेको हो । यो कविता संग्रहको मूल्य २ सय ५० रुपैयाँ छ ।

### शत्रु गतेको टुर

चैत ९ गतेदेखि प्रदर्शनमा आउने चलचित्र शत्रु गते प्रचार-प्रसारका लागि देश दौडाहामा निस्किएको छ । मह शत्रु गते यात्रा-२०७४ शीर्षक राखिएको उक्त अभियानका क्रममा मोफसलका दर्शक तथा सञ्चारकर्मीसँग भेटघाट गरिने बताइएको छ । उक्त यात्रामा हरिवंश आचार्य, किरण केसी, शिवहरि पौडेल, पल शाह, आँचल शर्मा तथा जुनु रिजाल काफ्ले सहभागी छन् । बुधबार हेटौंडाबाट प्रारम्भ भएको यात्रा नारायणगढ, बुटबल, पोखरा, बिर्तामोड, दमक तथा फागुन ३० गते इटहरीमा पुगेर सम्पन्न हुनेछ । अघिल्लो साता यो चलचित्रको ट्रेलर सार्वजनिक गरिएको थियो ।

### पुराना चलचित्रको संरक्षण

चलचित्र विकास बोर्डले पुराना नेपाली चलचित्रहरूको संरक्षण गर्ने उद्देश्यले चलचित्रको डिजिटाइजेसन तथा रि-स्टोरेसन कार्य थालेको छ । बोर्डले पहिलो नेपाली चलचित्र आमासहित १२ वटा चलचित्रलाई डिजिटल प्रणालीमा सुरक्षित राख्न लागेको हो । रिल प्रविधिबाट निर्माण भएका चलचित्रको संरक्षण गर्ने उद्देश्यले ती चलचित्रलाई डिजिटल प्रविधिमा रूपान्तर गर्ने कार्यको थालनी भैसकेको बोर्डले जनाएको छ । बोर्डको वार्षिकोत्सवको अवसर पारेर ५० वर्ष पूरा भएका पुराना चलचित्रलाई चलचित्र महोत्सव नै आयोजना गरि प्रदर्शन गर्ने लक्ष्य समेत छ ।

### जेल गए खड्गी

चलचित्रका द्वन्द्व निर्देशक तथा कलाकार राजेन्द्र खड्गीलाई जेल चलान गरिएको छ । जिल्ला अदालत काठमाडौंका न्यायाधीश टेकनारायण पौडेलको इजलासले खड्गीलाई पुर्पक्षका लागि जेल चलान गर्ने आदेश दिएको हो । उनलाई अहिले सुन्धारास्थित केन्द्रीय कारागारमा राखिएको छ । कराते गुरुको वृत्तचित्र बनाउने भन्दै कोरिया पुगेका १२ जना नेपाली उतै हराएपछि काठमाडौंस्थित कोरियन दूतावासको उजुरीका आधारमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले खड्गीलाई ठमेलबाट पकाउ गरेको थियो । प्रहरी हिरासतमा रहेका बेला खड्गीले आफ्नो गल्ती स्विकार गरेका थिए । खड्गीले अन्य कलाकारहरूले त्यस्तै काम गरेको देखेर आफूले पनि गरेको बताएका छन् ।

### इन्काउन्टर गल्ली

चलचित्र इन्काउन्टर गल्ली प्रदर्शनका लागि तयार छ । चैत २ अर्थात् अर्को शुक्रबार प्रदर्शनमा आउने एनआर घिमिरेद्वारा निर्देशित यो चलचित्रमा गजित विष्ट, नवराज राउत, श्वेता खड्का, राजन चौलागाईं, ध्रुव कोइराला आदि कलाकारले अभिनय गरेका छन् ।

## सानो पर्दा

### फर्किए कलाकार

भारतको पुनेस्थित फिल्म एन्ड टेलिभिजन इन्स्टिच्युट अफ इन्डिया (एफटीआईआई) ले प्रदान गरेको २० दिने स्क्रिन एक्टिङ कोर्स पूरा गरी २० जना नेपाली कलाकार स्वदेश फर्किएका छन् । भारतीय दूतावास तथा एफटीआईआईले पहिलो पटक आफ्नो देशभन्दा बाहिरका कलाकारलाई यस्तो प्रशिक्षण प्रदान गरेको हो । प्रशिक्षणमा चलचित्र तथा टेलिश्रृंखलाहरूमा काम गरिरहेका कलाकारहरू सहभागी भएका थिए । पूर्वमिस नेपाल तथा अभिनेत्री मलिना जोशी, भिजे तथा अभिनेत्री आस्मा डिसी, अभिनेता संयम पुरी, हास्य कलाकार गोपाल ढकाल छन्दे, अभिनेता यशराज गराज, रोहित रुम्बा, सञ्जित भण्डारी आदि कलाकार उक्त प्रशिक्षणमा सहभागी थिए । प्रशिक्षणको समापन समारोहमा बलिउड निर्देशक सुवास घईले सहभागी कलाकारहरूलाई प्रमाणपत्र प्रदान गरेका थिए ।



### नेपाल आइडलको अडिसन

गायनमा आधारित रियालिटी शो नेपाल आइडलको दोस्रो संस्करणको आवेदन खुला भएको छ । नेपाल आइडलको फेसबुक पेजमार्फत अडिसनका लागि आवेदन खुला गरिएको हो । प्रतियोगिताको अडिसनमा सहभागिता जनाउन काठमाडौंसहित हेटौंडा, पोखरा, धरान, धनगढी तथा भैरहवामा आवेदन फारम भर्न सकिनेछ । चैत ६ गते भैरहवाबाट प्रारम्भ हुने अडिसन चैत ११ गते धनगढी, वैशाख ३ गते हेटौंडा, वैशाख ८ गते धरान तथा वैशाख १४ गते पोखरामा सञ्चालन हुनेछ । काठमाडौं अडिसनको मिति भने तोकिएको छैन । दोस्रो संस्करणको नेपाल आइडलको निर्देशन सुरेश पौडेलले गर्ने बताइएको छ । नेपाल आइडलको दास्रो संस्करणका निर्णायकका बारेमा भने कुनै जानकारी गराइएको छैन ।

### बुगीबुगी

ओप्पोले नयाँ डान्स रियालिटी टिभी शो 'ओप्पो बुगीवुगी' लाई प्रायोजन गर्ने भएको छ । यो डान्स रियालिटी शोले नेपाली प्रतिभालाई आफ्नो नृत्य कला प्रदर्शन गर्दै लोकप्रियता कमाउने अवसर प्रदान गर्नेछ । यो रियालिटी शोमा हजारौं उत्साहित प्रतिस्पर्धीले सहभागिताका लागि आवेदन दिएका छन् भने तीमध्येबाट भाग्यशाली १८ जना प्रतियोगीले कार्यक्रममा सहभागिताको अवसर पाउने बताइएको छ ।

### कान्तिपुर आइडल

सनराज इन्टरटेन्मेन्टद्वारा आयोजित 'कान्तिपुर आइडल' खुला गायन तथा नृत्य प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ । लगभग १ हजार प्रतिस्पर्धीलाई पछाडि पार्दै अहिले केही प्रतिस्पर्धी फाइनलमा प्रवेश गरेका छन्, जसमा गायनतर्फ अभिषेक पोखरेल, राजेश गहतराज, समीर खरेल, उपेन्द्र सहयात्री राई तथा रञ्जन सोताङ्ग राई छन् भने नृत्यतर्फ आर्या सुवेदी, सलोनी मल्ल, दिलीप तामाङ, कविता राई तथा गणेश श्रेष्ठ छन् । गत भदौ ३१ गते प्रारम्भ भएको यो कार्यक्रम हरेक साता माउन्टेन टेलिभिजनबाट प्रसारण हुँदै आएको छ । प्रतिस्पर्धामा गायनतर्फको निर्णायकमा आनन्द कार्की र राज सिग्देल छन् भने नृत्यतर्फको निर्णायक राजेन्द्र कमल राई हुन् । यो प्रतिस्पर्धाको फाइनल चैत ६ गते रष्ट्रिड नाचघर जमलमा हुने बताइएको छ ।

## विमोचन/पोस्टर



### डामाडोलको घोषणा

चलचित्र दुई रुपैयाँको व्यवसायिक सफलतापछि आसिफ शाह तथा निश्चल बस्नेतले 'डामाडोल' शीर्षकको चलचित्र निर्माण गर्ने घोषणा गरेका छन् । वैशाख १५ गतेदेखि छायांकनमा जाने उक्त चलचित्रको निर्देशन असिम शाहले गर्ने छन् भने चलचित्रमा निश्चल तथा आफिसको मुख्य भूमिका रहने छ ।

### भोरको पोस्टर

चलचित्र झोलाको निर्देशन गरेर चर्चामा आएका यादवकुमार भट्टराईद्वारा निर्देशित दोस्रो चलचित्र 'भोर' को पोस्टर सार्वजनिक भएको छ । मधेशमा व्याप्त दाइजो प्रथामा आधारित यो चलचित्र वैशाख २१ गतेदेखि प्रदर्शनमा आउनेछ । चलचित्र भोरमा रामनारायण ठाकुर, अनिता रानी मण्डल, राजेश सक्सेना, बिएन पटेल, डली सरकार, प्रमेश झा, बटुकराज मिश्र, अनिता देव, पूजा कर्ण आदि कलाकारले अभिनय गरेका छन् ।

### लिलिबिलीको ट्रेलर

मिलन चाम्सद्वारा निर्देशित चलचित्र ' लिलिबिली' को ट्रेलर सार्वजनिक भएको छ । चैत ३० गते प्रदर्शनमा आउने यो चलचित्रको ट्रेलरमा चलचित्रको प्रमुख कलाकारहरू प्रदीप खड्का, जसिता गुरुङ, अनुप विक्रम शाही तथा प्रियंका कार्कीलाई प्रस्तुत गरिएको छ ।

### हिरोजको ट्रेलर

चैत २३ गतेदेखि प्रदर्शनमा आउने चलचित्र हिरोजको ट्रेलर सार्वजनिक भएको छ । एनबी महर्जनद्वारा निर्देशित चलचित्र हिरोजमा करिश्मा मानन्धर, मुकेश ढकाल, जयकिशन बस्नेत, पूर्णिमा लामा, संजोग राणा, दिलकृष्ण श्रेष्ठ, सहिन प्रजापति, दिनेश डिसी आदि कलाकारले अभिनय गरेका छन् ।

बलिउड

# दुई असफलतापछि



सन् २०१४ मा प्रदर्शन भएको चलचित्र हीरोपन्थी तथा २०१६ मा प्रदर्शनमा आएको बागी जस्ता सफल चलचित्र दिने अभिनेता टाइगर श्राफलाई ए फ्लाइङ जट तथा मुन्ना माइकलको असफलताले निराश बनायो । एक पछि अर्को गर्दै आफ्ना दुई चलचित्र फ्लप भएपछि यी अभिनेता त्यस्तो चलचित्रको खोजिमा थिए, जसले कम्तीमा १ सय करोड रुपैयाँको व्यवसाय गरोस् । एउटा रमाइलो कुरा चाहिँ के भने ती दुई चलचित्र असफल भए पनि टाइगरलाई असफल मानिएन । टाइगरलाई मन पराउनेहरू आज पनि उत्तिकै छन्, अथवा अझ बढेका छन् । ती दुई चलचित्र नै यति खराब थिए, टाइगरको स्थानमा अरू कुनै सुपरस्टार भए पनि असफल नै हुन्थे । टाइगरको गल्ती के मात्र थियो भने उनले गलत चलचित्र छनोट गरेका थिए, जसको परिणाम उनैले भोग्नु पर्‍यो । यसबीच उनको असफलताको श्रृंखला अब भने रोकिने सम्भावना छ । एक महिनापछि अर्थात ३० मार्चका दिन प्रदर्शनमा आउने चलचित्र बागी–२ मार्फत उनी पुनः सफल हुने अनुमान गरिएको छ । चलचित्रको हालै सार्वजनिक ट्रेलर सुपरहिट भैसकेको छ । ट्रेलरमा प्रस्तुत भएका टाइगरले सबैको मन जितेका छन् । चलचित्रको एक्सनका साथै टाइगरको गेटअपले समेत प्रशंसा पाएको छ । कतिपयले यो चलचित्र सफल मात्र होइन सय करोड क्बलमा समेत सहजै प्रवेश गर्ने अनुमान गरेका छन् ।



# रानीको पुनरागमन

अभिनेत्रि रानी मुखर्जी लामो समयपछि चलचित्र 'हिचकी' मार्फत दर्शकमाझ आउन लागेकी छिन् । उक्त चलचित्रमा रानीले एउटी बिरामी शिक्षिकाको भूमिका निर्वाह गरेकी छिन् । चलचित्र हिचकीमा बालबालिकाको संसार परिवर्तन गर्न गरिएको संघर्षलाई प्रस्तुत गरिएको छ । यसअघि सन् २०१४ मा रानीले अभिनय गरेको चलचित्र 'मर्दानी' प्रदर्शनमा आएको थियो । उक्त चलचित्रलाई समीक्षकहरूले समेत मन पराएका थिए । त्यसो त मर्दानीको सिक्वेल पनि निर्माण हुने चर्चा छ । यद्यपि रानीले उक्त चलचित्रमा अभिनय गर्ने निर्णय भने गरिसकेकी छैनन् । उनले यतिबेला आफ्नो सम्पुर्ण ध्यान चैत ९ गते प्रदर्शनमा आउने चलचित्र 'हिचकी' मा केन्द्रित रहेको बताएकी छिन् ।



# अभिषेकको उत्साह

आज पनि अमिताभ बच्चनको क्रेजमा कुनै आएको छैन । यद्यपि तिनै बुवाका छोरा अभिषेक बच्चन भने सन् २०१६ मा प्रदर्शन भएको चलचित्र हाउसफुल-३ पछि कुनै पनि चलचित्रमा देखिएका छैनन् । यसबीच अभिषेकका प्रशंसकहरूका लागि एउटा खुसीको खबर छ । करिब दुई वर्षपछि अभिषेक चलचित्र 'मनमर्जियाँ' मार्फत दर्शकमाझ आउने भएका छन् । उक्त चलचित्रको छायांकन प्रारम्भ भैसकेको छ । अभिषेक बच्चनले आफ्नो ट्वीटरमा आफु लामो समयपछि दर्शकमाझ आउन लागेकाले सबैको आशीर्वादको आवश्यकता पर्ने कुरा लेखेका छन् । अनुराग कश्यपको निर्देशन तथा आनन्द राय निर्माता रहेको उक्त चलचित्रमा तापसी पन्नु र विक्की कौशलले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् । यो चलचित्रबाट निर्देशक कश्यपसँगै स्वयं अभिषेक पनि उत्साहित रहेको बताइन्छ ।



# प्रशंसा गर्दै सनी

बलिउड अभिनेत्रीका रूपमा स्थापित भैसकेकी सनी लियोनलाई दर्शकहरूले अब सानो पर्दाको एउटा रमाइलो कार्यक्रममा देख्न पाउने छन् । सनीले अभिनेता राम कपुरसँग 'कमेडी हाइ स्कुल' शीर्षकको कार्यक्रममा भाग लिएकी हुन् । उक्त कार्यक्रमको दुई श्रृंखलाको छायांकन सम्पन्न भैसकेको छ । त्यसक्रममा सनीले राम कपुर उत्कृष्ट कलाकार भएको तथा उनमा राम्रो सेन्स अफ ह्युमर भएको प्रतिक्रिया दिएकी छिन् । राम कपुर उक्त कार्यक्रमका प्रस्तोता हुन् । सनीका अनुसार कमेडी हाई स्कुलका सबै कलाकारसंगको छायांकनको अनुभव रोमाञ्चक छ । छायांकनका क्रममा राम कपुरले आफूलाई निकै हँसाएको तथा उनको साथका कारण आफू छायांकनमा व्यस्त भएजस्तै नलागेको सनीको भनाइ छ । कपुरले पनि सनीसँग आफ्नो फिलोसफी मिल्ने बताएका छन् । 'उनीसँग काम गरेपछि मात्र उनी कति असल व्यक्ति हुन् भन्ने कुरा थाहा भयो,' कपुरको भनाइ छ । उक्त कार्यक्रममा गोपाल दत्त, परितोष त्रिपाठी, कृष्णा भट्ट, जसमीत भाटिया तथा दीपक दत्ता पनि सहभागी छन् । यो कार्यक्रम डिस्कभरी जितबाट प्रसारण हुनेछ ।



MISS NEPAL
The Hidden Treasure
MISS NEPAL 2018
BROUGHT BY
Ruslan FM 95.2
POWERED BY
colors
STYLED BY
LIVON serum
BE BEAUTIFUL ... BE THE CHANGE !!!
VOTE NOW
SEND YOUR FAVORITE CONTESTANT DIRECTLY TO THE FINAL ROUND.
1 MAHIMA
2 RONALI
3 KASHYA
4 ANUPAMA
5 SANDHYA
6 SHARVANI
7 SUSMITA
8 PRIYA
9 SHIKSHYA
10 MANITA
11 ANASHRUT
12 JYOTSNA
13 LAXMI
14 SUVEKSHYA
15 LAXMI
16 AASTHA
17 MAMATA
18 SAYARA
19 ASHMA
20 MEGHA
21 SHRISTI
22 ALISHA
23 ALISHA
24 ANJILA
25 SHRINKHALA
VOTE FOR N-MAG Hamro Social Network MISS POPULAR CHOICE
VOTING OPEN TILL 8:00 P.M, WEDNESDAY, APRIL 11,2018
Type MN <space> CONTESTANT NUMBER and send it to 33001
OFFICIAL PRINT MEDIA PARTNER
kathmandupost
OFFICIAL CROWN SPONSOR
R.B. Diamond Jewellers
HOSPITALITY PARTNERS
Hotel Annapurna
Truly a Heritage of Hospitality
JAGATPUR LODGE BY ANNAPURNA
FISH TAIL LODGE BY ANNAPURNA
OFFICIAL CAR SPONSOR
HYUNDAI
Laxmi
SOLE DISTRIBUTOR OF HYUNDAI FOR NEPAL
MEDIA PARTNERS
onlinekhabar
The Life
SUB TITLE SPONSORS
TWO WHEELER PARTNER
YAMAHA Fascino THE SUPERMODEL SCOOTER
Berger
वृज सिमेन्ट
GoldStar
Creative D Studio
N-MAG Hamro Social Network
OFFICIAL DRESS DESIGNERS
gabi BINA GHALE
Manish Rai
Women's Planet Boutique
SUPPORTERS
NTNC
Stairway Management (SWM)
JASMINE
नेको इन्स्युरेन्स लि. NECO INSURANCE LTD.
KTM CTY
smile makeup
Accessories Nepal
Sparrow POWER OF TEXT
nanglo Café & Pub
DECC NEPAL PVT. LTD.
vianet
dreams&ideas www.dreamsandideas.com
AIRLINE PARTNERS
Nepal Airlines
TURKISH AIRLINES A STAR ALLIANCE MEMBER
THAI
Philippine Airlines
airarabia.com
WEEKLY ONE LUCKY VOTER WILL GET ONE INVITATION FOR THE GRAND FINALE.

विकेन्ड नाइट



## हङकङमा १४औं एलजी नाइट

हङकङमा एलजी नाईटको १४ औं संस्करणको आयोजना हुने भएको छ। मार्च ११ का दिन युङलोङ थिएटरमा सञ्चालन हुने कार्यक्रममा नेपाल आइडलका टप थ्रि बुद्ध लामा, निशान भट्टराई, प्रताप दास, आईडलकै टप ८ सन्ध्या जोशी, स्ट्याण्डअप कमेडियन जितु नेपाल, सन्दिप क्षेत्री, हेमन्त राना विथ ब्यान्ड, वाईल्ड रिपर्ज डान्स ग्रुप आदिले प्रस्तुति दिनेछन्। उक्त कार्यक्रमलाई सुशील नेपालले सञ्चालन गर्ने बताइएको छ।

अनोज रोक्का

बजारमा नयाँ





## वार्सटाइनर वियर

वार्सटाइनर वियरले २ सय ६५ वर्ष लामो इतिहास बोकेको छ। जर्मनीको एउटा उद्योगले उत्पादन गर्ने यो बियर अब नेपालमै उत्पादन हुन थालेको छ। राजबहादुर शाहले नेपालमा यसको उत्पादन थालेका हुन्। जर्मनीमा उत्पादन हुने बियरभन्दा यसको स्वादमा कुनै कमी नहुने कम्पनीको दाबी छ। जर्मनीकै बियर जत्तिकै स्वाद र गुणस्तर कायम राख्न आवश्यक पदार्थ बाहिरबाटै मगाइएको कम्पनीसम्बद्ध व्यक्तिहरू बताउँछन्। वार्सटाइनर वियरको मूल्य प्रतिबोतल २ सय ९५ रुपैयाँ राखिएको छ।

विकेन्ड रेस्टुराँ

## महाराजगन्जमा द एम्बेसडर रेस्टुराँ



महाराजगन्जस्थित द एम्बेसडर रेस्टुराँ छोटो समयमै फरक छाप छोड्न सफल छ। यहाँ अस्ट्रिचका विविध परिकार चाख्न सकिन्छ। अस्ट्रिचको सेकुवा, अस्ट्रिचको छोयला तथा अस्ट्रिचको स्टिक यहाँ धेरै अर्डर हुने परिकार हो। त्यसबाहेक बाटा फ्राइड फिस, सानो माछा फ्राइ, मटन बिरयानी पनि यहाँ बढी अर्डर हुने परिकारमा पर्छन्। रेस्टुराँका सेफ मुकुन्द खत्रीका अनुसार यहाँ एकै पटकमा ६० जनासम्मलाई सर्भ गर्न सकिन्छ। रेस्टुराँमा दुईवटा मिटिङ हल छन्। गोप्य मिटिङ हलमा १० जना बस्न सक्ने क्षमता छ भने अर्को मिटिङ हलमा ३० जना बस्न सक्छन्। वरिपरि विभिन्न देशका दूतावास र काठमाडौंको केन्द्रमा भएकाले यो रेस्टुराँले राम्रो बजार लिइरहेको सञ्चालक मध्येका एक गणेश अग्रवाल बताउँछन्।

**स्थान :** महाराजगन्ज
**रेस्टुराँ :** द एम्बेसडर
**परिकारहरू :** अस्ट्रिचको सेकुवा, छोयला, स्टिक, मटन बिरयानी आदि।

विकेन्ड लाइभ



## ठमेलमा सारंगी नाइट

तपाईं सारंगीको धुन सुन्न रुचाउनुहुन्छ ? ठमेलस्थित सारंगी रेस्टुराँले आज सारंगी नाइट प्रस्तुत गर्दैछ। सारंगी र बाँसुरीको धुनमा यहाँ नृत्यसमेत हेर्न सकिन्छ। रेस्टुराँको रुफ टपमा बसेर सांगीतिक वातावरणमा रमाउने यो कार्यक्रमबाट उठेको रकम विभिन्न सामाजिक कार्यमा खर्चिने बताइएको छ।

**स्थान :** सारंगी रेस्टुराँ, ठमेल
**समय :** साँझ ७ बजेदेखि १० बजेसम्म।

विकेन्ड इभेन्ट

## र्‍याप ब्याटलको रमाइलो




र्‍याप ब्याटलले नेपालमा लोकप्रियता पाउँदै गएको छ। यो विधा मन पराउनेहरूको जमात ठूलै छ। 'र बार्ज' ले 'र्‍याप ब्याटल लिग इन् नेपाल' को चौथो सिजनको आयोजना गरेको छ। यसअघिका सिजनमा सफलता पाएपछि हौसिएको 'र बार्ज' ले चर्चित र्‍यापरहरूलाई एकै ठाउँमा भेला पारेर भोलि एउटा कार्यक्रमको आयोजना गर्दैछ। लाइभ र्‍याप ब्याटल सुन्न-हेर्न रुचाउनेहरूले ठमेलको द फ्याक्ट्रीमा आफ्नो धोको मेटाउन सक्छन्।

**स्थान :** द फ्याक्ट्री, ठमेल
**समय :** दिउँसो १२ बजे
**प्रवेश शुल्क :** ३ सय रुपैयाँ



## कमेडी नाइट

स्ट्यान्ड अप कमेडीको रमाइलो वातावरणमा सहभागी हुन चाहनुहुन्छ ? ठमेलस्थित द बार बार ब्ल्याक सिपले आज कमेडी नाइटको आयोजना गर्दैछ। युवा पुस्ताका आयुश श्रेष्ठ, अस्तित्व अधिकारी, फेडर इकेलार तथा रजिना श्रेष्ठ जस्ता कलाकारले प्रस्तुति दिनेछन्। यो कार्यक्रममा प्रवेश निःशुल्क छ।

**स्थान :** द बार बार ब्ल्याक सिप, ठमेल

विकेन्ड रक

## द मिडनाइट राइडर्स घन्कँदै



नेपाली रक ब्यान्ड द मिडनाइट राइडर्सले भोलि फागुन २६ गते शनिबार पोखरा घन्काउँदैछ। पोखरा लेकसाइडस्थित रोलिङ स्टोन रक बारमा सञ्चालन हुने उक्त कार्यक्रममा ब्यान्डका जिम्मे लेप्चा, देव लामा, जिमि ब्लुज, सन्नी महत तथा सञ्जित तुलाधरले अन्तर्राष्ट्रिय रूपमा चर्चित एसीडिसी ब्यान्डका २२ वटा गीत सुनाउनेछन्। केहि महिनाअघि निधन भएका एसीडीसी ब्यान्डका गीतारिस्ट माल्कम योङको सम्फनामा ट्रिबुट टु एसीडीसी शीर्षकको उक्त कार्यक्रम गर्न लागिएको हो। यसअघि गत शनिबार काठमाडौंमा उक्त कार्यक्रम सम्पन्न भएको थियो। साँझ ७ बजे प्रारम्भ हुने यो कार्यक्रममा प्रवेश गर्न ५ सय रुपैयाँको टिकट काट्नु पर्नेछ।

राजाराम पौडेल

## चलचित्र

# हुर्रे



**निर्देशक :** याम थापा **कलाकार :** केकी अधिकारी, विजय बराल, अनुपविक्रम शाही, राजाराम पौडेल, प्रकाश घिमिरे, अंकित खड्का, संगीता नापित, उपदेश तिमिल्सिना आदि । **संगीतकार :** राजनराज शिवाकोटी/कालीप्रसाद बाँसकोटा

आज शुक्रबारदेखि देशव्यापी प्रदर्शनमा आउने चलचित्र हुर्रेको मुख्य कथा पशुपति क्षेत्रमा केन्द्रित छ । पशुपति क्षेत्रकै वरिपरि छायांकन गरिएको उक्त चलचित्रमा अभिनेत्री केकी अधिकारीले फूल बेचेर जीवन गुजारा गर्ने युवतीको भूमिका निर्वाह गरेका छिन् । अभिनेता अनुपविक्रम शाहीले पशुपतिमा हरेक साँझ आरती गर्ने पुजारीको भूमिका निर्वाह गरेको यो चलचित्रमा विजय बराल भने पण्डित बाजेको भूमिकामा छन् । सेन्सर बोर्डले पिजि सर्टिफिकेट दिएको यो चलचित्रको कथालाई हास्यशैलीमा अघि बढाइएको छ । निर्देशक याम थापाकै कथामा तयार पारिएको यो चलचित्रलाई सोनम लामा, छिरिङ दोर्जे लामा तथा दावा शेर्पाले संयुक्त रूपमा निर्माण गरेका हुन् । चलचित्रमा राजनराज शिवाकोटीको संगीत निर्देशनमा तयार भएको ठेकीमा दही...गीतले दर्शकहरूको मन जितिसकेको छ । यो चलचित्रका गीत राजेन्द्र थापा तथा कालीप्रसाद बाँसकोटाले लेखेका हुन् ।

# मंगलम



**निर्देशक :** नवल नेपाल **कलाकार :** शिल्पा पोखरेल, पुष्प खड्का, पृथ्वीराज प्रसाईं, साम्राज्ञी राज्यलक्ष्मी शाह, मिथिला शर्मा तथा नीर शाह । **संगीतकार :** दीपक शर्मा

छ महिनाअघि नै प्रदर्शनका लागि तयार निर्माता छविराज ओझाको चलचित्र 'मंगलम' अन्ततः आज शुक्रबार दर्शकमाझ पुग्ने भएको छ । अभिनेत्री शिल्पा पोखरेल निर्मात्रीका रूपमा समेत सहभागि भएको यो चलचित्रको कथा हालसम्म गोप्य राखिएको छ । चलचित्रको ट्रेलरलाई मान्ने हो भने यसमा त्रिकोणात्मक प्रेम कथा समावेश गरिएको अनुमान गर्न सकिन्छ । चलचित्रमा शिल्पा, पुष्प तथा पृथ्वीराजबीच प्रेम-विवाहदेखि लिएर विछोडसम्मको प्रसंग प्रस्तुत गरिएको छ । अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहले समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको यो चलचित्रका गीत यसअघि नै चर्चित भैसकेका छन् । कृष्ण काफ्ले तथा बिन्दु परियारको स्वरको 'पर्खपर्ख मायालु...' दर्शकको जनजिब्रोमा झुन्डिसकेको छ । यो गीतको भिडियोले यसै साता युट्युबमा एक करोड पटक हेरिएको कीर्तिमान समेत कायम गरेको छ । सिक्किममा छायांकन गरिएको उक्त गीतमा अभिनेता पुष्प खड्का तथा अभिनेत्री शिल्पा पोखरेलले नेपाली पहिरनमा सजिएर आकर्षक नृत्य गरेका छन् । कविराज गहतराज चलचित्र मंगलमका नृत्य निर्देशक हुन् । यो चलचित्रको बम्पर उपहार..शीर्षकको गीत पनि दर्शकले मन पराएका छन् । अभिनेत्री पोखरेल तथा अभिनेता पृथ्वीराजलाई फिचर गरिएको उक्त गीतमा प्रमोद खरेलको पार्श्व गायन छ ।

# गाजाबाजा



**निर्देशक :** गणेशदेव पाण्डे **कलाकार :** सुशील सिटौला, अनुपम शर्मा, वर्षा सिवाकोटी, रविन थापा, उद्धव भट्टराई, अम्बर सुवेदी, रक्षा श्रेष्ठ, जीवन भट्टराई, गोपाल अर्याल आदि । **संगीतकार :** निख एण्ड जटा

दुई वर्षअघि छायांकन प्रारम्भ भए पनि शीर्षकका कारण विवादमा परेको चलचित्र गाजाबाजाको सार्वजनिक सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुने भएको छ । यसअघि गाँजाबाजा शीर्षक राखिए पनि गाँजालाई गाजा बनाइपछि मात्र यसले प्रदर्शनको अनुमति पाएको हो । सेन्सर बोर्डले यो चलचित्रलाई एडल्ट सर्टिफिकेट दिएको छ, जसअनुसार अब यो चलचित्र १६ वर्षभन्दा कम उमेरका दर्शकले हेर्न पाउनेछैनन् । सर्वोच्च अदालतबाट प्रदर्शनको आदेश पाएपछि मात्र यो चलचित्रले सिनेमा हलमा प्रवेश पाउन लागेको छ । सेन्सर बोर्डले चलचित्रमा प्रयोग गरिएका केही संवादलाई म्युट गर्दै एडल्ट सर्टिफिकेट दिएको हो । चलचित्रका निर्माता दीपेन्द्र रेग्मीले गाजाबाजाले सेन्सर पास गर्दा युद्ध नै जितेजस्तो लागेको प्रतिक्रिया दिएका छन् । कानुनी समस्याले गर्दा निर्माण युनिटले तनाव झेल्नुपरेको यो चलचित्रमा गाँजाका लागि मरिमेट्ने दुई युवाको एक दिनको कथालाई यथार्थ एवं हास्यशैलीमा प्रस्तुत गरिएको छ ।

## रंगमञ्च

# अर्जेन्टिनाको नाटक मान्द्रागोरा सर्कस



अर्जेन्टिनाको नाटक मान्द्रागोरा सर्कस पोखरामा फागुन २६ गते शनिबार तथा २७ गते आइतबार मञ्चन हुने भएको छ । पोखराको गैरापाटनस्थित पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन हुने ५५ मिनेट लामो उक्त नाटक हेर्न विद्यार्थीका लागि १ सय एवं सर्वसाधारणका लागि २ सय रुपैयाँ टिकट शुल्क तोकिएको छ । बिना डाइलग, हाउभाउ, म्युजिक, लाइट र मुभमेन्टबाट मञ्चन हुने उक्त नाटकमा मारियाना सिल्भा तथा जुन क्रिउज वार्कामोन्टले अभिनय गर्नेछन् । यही नाटक फागुन २९ गतेदेखि काठमाडौंका विभिन्न थिएटरमा मञ्चन हुने कुरा बताइएको छ ।

# विराटनगरमा रंग उत्सव



अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर महिलाहरूको एकल नाट्य प्रस्तुतिअन्तर्गत राष्ट्रिय महिला रंग उत्सव आरोहण गुरुकुल विराटनगरमा सम्पन्न भएको छ । गत सोमबारदेखि मञ्चन प्रारम्भ भएको उक्त नाटक आरोहण गुरुकुल विराटनगरको सहकार्यमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र सांस्कृतिक संस्थानले प्रस्तुत गरेको हो । बुधबारसम्म सञ्चालित महोत्सवमा प्रियंका झा, अनु श्रेष्ठ तथा कविता नेपालले तयार पारेका नाटक कथानई भेटल, बन्दबाकस तथा सुनामी मञ्चन गरिएको थियो ।

## ग्यालरी

# फोटो प्रतियोगिता




'उद्यमीको कथा' विषयमा केन्द्रित रहेर काठमाडौंमा आयोजित फोटो प्रतियोगितामा विक्रम रौनियार उत्कृष्ट घोषित भएका छन् । समृद्धि फाउन्डेसनले आयोजना गरेको 'उद्यमीको कथा : एक तस्बिर प्रतियोगिता' मा विक्रमले खिचेको तस्बिरले पहिलो पुरस्कार जितेको हो । साना तथा मझौला उद्यमीको कथामा आधारित रहेर खिचिनुपर्ने उक्त फोटो प्रतियोगितामा आभाष कर्माचार्य र सागर पौडेल दोस्रो तथा तेस्रो भए । प्रतियोगितामा अमित बनमालाले फेसबुकमा प्राप्त गरेको सर्वाधिक लाइकका आधारमा विशेष पुरस्कार स्वरुप एउटा स्मार्टफोन प्राप्त गरे । समृद्धिले जनवरी ५ देखि २० सम्म उक्त तस्बिर प्रतियोगिताको आयोजना गरेको थियो ।

# ओस्कारमा द सेप अफ वाटरको वर्चस्व

विश्व चलचित्रको सर्वोच्च एवार्ड ओस्कारको पछिल्लो संस्करणमा हलिउड चलचित्र 'द सेप अफ वाटर' ले सफलता हासिल गरेको छ । सर्वाधिक १३ विधामा मनोनीत उक्त चलचित्रले सर्वाधिक चारवटा एवार्ड जित्न सफल भएको थियो । सर्वोत्कृष्ट चलचित्रको सूचीमा मनोनीत भएका चलचित्र गेट आउट, लेडी बर्ड, थ्री बिलबोर्ड्स, आउटसाइड डबिइड, मिजुरी तथा द सेफ द वाटरबीच कडा प्रतिस्पर्धा थियो । अन्ततः द सेफ द वाटरले ओस्कारको सबैभन्दा महत्वपूर्ण एवार्ड आफ्नो भागमा पाऱ्यो ।

द सेप अफ वाटरका निर्देशक गुइलेर्मो डेल तोरोले यो वर्षको सर्वोत्कृष्ट निर्देशकको एवार्ड जिते । समारोहमा डार्केस्ट आवर चलचित्रका अभिनेता ओल्डम्यानले यो वर्षको सर्वोत्कृष्ट अभिनेताको एवार्ड जिते भने अभिनेत्री फान्सेस म्याकडोरमण्डले चलचित्र थ्री बीलबोर्ड्स आउटसाइड डबिइडका लागि सर्वोत्कृष्ट अभिनेत्रीको एवार्ड प्राप्त गरिन् ।

आइतबार राति हलिउडको डल्बी थिएटरमा आयोजित ९० औं संस्करणको ओस्कार एवार्डमा प्राविधिक तर्फका तीन विधा साउन्ड एडिटिङ, साउन्ड मिक्सिङ तथा फिल्म एडिटिङमा एवार्ड जित्दै चलचित्र डनकर्क दोस्रो सर्वाधिक



एवार्ड जित्न सफल चलचित्र भयो । चिलीको 'अ फेन्टास्टिक वुमन' ले विदेशी भाषी चलचित्रतर्फको एवार्ड जित्यो । सिनेमाटोग्राफीको ओस्कार एवार्ड 'ब्लेड रनर-२०४९' का लागि रोजर ए डिकिन्सले जिते भने वर्षको उत्कृष्ट एनिमेटेड चलचित्र तथा एनिमेटेड सर्ट फिल्मको एवार्ड क्रमशः 'कोको' तथा 'डियर बास्केटबल' ले जिते । समारोहमा उत्कृष्ट डकुमेन्ट्रीतर्फको ओस्कार एवार्ड 'इकारस' ले जितेको थियो ।

थ्री बिलबोर्ड्सका साम रकवेल तथा आई टोन्याकी एलिसन जेनीले क्रमशः उत्कृष्ट सह-अभिनेता तथा सह-अभिनेत्रीको एवार्ड जित्न सफल भए ।



सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक
रोनाली अमात्य,
त्रिशाला गुरुङ तथा
अभिलाषा शर्मा



तस्बिर : महेश प्रधान

मेकअप : संगीता प्रधान, काया द ब्युटी स्पट

पहिरन : इनोभेट, कुपन्डोल

लोकेसन : अँगेनो रेस्टुराँ, धोबीघाट, ललितपुर

Log on to :
facebook
www.facebook.com\kantipursaptahik




# अनु फेरि प्रेममा ?

अभिनेत्री अनु शाहले इन्स्टाग्राममा पोस्ट गरेका केही तस्बिर तथा तीनमा लेखिएको स्टाटसलाई ध्यान दिने हो भने जो-कोहीले सहजै भन्न सक्छन्, अनु अहिले प्रेममा छिन्। अनुले आफ्नो इन्स्टाग्राममा अभिनेता सविन श्रेष्ठसँगका केही तस्बिर पोस्ट गरेकी छिन्। ती तस्बिरमा उनले अलग-अलग क्याप्सन लेखेकी छिन्। कुनै तस्बिरमा उनले मलाई मनपर्ने जोडी भनेकी छिन् भने कुनै तस्बिरमा उनले मायाको आकार झल्काउने मुटुको चित्र राखेकी छिन्। त्यसो त चलचित्र क्षेत्रमा अनु र सविन एक-अर्कालाई प्रेम गर्छन् भन्ने कुरा लुकेको छैन। यद्यपि जुन अनुपातमा अनुले उनीहरूको जोडीको तस्बिर सामाजिक सञ्जालमा अपलोड गरिरहेकी छिन्, त्यसको ठीक विपरीत सविनले भने उनीहरूको जोडीको तस्बिर सार्वजनिक गरेका छैनन्। विगतमा प्रेममा रहेको यो जोडीको बीचमा ब्रेकअपसमेत भएको थियो। अहिले आएर उनीहरू पुन: नजिकिएको अनुले पोस्ट गरेका तस्बिरहरूबाट सहजै अनुमान लगाउन सकिन्छ।



# सृष्टिको अभिनय

मोडलका रूपमा परिचित अनुहार हुन्– सृष्टि खड्का। कलाकारिता यात्रा प्रारम्भ गर्न सर्लाहीबाट काठमाडौं आएकी सृष्टिले म्युजिक भिडियोबाट आफ्नो अभिनय यात्रा प्रारम्भ गरिन्। मेलिना राईको एउटा गीतबाट प्रारम्भ भएको उनको अभिनय यात्रा अहिले पनि म्युजिक भिडियोमै केन्द्रित छ। यद्यपि ५ फिट ५ इन्च अग्ली सृष्टि कुनै दिन नेपाली चलचित्रमा देखा परिन् भने अचम्म नमाने हुन्छ। म्युजिक भिडियोमै अभिनयका विविध आयाम पूरा गरिसकेकी सृष्टिलाई अहिले एउटा म्युजिक भिडियोले चर्चामा ल्याएको छ। भिजुअल एडिटरबाट निर्देशक बनेका निशान घिमिरेले निर्देशन गरेको 'नमार मलाई' अर्थात् डन्ट किल मि गीतको भिडियोमा कारुणीक अभिनय गरेर सृष्टिले सबैको मन जितेकी छिन्। १३ वर्षीया गायिका प्रेगिशा पौडेलको स्वरको उक्त भिडियोमा सृष्टिले कुमारी आमाको भूमिका निर्वाह गरेकी छिन्। समाज तथा परिवारले गर्भपतनका लागि दिएको दबाबविरुद्ध सृष्टिले गर्भमा रहेको भ्रूणलाई हत्या हुनबाट जोगाउँदै शिशु जन्माउँछिन्। विवाहअघिको शारीरिक सम्बन्ध गलत हो भन्ने सन्देश दिन सफल उक्त भिडियोको सफलतासँगै सृष्टि लोकप्रियताको सिँढी उक्लिरहेकी छिन्।

व्यक्ति एक टिप्पणी अनेक

# हरेक प्रकारको भूमिका सहज

लामो समयदेखि नेपाली चलचित्रमा सक्रिय अभिनेत्री हुन्– बेनिशा हमाल। नृत्यमा अब्बल यी अभिनेत्री अध्ययनशील समेत छिन्। अंग्रेजी साहित्यमा स्नातकोत्तर उत्तीर्ण हमालका लागि वर्ष २०७४ भाग्यशाली सावित भैसकेको छ। व्यवसायिक पाटो जे जस्तो भए पनि उनले अभिनय गरेका दुई चलचित्र झ्यानाकुटी तथा ब्लाइन्ड रक्स यही वर्ष प्रदर्शनमा आए। यी दुई चलचित्रमा दुई भिन्न चरित्र निर्वाह गरेकी बेनिशाले आफूमा अभिनय प्रतिभाको कमि छैन भन्ने कुरा प्रमाणित गरिसकेकी छिन्। अघिल्लो साता प्रदर्शन भएको चलचित्र 'ब्लाइन्ड रक्स' मा त बेनिशाले दृष्टिविहिन युवती सृष्टि केसीको संघर्षपूर्ण जीवनलाई पर्दामा उतारेकी छिन्। चलचित्र हेर्ने सर्वसाधारण दर्शकदेखि सेलिब्रेटीसम्मले बेनिशाको अभिनयको खुलेर प्रशंसा गरिरहेका छन्। प्रतिभाशाली अभिनेत्री बेनिशा हमालका बारेमा सहकर्मीहरूको टिप्पणी :



● बेनिशा हमाल, अभिनेत्री

बेनिशा हमालमा कतिसम्म क्षमता छ भन्ने कुरा थाहा पाउन चलचित्र ब्लाइन्ड रक्स हेरे पुग्छ। हरेक प्रकारको भूमिकामा डुबेर अभिनय गर्न सक्ने उनको क्षमता उदाहरणीय छ।

**केकी अधिकारी, अभिनेत्री**

मैले बेनिशा हमाललाई सबैभन्दा पहिले मोडलका रूपमा चिनेकी हुँ। उनी उत्कृष्ट मोडल हुन्। बेनिशा अभिनय तथा नृत्यमा समेत उनी उत्तिकै सफल छिन् भने व्यक्तिगत रूपमा पनि निकै सरल छिन्। उनले पछिल्लो चलचित्र ब्लाइन्ड रक्समा अभिनयको सीमा नै पार गरेकी छिन्, अहिलेसम्मको सबैभन्दा उत्कृष्ट अभिनय गरेर।

**जयन सुब्बा मानन्धर, कोरियोग्राफर**

अभिनेत्री बेनिशा हमाल अभिनयमा यति गहिरोसँग डुब्न सक्ने कलाकार हुन् भन्ने कुरा मैले भरखरै अनुभव गरेकी छु। बेनिशाले हालै प्रदर्शनमा आएको चलचित्रमार्फत जीवनबाट निराश भएकाहरूलाई जीवन कसरी जीउने भन्ने हौसला प्रदान गरेकी छिन्।

**अनुशा पौडेल, भिजे**

बेनिशा हमालमा अभिनयको प्रशस्त सम्भावना छ। उनी हरेक प्रकारको भूमिका सहजतापूर्वक निर्वाह गर्न सक्छिन्। मैले पहिलो पटक उनीसँग चलचित्र ब्लाइन्ड रक्समा अभिनय गर्ने मौका पाएँ। म आफैंले पनि चलचित्रमा आँखा कम देख्ने पात्रको भूमिका निर्वाह गरेको छु। सँगै अभिनय गर्ने क्रममा मैले बेनिशाबाट धेरै कुरा सिक्ने मौका पाएको छु।

**अर्पण थापा, अभिनेता**

बेनिशा हमाल प्रतिभाको खानी भएकै कारण मैले उनलाई बायोपिक चलचित्रमा लिने हिम्मत गरेको हुँ। उनको अभिनयले सबैलाई प्रभावित तुल्याएकोमा म खुसी पनि छु। आँखा देख्ने एउटा कलाकारले आँखा नदेख्ने भूमिका निर्वाह गर्नु आफैंमा चुनौतीको कार्य हो। चलचित्र ब्लाइन्ड रक्समार्फत बेनिशाले आफू कति प्रभावशाली कलाकार हुँ भन्ने कुरा प्रमाणित गरेकी छिन्।

**मिलन चाम्स, निर्देशक**



## मनोजलाई बधाई

पछिल्ला केही महिनादेखि पारिवारिक तनावमा रहेका व्यंग्यकार मनोज गजुरेलले हालै एउटा खुसीको समाचार सार्वजनिक गरेका छन् । आफ्नो प्रतिभा प्रदर्शनमार्फत पाएको अन्तर्राष्ट्रिय ख्यातिसम्बन्धी उक्त समाचारबाट गजुरेल आफैं पनि उत्साहित छन् । कुनै बेला भारतका प्रधानमन्त्री नरेन्द्र मोदीदेखी योगगुरु रामदेवसम्मका व्यक्तित्वलाई दुरुस्त उतारेर चर्चामा आएका गजुरेलले पछिल्लो पटक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नक्कल गरेका थिए । हाउभाउ, गेटअप, पहिरन तथा बोलीचाली नै नक्कल गरेर दुरुस्त डोनाल्ड ट्रम्प देखिएका गजुरेलले उक्त प्रस्तुति पहिलो पटक गत गाईजात्राका क्रममा काठमाडौंकै प्रज्ञा भवनमा दिएका थिए । दर्शकहरूले अत्यन्त रुचाएको गजुरेलको ट्रम्प अवतारले नेपाली मात्र होइन विदेशका सञ्चारमाध्यममा समेत राम्रो स्थान पायो । अमेरिकाकै सञ्चार माध्यमले समेत गजुरेलको उक्त कलाको प्रशंसा गरे । अहिले आएर अमेरिकाकै एउटा समाचार संस्थाले एउटा रोचक सूची सार्वजनिक गरेको छ । सीबीएस न्युजले विश्वका १८ जना कलाकारको सूची सार्वजनिक गरेको छ, जसले राष्ट्रपति डोनाल्ड ट्रम्पको क्यारिकेचर गरिरहेका छन् ।



## ग्ल्यामर देखाउने महिमा

चलचित्र 'कारबाही'बाट अभिनय यात्रा प्रारम्भ गरेकी अभिनेत्री महिमा सिलवालले 'अप्रिल फूल', 'दानव', 'जिगोलो', 'सकस' आदि गरी एक दर्जनभन्दा बढी चलचित्रमा काम गरेकी छिन् । महिमा अभिनीत चलचित्र 'ब्वाइफ्रेन्ड' प्रदर्शनको तयारीमा छ । केही समय ओझेलमा रहेकी अभिनेत्री महिमा अहिले आफ्नो दिन फर्कने प्रतीक्षामा छिन् । ब्वाइफ्रेन्डले मेरा लागि एउटा नयाँ बिहानी ल्याउनेछ,' अभिनेत्री महिमाले भनिन्- 'यो राम्रो कथामा बनेको चलचित्र हो ।' दर्शकले पर्दामा आफ्नो ग्ल्यामर रुचाउने कुरा बताउने महिमाले 'ब्वाइफ्रेन्ड'मा पनि दर्शकले राम्रो ग्ल्यामर हेर्न पाउने दाबी गरिन् । महिमाले दुबई, मलेसिया आदि मुलुकमा प्रस्तुति दिएर चर्चा बटुलिसकेकी छिन् भने उनी आधा दर्जन पुरस्कारबाट समेत सम्मानित भैसकेकी छिन् । केही दिनपहिले अबुधावीको फल्कलोरी हलमा सम्पन्न दोस्रो म्युजिक भिडियो एवार्ड कार्यक्रममा उत्कृष्ट नृत्य प्रस्तुत गरेर उक्त एवार्डसमेत आफ्नो पोल्टामा पार्न सफल महिमा अब चलचित्रमै सक्रिय रहने सोचमा छिन् । यद्यपि जस्तो पायो त्यस्तो चलचित्रमा काम नगर्ने उनको अडान छ । महिमाले दुई दर्जनभन्दा बढी म्युजिक भिडियोमा समेत काम गरेकी छिन् ।



## प्रशान्तको दौड

चलचित्र ऐश्वर्यको व्यवसायिक सफलतापछि मोडल तथा कोरियोग्राफर प्रशान्त ताम्राकार कलाकारका रूपमा स्थापित भए । खासगरी उनको संवाद बोल्ने शैली तथा व्यक्तित्वले दर्शकलाई प्रभावित तुल्यायो । ऐश्वर्यको त्यही सफलताले अहिले प्रशान्तलाई अत्यधिक व्यस्त बनाएको छ । उनले हरेक साताजसो नयाँ चलचित्रको प्रस्ताव पाइरहेका छन् । यद्यपि उनले ती सबै प्रस्ताव स्वीकार गरेका छैनन् । जति स्वीकार गरेका छन्, ती सबै चलचित्रलाई समय दिँदा झन्डै वर्ष दिन लाग्ने निश्चित छ । पछिल्लो समय उनले चलचित्र रानीमहलबाट हात झिके । उक्त चलचित्रबाट अलग भएपछि प्रशान्तले चलचित्र रणवीरमा अभिनय गर्ने घोषणा गरे । उक्त चलचित्र फ्लोरमा नजाँदै प्रशान्तले चलचित्र जय शम्भुमा अभिनय गर्ने समाचार सार्वजनिक भयो । जय शम्भुको शुभमुहुर्त समेत भैसकेको छ । यो चलचित्रका लागि प्रशान्तले ६ लाख रुपैयाँ पारिश्रमिक लिएको चर्चा छ । आगामी दुई वर्षका लागि करिब-करिब बुक भैसकेका यी कलाकारले पारिश्रमिकको प्रसंगमा थुप्रै अभिनेतालाई समेत पछि पारेको चर्चा पनि छ ।



फटाफट

## विवाहपछि के हुन्छ थाहा छैन

**अचानक विवाह गर्ने योजना कसरी बन्यो ?**

परिवारबाट विवाह गर्नुपर्छ भनिएको त धेरै भैसकेको थियो, मैले नै मानिरहेकी थिइनँ । अहिले आएर साइत जुर्‍यो भन्नुपर्‍यो ।

**मागी विवाह नै रोज्नुभएछ नि ?**

हो, मैले विगतदेखि नै मागी विवाह गर्छु भन्दै आएकी थिएँ । मलाई प्रेम विवाहभन्दा मागी विवाहमै विश्वास छ ।

**हुनेवाला श्रीमान्‌का तर्फबाट विवाहको प्रस्ताव आएको हो ?**

उहाँले नै मेरो भाइमार्फत विवाहको प्रस्ताव राख्नुभएको हो । त्यसो त यो विवाहको प्रस्ताव आएको पनि झन्डै ६ महिना भैसकेको थियो । मैले नै अलि पछि गर्ने भन्दै टार्दै आएकी थिएँ ।

**अनि कसरी तयार हुनुभयो त ?**

फोनमा एक-दुई पटक कुराकानी भयो । कुराकानी गर्दा राम्रो व्यवहार भएको व्यक्ति हुनुपर्छ जस्तो लाग्यो । त्यसपछि केही दिनअघि मात्र मैले उहाँलाई भेटें । हाम्रो भेटपछि उहाँका आमा-बुवा र मेरा आमा-बुवाबीच पनि भेटघाट भयो । हामी दुवै जना विवाहका लागि तयार भएको बताएपछि हाम्रो परिवारले विवाहको साइत निकाल्यो । यही फागुन २८ गते सोमबार हामी नेवारी परम्पराअनुसार विवाह-बन्धनमा बाँधिदैछौं ।

**उहाँ कुन पेसामा हुनुहुन्छ ?**

पेसाले उहाँ चार्टड एकाउन्टेन्ट हो । मध्यबानेश्वरमा बसोबास गर्नुहुन्छ । उहाँको नामचाहिं नवीन प्रधान हो ।

**तपाईंहरूबीच कति वर्षको फरक छ ?**

ओहो... मैले त उहाँको उमेर नै सोधेकी छैन । उहाँले पनि मेरो उमेर सोध्नुभएन । अँ.... म मसिरमा जन्मिएकी हुँ भने उहाँ असारमा । मंसिर र असारमा जन्मिएका केटा-केटीको विवाह राम्रो हुन्छ भन्ने सुनेकी छु ।

**विवाहपछि चलचित्रमा सक्रिय हुने कि नहुने ?**

उहाँले त विवाहपछि पनि अभिनय यात्रा जारी राखे हुन्छ भन्नुभएको छ । यद्यपि मैले भने कुनै निर्णय गरिसकेकी छैन ।

● अशिष्मा नकर्मी, अभिनेत्री


रोजिना


सुशीला


निकिता

# चर्चित अविवाहित

कृष्ण भट्टराई

भनिन्छ, विवाहका लागि साइत जुर्नुपर्छ । कतिपय मानिस विवाहको जोडी भगवान्‌ले नै तय गर्ने कुरा बताउँछन् । योग्य वर अथवा बधू फेला नपरेकाले विवाह नगरी बस्नेहरु पनि उत्तिकै हुन्छन् । कुनै बेला विवाहको जग्गेमा मात्र श्रीमान्-श्रीमतीले एक-अर्काको अनुहार हेर्ने परम्पराबाट हुर्किएको नेपाली समाज सामाजिक सञ्जालको प्रयोगसँगै विवाहअघि नै लिभिङ टुगेदर बस्नेसम्मको चरणमा प्रवेश गरिसकेको छ । यद्यपि विवाह भनेको विवाह नै हो । यसले दुई शरीरलाई मात्र होइन, दुई मनलाई समेत जोड्छ । साप्ताहिकले पछिल्ला केही वर्षयता हरेक वर्ष ग्ल्यामर क्षेत्रमा भित्रिने नयाँ अनुहारमध्ये अविवाहित अनुहारहरूका बारेमा जानकारी गराउँदै आएको छ ।


साहरा


कुसुम

## दीपिका प्रसाईं

पहिलो चलचित्रबाटै स्थापित हुने निकै कम अभिनेत्रीमा दीपिका प्रसाईंको नाम अग्रपंक्तिमा आउँछ । यसै वर्ष प्रदर्शनमा आएको चलचित्र 'ऐश्वर्य' बाट रजतपटमा भित्रिएकी दीपिका निकै सुन्दर छिन् । आकर्षक व्यक्तित्वकी धनी यी अविवाहित अभिनेत्रीलाई आफ्नो चलचित्रमा अभिनय गराउन चाहने निर्माता-निर्देशकहरूको संख्या ठूलै छ, यद्यपि उनले दोस्रो चलचित्रमा अभिनय गर्न हतार गरेकी छैनन् । स्नातकोत्तर तहको अध्ययन पुरा गरेपछि मात्र उनी दोस्रो-तेस्रो चलचित्रमा प्रस्तुत हुने बताउँछिन् ।

## एलिशा राई

चलचित्र लुट-२ को ठमेल बजार...गीत लोकप्रिय भएपछि सेलिब्रेटी बन्न सफल भएकी हुन्- एलिशा राई । चलचित्रमा आइटम डान्सरसहित अभिनेत्रीका रूपमा समेत प्रस्तुत भएकी एलिशाले ठमेल बजार गीतकै कारण प्रसिद्धि कमाएकी हुन् । अविवाहित यी सुन्दरी अचेल म्युजिक भिडियोहरूको छायांकनमा व्यस्त छिन् । नृत्यपरक भिडियोमा एलिशाको उपस्थिति अनिवार्यझैं भएको छ । कद होचो भए पनि आकर्षक शारीरिक बनावट तथा सुन्दर मुहारकी धनी एलिशाको सुन्दरताबाट प्रभावित हुनेहरूको संख्या ठूलै छ । एलिशाले आफ्नो प्रेम सार्वजनिक गरिसकेकी छैनन् ।

## जेबिका कार्की

थुप्रै म्युजिक भिडियो, दर्जनौं टेलिश्रृंखला हुँदै चलचित्रसम्म आइपुगेकी अभिनेत्री हुन्– जेबिका कार्की । चलचित्र जन्मभूमिमार्फत चलचित्रमा पदार्पण गर्ने जेबिकाले अभिनय गरेका चलचित्र पर्व तथा कारखाना यसै वर्ष प्रदर्शन भैसकेका छन् । प्रदर्शनको तयारीमा रहेको चलचित्र कोहलपुर एक्सप्रेसमा समेत अभिनय गरेकी जेबिका सुन्दर त छिन् नै, शालिन व्यवहारका कारण सबैको मन जित्नसमेत सफल छिन् । अविवाहित यी अभिनेत्री अभिनयसँगै नृत्यमा पनि अब्बल छिन् । पछिल्लो समय म्युजिक भिडियो तथा चलचित्रमा समानान्तर रूपमा सक्रिय हुँदै आएकी जेबिका प्रेम तथा रोमान्सबाट आफूलाई टाढै राख्न रुचाउँछिन् ।

## निकिता चाण्डक

मिस नेपाल-२०१७ की विजेता हुन्– निकिता चाण्डक । उर्लाबारी, मोरङकी यी सुन्दरी मिस नेपालमा सहभागिता जनाउनुअघि भारतमा मोडलिङसँगै अध्ययनमा सक्रिय थिइन् । भारतमा छँदा केही फेसन शो तथा विज्ञापनहरूमा मोडलिङ गरेकी निकिताले काठमाडौं आएर मिस नेपालमा सहभागिता जनाएलगत्तै धेरैको ध्यान आकर्षित गरिन् । मिस नेपालको उपाधि जितेपछि निकिताको चर्चा ह्वात्तै चुलियो । मिस वर्ल्ड-२०१७ को सहभागिता पछि उनी थप चर्चामा आइन् । सामाजिक सञ्जालहरूमा उनका फलोअरहरूको संख्या बढ्दो छ । निकिताले चलचित्रबाट समेत अभिनयको प्रस्ताव पाउन थालेकी छिन् । मिस नेपालको आगामी संस्करणपछि पूर्व मिस नेपाल हुने निकिताले त्यसपछि मात्र आफ्नो क्षेत्रलाई फराकिलो बनाउने अनुमान गरिएको छ ।

## सहारा बस्नेत

५ फिट साढे ७ इन्च अग्ली अविवाहित सुन्दरी हुन्- सहारा बस्नेत । बस्नेत मिस नेपाल-२०१७ कै एक विजेता हुन् । मिस नेपाल एसिया प्यासिफिक इन्टरनेसनलको उपाधि विजेता सहाराले यसै वर्ष फिलिपिन्समा सम्पन्न मिस एसिया प्यासिफिक इन्टरनेसनलमा नेपालको प्रतिनिधित्व गरेकी थिइन् । व्यवस्थापनमा स्नातक उत्तीर्ण २२ वर्षीया सहारा ५ फिट ५ इन्च अग्ली छिन् । ललितपुरकी स्थायी वासिन्दा सहारा आगामी वर्षदेखि आफूलाई समाजसेवा तथा मोडलिङमा अग्रसर गराउने योजनामा छिन् ।

## रोजिना श्रेष्ठ

मिस नेपाल-२०१७ मा मिस नेपाल अर्थको उपाधि जित्न सफल युवती हुन्- रोजिना श्रेष्ठ । अग्लो कदकी यी अविवाहित सुन्दरीले फिलिपिन्समा सम्पन्न मिस अर्थ-२०१७ मा नेपालको प्रतिनिधित्व गरेकी थिइन् । मोडलिङमा रुचि राख्ने रोजिनाले मिस नेपालमा सहभागिता जनाउनुभन्दा तीन वर्षअघि नै मिस एपेक्सको उपाधि जितिसकेकी थिइन् । त्यसबाहेक उनी केही मोडलिङ प्रतियोगितामा सहभागी भएकी थिइन् । मिस नेपालको प्रशिक्षणले आफूलाई परिपक्व बनाएको धारणा व्यक्त गर्ने अविवाहित रोजिना आगामी वर्षदेखि मोडलिङसहित सामाजिक कार्यक्रमहरूमा बढी केन्द्रित हुने बताउँछिन् ।

## तृष्णा गुरुङ

गायिका तृष्णा गुरुङको स्वर जति सुरिलो छ, उनको सुन्दरता त्योभन्दा मनमोहक छ । ५ फिट ४ इन्च अग्ली यी अविवाहित गायिकाले सुरिलो स्वरमा गीत गाउँदा पुरुष प्रसंसकहरू लट्ठै हुन्छन् । खासगरी युट्युबमा उनका भिडियोले पाउने लाखौं दर्शकका पछाडि उनको कर्णप्रिय स्वर तथा सुन्दरताले पनि उत्तिकै ठूलो भूमिका निर्वाह गरेको हुन्छ । सामाजिक सञ्जालमा समेत प्रसस्त प्रशंसक कमाउन सफल तृष्णा आफ्ना गीतमा आफैं संगीत भर्छिन् । कन्सर्टमा उनलाई मन पराउनेहरू हजारौं हुन्छन् । रेलैमा, गाइने दाजै, साँझको बेला, गुराँसै फुल्यो, खानी हो याहमू आदि उनले गाएका लोकप्रिय गीत हुन्, जसलाई दर्शकले यूट्युबमा लाखौं पटक हेरेका छन् ।

## सुशीला पाठक

सुशीला पाठक गायिका हुन् । झट्ट हेर्दा उनी कुनै अभिनेत्री अथवा मोडलभन्दा कम देखिन्नन् । अघिल्लो वर्ष नै पहिलो एकल गीति संग्रह सार्वजनिक गरेर आफूलाई गायिकाका रूपमा परिचित गराएकी सुशीला आफ्ना गीतका म्युजिक भिडियोमा आफैं अभिनय तथा नृत्य गर्छिन् । फोटोसेसनमा विशेष रुचि राख्ने यी अविवाहित गायिका आफ्नो फेसबुक वालमा बोल्ड तस्बिरहरू सार्वजनिक गरिरहन्छिन् । नृत्यमा समेत दखल राख्ने यी सुन्दर गायिका कुनै दिन मोडलिङ हुँदै चलचित्रसम्म पुगिन् भने अचम्म नमाने हुन्छ । सुशीलाले संगीतकर्मीद्वय शिलाबहादुर मोक्तान तथा मनोरजराज शिवाकोटीसँग संगीतको औपचारिक प्रशिक्षण लिएकी हुन् ।

## कुसुम श्रेष्ठ

सामाजिक सञ्जालमार्फत सेलिब्रेटी बन्न सफल युवती हुन्- कुसुम श्रेष्ठ । एक जना फोटोग्राफरले तरकारीको क्रेट बोकेर झोलुंगे पुलमा हिँडिरहेको तस्बिर फेसबुकमा अपलोड गरेपछि गोरखाकी कुसुम छोटो समयमै नेपाल र भारतमा मात्र होइन विश्वभरी नै 'तरकारीवाली' उपनामले प्रसिद्ध भइन् । यतिबेला कक्षा १२ को अन्तिम परीक्षा दिने तयारीमा रहेकी यी सुन्दरीलाई त्यतिबेला थुप्रै चलचित्र तथा म्युजिक भिडियोबाट अभिनय प्रस्ताव आए । यद्यपि आफू अध्ययनमा केन्द्रित भएकाले उनले त्यसरी प्रस्ताव गरिएका मध्ये जम्मा एउटा चलचित्रमा मात्र अभिनय गरिन् । उक्त चलचित्र हो- लम्फू ।


जेबिका



तृष्णा



## कबिर खड्का

यतिबेला चलचित्र लम्फू चर्चामा छ । चलचित्रको लिरिकल भिडियोले श्रोताहरूको मन जितेपछि यो चलचित्र दर्शकहरूको प्रतीक्षाको सूचीमा छ । तरकारीवाली अर्थात कुसुम श्रेष्ठले समेत अभिनय गरेको यो चलचित्रका मुख्य अभिनेता हुन्– कबिर खड्का । पहिलो चलचित्रमै यी अभिनेताले प्रतिभाशाली अभिनेत्री मरिष्का पोखरेलको साथ पाएका छन् । ६ फिट अग्ला खड्का रंगमञ्चका कलाकारसमेत हुन् । फेसन शोमा क्याटवाक तथा विज्ञापनमा मोडलिङ गरिसकेका यी अविवाहित अभिनेतालाई युवतीहरूले पछ्याउन थालिसकेको उनको सामाजिक सञ्जालबाटै थाहा पाउन सकिन्छ ।

## विनोद न्यौपाने



५ फिट १० इन्च अग्ला विनोद न्यौपाने हालसालै प्रदर्शनमा आएको अभिनेत्री श्वेता खड्काको चलचित्र कान्छीमा खलनायकको भूमिकामा देखा परेका हुन् । न्यौपानेले दर्जनौं म्युजिक भिडियोमा नायकका रूपमा अभिनय गरिसकेका छन् । प्रसन्न पौडेलको चलचित्र कमलेको बिहेमा सह-अभिनेताका रूपमा अभिनय गरेका विनोदले विशाल भण्डारी निर्देशित चलचित्र कोहलपुर एक्सप्रेसमा अभिनय गरेका छन् । न्यौपाने चलचित्र जयश्री दाममा पनि प्रस्तुत भैसकेका छन् । यी अविवाहित अभिनेता यतिबेला चलचित्र सुश्री सम्पत्तिमा अभिनय गरिरहेका छन् । वर्ष २०७५ मा उनले अभिनय गरेका झन्डै आधा दर्जन चलचित्र प्रदर्शनमा आउने निश्चित छ ।

## स्वरूपपुरुष ढकाल

५ फिट ९ इन्च अग्ला चलचित्र अभिनेता हुन्– स्वरूपपुरुष ढकाल । यी अविवाहित अभिनेताले यही वर्ष प्रदर्शित चलचित्र छक्कापन्जा-२ मा अभिनय गरेका छन् । यो चलचित्र सफल भए पनि स्वरूपले जति चर्चा पाउनु पर्ने हो, त्यति पाएनन् । उनी पुराना तथा लोकप्रिय अनुहारहरूको बीचमा हराए । त्यसअघि उनले चलचित्र सुस्केरामा पनि अभिनय गरेका थिए । गायकका रूपमा समेत करियर प्रारम्भ गरेका स्वरूपले भारतको मुम्बईबाट अभिनय तथा संगीतको प्रशिक्षण लिएका छन् । प्रशिक्षणका क्रममा उनले कभर गीतहरूसमेत गाएका छन् । ये साम मस्तानी गीतमा



पनि उनको कभर स्वर सुन्न सकिन्छ । छक्कापन्जा-२ पछि अन्य चलचित्रमा नदेखिएका यी अभिनेताले गायन तथा अभिनयमध्ये कुन विधामा आफूलाई अघि बढाउने हुन्, हेर्न बाँकी नै छ ।

## विक्रान्त मेहता

यी हेन्डसम युवा दुई भिन्न विधामा स्थापित हुने प्रकृयामा छन् । चिकित्सा पेसामा आबद्ध मेहता गायक पनि हुन् । वीर अस्पतालको ट्रमा सेन्टरमा चार वर्ष सेवा गरेपछि यतिबेला उनी चिकित्सा शास्त्रमा स्नातकोत्तर गर्दैछन् । गायकका रूपमा समेत पहिचान बनाइसकेका मेहताले आफ्ना गीतका म्युजिक भिडियोमार्फत दर्शक-श्रोताहरूको मन जित्दै आएका छन् । रमाइलो कुरा के छ भने यी गायकले आफ्ना म्युजिक



भिडियोमा अभिनेत्रीहरूसँग आफैंले अनस्क्रिन रोमान्स गरेका छन् । हालै सार्वजनिक भएको आफ्नो नयाँ गीत 'तिम्रो आँखा' मा यी अविवाहित गायकले अभिनेत्री प्रियंका कार्कीसँग रोमान्स गरेका छन् भने यसअघिको 'फूलको सुवास' गीतमा उनले केकी अधिकारीसँग रोमान्स गरेका थिए । दुई वर्षअघि सार्वजनिक भएको 'तिम्रै तिम्रो...' गीतको भिडियोमा भने उनलाई अभिनेत्री शिल्पा पोखरेलले साथ दिएकी थिइन् ।

## अजर जंगम

पुराना संगीतकार दीपक जंगमका



छोरा हुन्– गायक अजर जंगम । पछिल्ला केही वर्षयता अजरले आफ्नो गायकी मार्फत दर्शक तथा श्रोताको मन जित्दै आएका छन् । आकर्षक व्यक्तित्वका धनी यी गायकले 'आज फेरी एकान्तमा...' गीतबाट ख्याती आर्जन गरेका छन् । यही गीतबाट अजरले हालै वितरित नेसनल म्युजिक एवार्डमा सर्वोत्कृष्ट आधुनिक गायकको एवार्ड समेत हात पारेका थिए । यी अविवाहित गायकले कम समयमै आफ्नो छुट्टै पहिचान बनाएका छन् । आफ्ना केही गीतका म्युजिक भिडियोमा आफैंले अभिनय समेत गरेका अजर सुगम संगीतका गीतमा उत्कृष्ट सुनिन्छन् ।

## बुद्ध लामा

गायनमा आधारित रियालिटी शो नेपाल आइडलमा सहभागिता जनाएदेखि नै गायक बुद्ध लामा चर्चामा रहे । झन्डै ६ महिना चलेको गायन प्रतियोगितामा विजेता नै भएपछि उनको चर्चा चुलियो ।



नेपाल आइडलको उपाधिसँगै स्वदेश तथा विदेशका सांगीतिक कार्यक्रममा सक्रिय यी गायकको स्वर मात्र सुमधुर छैन, व्यक्तित्व समेत उत्तिकै आकर्षक छ । गायनमार्फत नै लामाले थुप्रै प्रशंसक कमाएका छन् । लामा लाखौं श्रोता तथा दर्शकको मायाले सांगीतिक उचाइ छुन सफल हुने बलियो सम्भावना छ । लामा शास्त्रीय, आधुनिक तथा पप शैलीका गीत उत्तिकै मिठासपूर्ण शैलीमा गाउन सक्छन् ।

## निशान भट्टराई

नेपाल आइडलका उपविजेता हुन्– गायक निशान भट्टराई । झट्ट हेर्दा कुनै मोडल अथवा अभिनेता जस्ता देखिने अविवाहित भट्टराईमा पनि हरेक विधाका गीत गाउन सक्ने क्षमता छ । भट्टराईले नेपाल आइडलमा पाएको सफलतापछि आफ्ना केही ओरिजिनल गीतसमेत श्रोतामाझ ल्याइसकेका छन् । ती गीतमा समेत उनी उत्तिकै कर्णप्रिय सुनिएका छन् । सांगीतिक कार्यक्रमका सिलसिलामा स्वदेश तथा विदेश भ्रमण गरिसकेका भट्टराईलाई युवतीहरूले अत्यन्तै मन पराउँछन् । कन्सर्टमा उनका गीत सुन्ने दर्शक एकातिर हुन्छन् भने अर्कातिर उनलाई हेर्न तथा सेल्फी खिच्न चाहने युवतीहरूको संख्या पनि उत्तिकै हुन्छ ।

## प्रताप दास

नेपाल आइडलमा तेस्रो स्थान हासिल गर्न सफल हेण्डसम गायक हुन्- प्रताप दास । नेपाल आइडलमा सहभागिता जनाउनु अघिदेखि नै गायनमा सक्रिय प्रताप दासले केही नेपाली चलचित्रमा पार्श्व गायन समेत गरिसकेका छन् ।



नेपाली तारा-३ को चौथो चरणसम्म पुगेका ललितपुरका यी गायकले चलचित्र नाइँ नभन्नु ल-३ को अलिकति स्वीट तथा चलचित्र प्रेमगीत-२ को मोटरसाइकलमा...जस्ता गीतबाट श्रोता तथा दर्शकको मन जितिसकेका छन् । नेपाल आइडलमा गायनका साथै आकर्षक व्यक्तित्वका कारण समेत दर्शकको मन जितेका यी प्रतिभाशाली गायक पनि हालसम्म अविवाहित नै छन् ।

## सलिनमान बानियाँ

अभिनय गरेको पहिलो चलचित्रबाटै स्थापित हुने थोरै अभिनेताहरूमा सलिनमान बानियाँ पनि एक हुन् । यसै वर्ष प्रदर्शित अभिनेत्री झरना थापाको चलचित्र 'ए मेरो हजुर-२' मार्फत रजतपटमा आएका यी अभिनेताले यही चलचित्रबाट लोकप्रियता हासिल गरे । युवतीहरूमाझ लोकप्रिय यी अविवाहित अभिनेताले हालसम्म दोस्रो चलचित्रमा अभिनय गर्ने जाँगर चलाएका छैनन्, यद्यपि उनले थुप्रै चलचित्रबाट अभिनयको प्रस्ताव पाइरहेका छन् । आफ्नै व्यवसायमा आबद्ध हुने निर्णय गरेका कारण यी हेन्डसम अभिनेतालाई भविष्यमा चलचित्रको पर्दामा देख्न पाइने सम्भावना कमै छ ।

## स्वप्निल सुमन

युट्युबले जन्माएका स्टारहरूमध्ये एक हुन्– गायक स्वप्निल सुमन । उनको वास्तविक नाम सुमन थापा हो, जो सन् २०१२ देखि यूट्युबमा स्वप्न सुमनको नामबाट सक्रिय छन् । स्वदेश तथा विदेशका कन्सर्टमा समेत सहभागिता जनाइरहेका यी गायकले गाएको तिहार विशेष गीत नेपाल युट्युबको ट्रेन्डिङमा परेको थियो, जसमा उनले चलचित्र उपहारको लौ न मायालुको देशमा तथा विपुल क्षेत्रीको फर्की आयो असारलाई म्यासअप गरेका थिए । सुमनले सुन भन न, उकाली चढौंला, सानु म, मोहनी लाग्ला है, छिट्को गुन्यु, ए कान्छा ठट्टैमा आदि गीतका कभर भर्सनबाट लोकप्रियता हासिल गरेका हुन् । यी गायकको वास्तविक गीत 'कसरी भनौं' को लिरिकल भिडियो युट्युबमा १ करोड १४ लाख पटक हेरिएको छ । यही गीतबाट उनी नेसनल म्युजिक एवार्डको उत्कृष्ट नवप्रतिभा विधामा मनोनीत समेत भएका थिए ।



# मिस सुपर वर्ल्डवाइडमा नेपाल



मिस सुपर मोडल वर्ल्ड वाइड-२०१८ मा आसिना देउलाले नेपालको प्रतिनिधित्व गर्ने भएकी छिन् । भारतको नयाँ दिल्लीमा चैत १ देखि १२ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा नेपालसहित अस्ट्रेलिया, अजरबैजान, फ्रान्स, घाना, भारत, इन्डोनेसिया, इजराइल, जमैका, जापान, केन्या, मलेसिया, मेक्सिको, फिलिपिन्स, श्रीलंका, थाइल्यान्ड, रूस, केन्या, स्यानमार, भेनेजुएला, जिम्बावे आदि तीन दर्जन मुलुकका सुन्दरीहरूको सहभागिता रहनेछ ।

प्रतियोगिताका लागि नेपालको आधिकारिक संस्था नेप्लिज काउन्सिलका दीपेन्द्ररत्न शाक्यका अनुसार अनुभव र क्षमताका आधारमा आसिना देउला मिस सुपरमोडल वर्ल्ड वाइड-२०१८ का लागि प्रतिनिधि निर्क्योल गरिएकी हुन् । होटल म्यानेजमेन्टकी विद्यार्थी १९ वर्षीया आसिना यसअघि २०१५ को एसएलसी प्रिन्सेस् बेस्ट हेयर तथा बेस्ट ड्रेस उपाधि विजेता हुन् । रुबरु ग्रुपको आयोजनामा सञ्चालन हुने मिस सुपरमोडल वर्ल्ड वाइड-२०१८ को फाइनल चैत १२ गते दिल्लीस्थित किङडम अफ ड्रिम्स अडिटोरियममा सञ्चालन हुनेछ ।

# फागुन २५ मा स्टडी इन अस्ट्रेलिया मेला

अस्ट्रेलिया जान चाहने विद्यार्थीहरूका लागि त्यहाँको शिक्षा प्रणाली, भिसा प्रक्रिया एवं छात्रवृत्तिका विषयमा जानकारी दिने उद्देश्यले स्टडी इन अस्ट्रेलिया मेला-२०७४ सञ्चालन हुने भएको छ । एजुकेसन पार्कले प्रत्येक वर्ष आयोजना गर्दै आएको उक्त मेलामा अस्ट्रेलियाका २० भन्दा बढी उत्कृष्ट विश्वविद्यालय तथा कलेजको सहभागिता रहने एजुकेसन पार्कका विराज पाण्डेले बताए । २५ फागुनदेखि सिभिल मलको छैटौं तल्लामा सञ्चालन हुने उक्त मेलामा शिक्षा मन्त्रालयबाट जारी परामर्श तथा भाषा शिक्षण निर्देशिका बमोजिम परामर्श प्रदान गरिनेछ । मेलामा विभिन्न कलेज तथा विश्वविद्यालयका प्रतिनिधिहरूबाट छात्रवृत्तिसम्बन्धी जानकारी गराइने मेला आयोजक पाण्डेले बताएका छन् ।

# ब्युटिसियन नेपाल



अमेजन इन्टरटेनमेन्टको आयोजनामा सञ्चालित ब्युटिसियन नेपालको चौथो संस्करणको उपाधि शिलाष्मा मल्लले जितेकी छिन् । उक्त प्रतियोगितामा शिलाष्माले १५ जना प्रतिस्पर्धीलाई पछि पारेकी थिइन् । प्रतियोगितामा सविना चित्रकार फस्ट रनर्सअप घोषित भइन् भने विना श्रेष्ठले सेकेन्ड रनर्सअपमा चित्त बुझाइन् । उक्त प्रतियोगितामा मोडलहरूले कल्पनाज् बुटिक तथा तेह्रथुमे ढाका बुटिकका कलेक्सनसमेत प्रस्तुत गरेका थिए ।

## धनकुटा महोत्सवमा १४ जिल्लाका सामग्री

धनकुटामा १४ जिल्लाका सामग्रीसहित बृहत् धनकुटा महोत्सव सञ्चालन भैरहेको छ । गत आइतबार प्रारम्भ भएको महोत्सवमा नेपाल व्यापार रणनीति कार्यक्रम (एनटिआइएस) मा परेका १९ वटा वस्तुसहित १ सय ६० वटा स्टल राखिएका छन् । नेपाल उद्योग वाणिज्य संघ धनकुटाको आयोजनामा फागुन ३० गतेसम्म चल्ने मेलाको मुख्य आकर्षण हेलिकप्टरबाट जिल्लाका धार्मिक तथा पर्यटकीयस्थलको दृश्यावलोकन गराइने कार्यक्रम रहेको आयोजकहरूले बताएका छन् ।

नरेन्द्र बस्नेत



# पोखरामा वुमन कन्सर्ट

१ सय ८ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा फागुन २४ गते (मार्च ८) का दिन पोखराको अमरसिंहको खुला चौरमा वुमन इन कन्सर्ट प्रस्तुत भएको छ । विगत आठ वर्षदेखि काठमाडौंमा हुँदै आएको यो सांगितिक कार्यक्रम यसपालि पोखरा सहित बिर्तामोड, बुटवल तथा धरानमा सञ्चालन गर्न लागिएको आयोजकहरूले बताएका छन् ।

कार्यक्रममा अभया एन्ड द स्टिम इन्जिन्स (काठमाडौं), द रक स्टेरियो (पोखरा), द ड्रिमर्ज (पोखरा), हाउस अफ होप (काठमाडौं) तथा छिरिङ एन्ड द ब्यान्ड (काठमाडौं) सहित ५ वटा ब्यान्डको सहभागिता छ । सांगीतिक कार्यक्रमको उद्घोषण पूर्व मिस नेपाल माल्भिका सुब्बाले गरिरहेकी छिन् ।

## नवौं अन्तर्राष्ट्रिय लोकसांस्कृतिक मेला


पोखरामा मंगलबार नवौं अन्तराष्ट्रिय लोक सांस्कृतिक मेला सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न देशका लोकसंस्कृति प्रस्तुत भएका थिए । एभरेस्ट नेपाल सांस्कृतिक समूहद्वारा आयोजित मेलामा ११ मुलुकका कलाकारहरूको सहभागिता थियो । मेलामा नेपालसँगै बंगलादेश, भारत, मलेसिया, इन्डोनेसिया, कोस्टारिका, इस्टोनिया, ग्रिस, टर्की, इटाली तथा इजरायलका कलाकारहरूले झाँकीसहित आ-आफ्नो देशको लोकसंस्कृतिको झलक देखाए । नवौं अन्तराष्ट्रिय लोकसांस्कृतिक मेलाअन्तर्गतको यो कार्यक्रम फागुन १८ गते नाचघर जमल, १९ गते वसन्तपुर दरबार क्षेत्र तथा २१ गते नारायणीतिर गैंडाकोट नवलपरासीमा समेत सम्पन्न भएको थियो ।

# हस्पिटालिटी नेपालको उपाधि



पोखरामा आयोजित दोस्रो संस्करणको हस्पिटालिटी नेपालको उपाधि कविता पौडेलले जितेकी छिन् । अन्तिम प्रतिस्पर्धामा उत्रिएका २६ जनालाई पछाडि पार्दै नेपाल टुरिजम एन्ड होटल म्यानेजमेन्ट कलेजमा बीएचएम दोस्रो वर्षमा अध्ययनरत पौडेलले उक्त उपाधि हात पारेकी हुन् । एपी इन्टरटेनमेन्टले आयोजना गरेको प्रतियोगिताको फस्ट रनर्सअप विश्वदीप थापा, तथा वेस्टर्न मेगा कलेज बुटवलमा बीएचएम दोस्रो वर्षमा अध्ययनरत रुबी रानामगर सेकेन्ड रनर्सअप घोषित भएकी थिइन् ।

# पाँचौं प्राचीन कपिलवस्तु महोत्सव



पाँचौं प्राचीन कपिलवस्तु महोत्सव गत आइतवार प्रारम्भ भएको छ । ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक मनोरम स्थलको प्रचार-प्रसार गरी पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्न यो महोत्सवको आयोजना गरिएको हो ।

महत्त्वपूर्ण पुरातात्विक स्थलको नमुना राखेर यो महोत्सवलाई आकर्षणको केन्द्र बनाउने प्रयास गरिएको छ । बुद्धपरिपथ नाम दिएर चार बुद्धस्थल राजा शुद्धोदनको राजप्रासाद, राजकुमार सिद्धार्थले २९ वर्षको युवा अवस्था बिताएको तिलौराकोट तथा भगवान गौतम बुद्धले ज्ञान प्राप्त गरेपछि पहिलो पटक आमाबुवासँग भेटघाट गरेको निग्रोधारामको तस्बिरलाई जस्ताको तस्तै उतारिएको छ । सम्राट् अशोक तीर्थाटन गर्न आउँदा गोटिहवा र निग्लिहवामा बनाएको अशोक स्तम्भलाई पनि हुबहु उतारिएको छ ।

जिल्लाका पर्यटकीय तथा ऐतिहासिक स्थलको तस्बिर प्रदर्शनी तथा भगवान गौतम बुद्धसँग सम्बन्धित ऐतिहासिक वृत्तचित्र प्रदर्शनी महोत्सवको अर्को रोचक पक्ष हो । महिलाहरूले कुश, काँस, केराको बोक्रा तथा बाँस आदि स्थानीय सामग्री प्रयोग गरी बनाएका सामग्री पनि महोत्सवका स्टलमा छन् । महोत्सवमा कलाकारहरूले विभिन्न कलामार्फत मनोरञ्जन प्रदान गरिरहेका छन् । फागुन २० प्रारम्भ भएको यो महोत्सव ३० गतेसम्म चल्नेछ ।

# नयाँ मिस तामाङ



एघारौं संस्करणको मिस तामाङ-२०१८ को उपाधि ठोरी, पर्साकी सिम्रन स्याङ्बोले जितेकी छिन् । उक्त प्रतियोगितामा रञ्जिता लामा फस्ट रनर्सअप तथा कुन्छान लामा सेकेन्ड रनर्सअप घोषित भएका थिए । यसैगरी गीताञ्जली पाखिन थर्ड रनर्सअप तथा अनिशा तामाङ फोर्थ रनर्सअप चयन भए ।

## शिक्षा तथा स्वास्थ्य महोत्सव


मोरङको बेलबारीमा फागुन १६ गते प्रारम्भ भएको शिक्षा तथा स्वास्थ्य महोत्सवमा विभिन्न शैक्षिक प्रदर्शनी एवं निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ । महोत्सवमा मनोरञ्जन प्रदान गर्ने उद्देश्यले दैनिक रूपमा कलाकारहरूले प्रस्तुति दिइरहेका छन् । विशुद्ध फरक उद्देश्यका साथ आयोजित महोत्सव अपेक्षा गरेभन्दा सफल भएको आयोजक संस्था युवा जागरण अभियान नेपालका सचिव हरि गुरुङले बताए ।



# नुवाकोट महोत्सवमा कलाकारको जमघट

पाँचौं नुवाकोट महोत्सवमा लोकदोहोरी गायक खुमन अधिकारी, कृष्ण गुरुङ, उद्धव कार्की, हास्यकलाकार यमन श्रेष्ठ तथा बद्दारे कान्छोले दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेका थिए । भोलि शनिबारसम्म चल्ने महोत्सवमा गत बुधबार प्रस्तुत गरिएको हास्यकलाकार धुर्मुस-सुन्तलीको प्रहसनले विशेष चर्चा पाएको थियो । मेलाको आकर्षणका रूपमा उँट र अस्ट्रिच पनि छन् । उँटको आकर्षक नृत्य तथा अस्ट्रिचको अण्डा एवं चल्ला अवलोकनकर्ताहरूले दोहोऱ्याई-तेहेऱ्याई हेर्ने गरेका छन् ।

पहिलो विश्व

# ड्रोनमार्फत फेसन शो



फेसनको राजधानी इटालीको मिलान, त्यसमाथि विश्वमै सर्वाधिक रुचाइएको ब्रान्ड डोल्सी एन्ड गाबाना । यस्तो मिलन भएको फेसन शो हेर्न पाउनु भनेको फुटबलका प्रशंसकले विश्वकप फुटबल प्रतियोगिता हेर्न पाउनुसरह नै हो । महिलाहरूको ह्यान्ड ब्यागका लागि आयोजित उक्त फेसन शोमा डोल्सी एन्ड गावानाले नयाँ शैली प्रस्तुत गर्दा फेसन पारखीहरू आनन्दित हुने नै भए । डोल्सीले आफ्ना ह्यान्ड ब्यागलाई ड्रोनमा उडाएर र्‍याम्पमा घुमाएको थियो । फेसन शोमा डोल्सीका नयाँ डिजाइन जति आकर्षक थिए फेसन शो त्योभन्दा बढी आकर्षक देखिन्थ्यो ।



# ट्वाइलेट पेपरको संकट

हामीले ग्याँस, पेट्रोलियम पदार्थ, पानी आदिको संकटको सामना गरेका छौं, तर ट्वाईलेट पेपरको पनि संकट हुन्छ भन्ने कुरा कमै सुनेका छौं । यदि त्यस्तो कुरा सुनियो नै भने पनि त्यो एउटा ठट्टा मात्र मानिन सक्छ, तर एसियाको विकसित मुलुक ताइवानमा भने अहिले ट्वाइलेट पेपरको संकट छ । ताइवानका डिपार्टमेन्टल स्टोरमा ट्वाइलेट पेपर राखेको केही मिनेटमै सकिने गरेको छ । यो संकट प्रयोगका कारण नभै यसको मूल्य वृद्धि हुने आशंकामा निम्तिएको हो । ट्वाइलेट पेपरमा ३० प्रतिशतसम्म मूल्य वृद्धि हुने हल्ला चलेपछि उपभोक्ताहरू त्यसको सञ्चय गर्नतिर लागेका छन्, जसका कारण ताइवानमा ट्वाईलेट पेपरको यस्तो संकट देखा परेको हो ।



# सफल भयो विकिनी कफी

विश्वमा जसरी कफीका पारखीहरू बढ्दै गएका छन्, यसको बिक्रीका लागि पनि उत्तिकै प्रतिस्पर्धा छ । वासिङ्टनमा सञ्चालनमा आएको एक कफी सपले आफ्ना सेल्स गर्लहरूको ड्रेस कोड विकिनीलाई बनाएको छ । चार्ली जोले सञ्चालनमा ल्याएको यो कफी सपलाई केहीले बेरोजगार महिलाहरूको शोषण बताए पनि कफी सप भने निकै चलेको छ । बिकिनीमा रहेका महिलाहरूले एस्प्रेसो सर्भ गरेको क्षण धेरै कफी पारखीहरूका लागि आनन्दको क्षण हुने गरेको छ । यहाँ कफीअनुसार कुनैमा महिलाले बिकिनी लगाउँछन् भने कुनैमा अन्डरवेयर मात्र भने केहीमा स्तनलाई कफीले छोपेर सर्भ गर्छन् । यो रमाइलो शैलीलाई धेरैले फाइभ स्टार रेटिङ दिएका छन् भने यो कफी सपको फेसबुक पेज तथा एपलाई दसौं हजारले फलो गरेका छन् ।

# मिस वेल्समा छनोट भइन् मेकानिक




दिनभर ग्रिज, मोबिल, पेन्चिस, मार्तोल आदि चलाउँदै सवारी साधन मर्मतमा व्यस्त रहने एक युवती मिस वेल्स-२०१८ को फाइनलका लागि छनोट भएकी छिन् । इन्जिनियरिङकी १९ वर्षीया छात्रा लिज जेनकिङ आफ्नो ब्याचबाट सवारी साधन मर्मतसम्भार गर्न निस्कने थोरै छात्रामध्ये एक हुन् । अटोमोटिभ इन्जिनियरिङ पढेका ३ सय छात्रामध्ये मुस्किलले १ वा २ जना मात्र आफूले पढेको विषयमा काम गर्छन् जसमा लिज पनि एक हुन् । उनी कारको मात्र नभएर ग्यारेजमा आउने लरी तथा ट्रकको समेत मर्मत गर्छिन् । लिज महिलाहरू पनि अटोमोटिभ इन्जिनियरिङ पढेर आफूले गरे जस्तो काममा आउन भनेर पनि यसमा सक्रिय भएको बताउँछिन् । मिस वेल्सका लागि आयोजकहरूले ३२ जना युवती छनोट गरेका छन् । उनीहरूलाई विशेष प्रशिक्षण प्रदान गरेपछि अप्रिलमा हुने फिनालेमा सहभागी गराइनेछ ।

# बहुविवाह गर्दा घर भत्ता



संयुक्त अरब इमिरेट्स (युएई) सरकारले बहुविवाह गर्ने पुरुषलाई घर भत्ता दिने नयाँ कानुनको घोषणा गरेको छ । युएईमा महिलाहरूको जनसंख्या बढ्दै गएपछि पुरुषले बहुविवाह नगरे विवाह गर्ने पुरुष फेला पार्न कठिन हुँदै जाने कुरा खलिज टाइम्सले जनाएको छ । यस्तो अवस्थामा विकास मन्त्रीले कुनै पुरुषले बहुविवाह गर्छ भने उसलाई सरकारले बनाएको घरमा बस्न दिने घोषणा गरेका हुन् । युएई सरकारले एक जनासँग विवाह गर्नेलाई पनि घर भत्ताको सुविधा दिँदै आएको थियो भने दोस्रो विवाह गर्दा कान्छी श्रीमतीलाई कहाँ राख्ने भन्ने द्विविधा नहोस् भनेर प्रोत्साहनस्वरूप यो निर्णय गरिएको बताइएको छ ।

अपराध

# पतिलाई मार्न प्रेमीसँग मिलेर सुटरलाई 'सुपारी'



तीन वर्षअघि प्रियंकासँग मागी विवाह गरेका उमेश विवाह लगत्तै रोजगारीका लागि दुबई हान्निए । वीरगन्जमै बसेर अनमी अध्ययनरत उनकी पत्नी प्रियंकाको अर्का युवक बिकेन्द्रसँग चिनजान भयो । त्यो चिनजान त्यतिमै सीमित रहेन, प्रियंका विकेन्द्रको प्रेममा परिन् र उनीहरुबीच एक्स्ट्रा मेरिटल अफेयर्स सुरु भयो ।

शंकर आचार्य

पर्साकी एक विवाहित महिलाले आफ्ना प्रेमीसँग विवाह गर्न आफ्नै पतिमाथि 'कन्ट्याक्ट किलर'मार्फत ज्यान लिने उद्देश्यका साथ हमला गराइन् र प्रहरीको फन्दामा परिन् ।

पर्साको बिन्धवासिनी गाउँपालिका-३ झौंवागुठी घर भै हाल वीरगन्ज महानगरपालिका-१३ मा डेरा गरी बस्दै आएका ३५ वर्षीय उमेश चौरसियामाथि उनकी पत्नीको सुपारीमा बुधबार राति करिब साढे ९ बजे वीरगन्ज-१३ लालबंगला नजिक अज्ञात समूहले गोली हानी हत्या गर्ने प्रयास गऱ्यो । लालबंगला क्षेत्रमा सधैं उच्च सुरक्षा सर्तकता रहन्छ, तर त्यही बलियो सुरक्षा क्षेत्रभित्रै गोली चल्यो, त्यो पनि कसैको हत्या गर्ने योजनाका साथ ।

लालबंगलामा जिल्ला प्रहरी कार्यालय छ, त्यो भारतीय महावाणिज्य दूतावास रहेको सुरक्षा संवेदनशील क्षेत्र पनि हो । त्यही भएकाले प्रहरी टोली ३ मिनेटमै घटनास्थलमा पुग्यो । २ नम्बर प्रदेशका मुख्यमन्त्री लालबाबु राउत होलीको बिदा मान्न गृहनगर वीरगन्ज प्रवेश गरेको आधा घण्टा नबित्दै भएको उक्त गोलीकाण्डका कारण महानगरमा सनसनी फैलिएको थियो । गोलीकाण्डले प्रहरीलाई सक्रिय मात्र बनाएन घटनाको तहसम्म पुगेर अपराधी पक्राउ गर्न चर्को दबाबसमेत सिर्जना भयो । फलस्वरूप ६ घण्टाको छोटो अवधिमै प्रहरीले उक्त सुनियोजित घटनाको पर्दाफास गऱ्यो ।

प्रहरी अनुसन्धानले उमेशको हत्या प्रयासमा अरू कोही नभै उनकै पत्नी प्रियंकाको हात रहेको रहस्य सतहमा ल्यायो । पति उमेश विदेशमा रहेका बेला विवाहेत्तर सम्बन्ध गाँसेकी ३० वर्षीया प्रियंकाले प्रेमी बारा परवानीपुर गाउपालिका-१ का २४ वर्षीय विकेन्द्रकुमार गुप्तासँग मिलेर पति उमेशको हत्याको प्रयास गरेको रहस्य खुल्यो । तीन वर्षअघि प्रियंकासँग मागी विवाह गरेका उमेश विवाह लगत्तै रोजगारीका लागि दुबई हान्निए । वीरगन्जमै बसेर अनमी अध्ययनरत उनकी पत्नी प्रियंकाको अर्का युवक बिकेन्द्रसँग चिनजान भयो । त्यो चिनजान त्यतिमै सीमित रहेन, प्रियंका विकेन्द्रको प्रेममा परिन् र उनीहरूबीच एक्स्ट्रा मेरिटल अफेयर्स सुरु भयो ।

लामो समय वैदेशिक रोजगारीमा बिताएपछि केही पैसा बोकेर उमेश आफ्नै व्यापार व्यवसाय गरी बाँकी जीवन बिताउने उद्देश्यका साथ स्वदेश फर्किए । यसका लागि वीरगन्जमा आफ्नै घर बनाएर पत्नी प्रियंकासँग बस्ने उनको योजना थियो । उनले वीरगन्जमा घर बनाउने काम पनि प्रारम्भ गरिसकेका थिए ।

यता पति आफूसँगै बसेपछि प्रेम सम्बन्धलाई निरन्तरता दिन समस्या हुने देखेर प्रियंका र उनका प्रेमी मिलेर उमेशको हत्या गराउने निर्णयमा पुगे । उमेशको मृत्युपछि विवाह गरी सँगै बस्ने उनीहरूको योजना थियो ।

## अपराध स्वीकार, उमेश उपचारमा

पक्राउ परेका चारैजनाले अपराधमा आफ्नो सहभागिता स्वीकार गरी सकेको डिएसपी लिम्बू बताउँछन् । अहिले प्रहरी सुटर समूहलाई अवैध पेस्तोल बिक्री गर्ने कारोबारीको खोजीमा केन्द्रित छ । तराईका सीमावर्ती गाउँहरूमाअवैध हतियार बनाउने विभिन्न व्यक्ति तथा गिरोह सक्रिय छन् । अधिकांश हत्यामा यस्ता अवैध हतियार नै प्रयोग हुन्छन् ।

उमेशलाई उपचारार्थ नारायणी उपक्षेत्रीय अस्पतालमा भर्ना गरिएकोमा अस्पतालले रिफर गरेपछि बुधबार राति नै थप उपचारका लागि राजधानीको नर्भिक अस्पताल पुऱ्याइएको थियो । उमेशको हत्या प्रयासमा प्रयोग गरिएको गोलीमा बढी छर्रा थियो । दाहिने कोखाभित्र प्रशस्त छर्रा रहेको एक्सरे रिपोर्टमा समेत देखिएको छ । हाल उनको अवस्था सुधारोन्मुख छ ।

घटनाको भोलिपल्ट अर्थात बिहीबार बिहानै मुख्य मन्त्री राउतले जिल्लाका सुरक्षा प्रमुखहरूलाई आफ्नै निवासमा बोलाई बुधबार भएको घटनामा संलग्न अपराधीलाई अविलम्ब पक्राउ गरेर जनतालाई सुरक्षाको प्रत्याभूति दिन निर्देशन दिएका थिए ।

जिल्लामा बुधबार राति नै एक नाबालिकाको बलात्कार तथा अर्का युवकउपर गोली प्रहारको घटनापछि २ नम्बर प्रदेशका आन्तरिक मामिला तथा गृहमन्त्री ज्ञानेन्द्र यादव शुक्रबार वीरगन्ज आएर घटनाका सम्बन्धमा स्थलगत जानकारी लिनुका साथै प्रहरीलाई घटनाको तहसम्म पुग्न निर्देशन दिए । वीरगन्ज प्रदेशको मात्र नभै मुलुककै संवेदनशील सहरमध्ये एक मानिन्छ । यहाँ हुने अस्थिरता र अपराध कर्मले केन्द्रीय सरकार तथा केन्द्रीय प्रहरीलाई समेत चिन्तित तुल्याउँछ ।

प्रहरी सक्रियताका कारण उक्त घटना भएको ६ घण्टाभित्रै चारै जना अभियुक्त पक्राउ परे । सुटरलाई पक्रन सिसिटिभी क्यामेरा तथा स्थानीय बासिन्दाको पनि सहयोग रह्यो । संवेदनशील घटनामा मुख्य दोषी तथा योजनाकारहरूलाई पक्रन सिसिटिभी क्यामेराले सहयोग गरेको जिल्लाकै यो पहिलो घटना हो ।

पछिल्लो समय वैदेशिक रोजगारीले बढाएको पारिवारिक तथा सामाजिक विचलनको एउटा उदाहरण हो यो घटना । विगतमा नेपालका पहाडी जिल्लाहरूमा वैदेशिक रोजगारीका कारण यस्ता अपराध तथा विचलनका घटना बढी हुँदै आएकोमा अब तराईमा समेत यस्ता घटना सतहमा आउन थालेका छन् ।

## कसरी परे फन्दामा ?

गोली काण्डपछि केही अस्वभाविक गतिविधि देखाएकी प्रियंका उपर प्रहरीलाई शंका लागेर उनको पृष्ठभूमि पत्ता लगाउँदा बिकेन्द्रसँग उनको नजिकको सम्बन्ध भएको कुरा पत्ता लाग्यो । बिकेन्द्रसँग सोधपुछ गर्दा उनले नारायणी उपक्षेत्रीय अस्पतालबाट आफ्नो बाइक हराएको कुरा बताए तर बाइकको साँचो उनीसँगै थियो । बिकेन्द्रको झोलाबाट प्रियंकाका केही कागजात र फोनमा घटनाकै राति उनीहरूबीच कुराकानी भएको पाइएपछि प्रहरीले उनलाई तत्कालै नियन्त्रणमा लियो । त्यसपछि प्रहरी प्रियंका र बिकेन्द्रबीच प्रेम सम्बन्ध भएको निष्कर्षमा पुग्यो ।

सिसिटिभी क्यामेरामा बिकेन्द्रको मोटरसाइकल सुटरहरूले प्रयोग गरेको देखिएपछि बिकेन्द्रमार्फत दुवै सुटर प्रहरीको फन्दामा परे । गोली हान्ने बेला सुटर मनोजले मोटरसाइकल र मुन्नाले गोली चलाएका थिए । प्रियंकाले फोनमार्फत मुन्नालाई पति उमेशको लोकेसन दिएको कुरा यकिन भएपछि अन्ततः प्रियंकालाई पनि राजधानीबाट पक्राउ गरियो । पक्राउ परेपछि सबैले आ-आफ्नो अपराध स्वीकार गरिसकेका छन् ।

प्रियंकाले पति उमेशसँग पटक-पटक सम्बन्धबिच्छेदको मागसमेत गरेकी थिइन् । विवाह भएको झन्डै ५ वर्ष बिते पनि उनीहरूबीच राम्रो सम्बन्ध थिएन । दुवैका सन्तान पनि जन्मिएका थिएनन् । उमेशले लोकलाजका कारण सम्बन्ध-विच्छेद गर्न नचाहेको बताइन्छ ।

## को हुन बिकेन्द्र ?

२३ वर्षीय बिकेन्द्रकुमार गुप्ता वीरगन्जको बिर्तास्थित अपोलो अर्थो ट्रमा सेन्टरमा सिएमए पदमा कार्यरत थिए । अविवाहित बिकेन्द्र २ वर्षअघि जिल्ला प्रशासन कार्यालय वीरगन्ज नजिकको एक औषधि पसलमा बिक्रेताका रूपमा काम गर्थे । त्यही बेला उक्त पसलमा औषधि किन्न आउने प्रियंकासँग उनको चिनजान भयो । बिस्तारै उनीहरूबीच प्रेमसम्बन्ध रहन गयो । अनमी पढेकी प्रियंकाले वीरगन्जकै भवानी अस्पतालबाट ओजिटी गरिन् । दुवैको भेटघाटसँगै अन्तरंग सम्बन्ध विकसित हुन थाल्यो । प्रियंका बिकेन्द्रको घरसम्मै पुगेर उनको परिवारका सदस्यहरूसँग भेट्न थालिन । उनीहरूबीचको बढ्दो सम्बन्धका बारेमा उमेशले पनि छनक पाएका थिए । आफूले विदेशमा कमाएर पठाएको रकमलाई लिएर बेला-बेलामा उमेशको प्रियंकासँग विवादसमेत हुने गरेको थियो । त्यसैले पनि उमेश र प्रियंकाबीचको दूरी बढ्दै गएको थियो । उमेश स्वदेशमै बस्ने मनसायका साथ नेपाल फर्किएपछि उनी श्रीमती प्रियंकासँग वीरगन्जमै डेरा लिएर बस्न थाले । त्यस क्रममा उनीहरूको घर पनि बन्दै थियो ।


## भाडाका सुटरको प्रयोग

प्रियंका र बिकेन्द्रले उमेशको हत्याका लागि बारा परवानीपुर गाउँपालिका-१ का २७ वर्षीय मनोज गुप्तालाई २५ हजार रुपैयाँ सुपारी दिए । गुप्ताले उक्त रकमबाट (हाल अनुसन्धानका लागि नाम गोप्य राखिएको) एक व्यक्तिबाट ११ हजार रुपैयाँमा १२ बोरको बन्दुकको गोली र त्यसमा लाग्ने १ राउण्ड गोली सहितको कट्टुवा पेस्तोल खरिद गरे ।

हत्याको जिम्मेवारी लिएका गुप्ताले हत्या प्रयोजनका लागि वीरगन्ज-१२ मूर्लीका २५ वर्षीय मुन्ना साह कानुलाई आफ्नो मिसनमा सामेल गरे । दुवै मिलेर बिकेन्द्रले उपलब्ध गराएको ना ३४ प १०३ नम्बरको मोटरसाइकल लिई कामको सिलसिलामा भैरहवा, बुटवलबाट फर्कंदै गरेका उमेशलाई पछ्याई डेरा पुग्नुअघि बाटोमै रोकी कम्मरमाथि र दाहिने कोखामुनि गोली प्रहार गरेर फरार भए ।

गोली हानेपछि गुप्ता र कानु रानीघाटको बाटो हुँदै भागेका थिए । सुटर समूहलाई पति उमेशको लोकेसन उपलब्ध गराउन प्रियंकाले नै पटक-पटक फोन गरेकी थिइन् ।

## योग र जीवन



लोकनाथ खनाल
योग प्रशिक्षक,
पतञ्जली योग समिति

# अरुचि हटाउन भोक बढाउन



- पेटको अग्नि कमजोर भएपछि खाना पच्दैन र खाना रुचिकर समेत हुँदैन ।
- खाएको खाना राम्रोसँग पचेन भने भोक लाग्दैन र त्यसको स्वाद पनि पाइँदैन ।
- हर्रोको चूर्ण र सुठो सखर वा सिधे नुनसँग खाँदा मन्दाग्नी ठीक भएर भोक बढ्छ ।
- बिरेनुन अर्थात् कालोनुन चाट्दा ग्याँसको समस्या हट्छ, भोक बढ्छ र पेट सफा हुन्छ ।
- हर्रो एवं सुठोको चूर्ण तथा सखर मोहीमा मिसाएर खाँदा भोक बढ्छ र पेटको समस्या समाधान हुन्छ ।
- दैनिक स्याउ खाँदा भोक बढ्छ भने रगत शुद्ध अनि पेट सफा हुन्छ ।
- ज्वानोको पाउडरमा सिधेनुन मिसाएर बिहान मनतातो पानी पिउँदा भोक बढ्छ भने बाथ रोगमा पनि फाइदा हुन्छ ।
- जायफल चूर्ण १ ग्राम महसँग चाट्दा मन्दाग्नि हटेर पाचन अग्नि प्रबल हुन्छ ।
- कागतीको रस पानीसँग खाँदा भोक बढ्छ ।
- खाना खानुभन्दा पहिले अदुवा र सिधेनुन खाँदा भोक बढ्छ ।

## व्यक्तित्व विकास



- सधैं कुनै न कुनै लक्ष्य लिएर अघि बढ्नुपर्छ । लक्ष्य राखे मात्र त्यो कुरा पूरा गर्न सकिन्छ ।
- कुनै पनि कुरामा सफलता प्राप्त गर्न इच्छाशक्ति बलियो बनाउनुपर्छ ।
- असफल हुँदैमा हरेस खानु हुँदैन । असफलताबाटै पाठ सिकिन्छ ।
- राम्रो बानीको विकास गर्नुपर्छ । राम्रो बानीले मानिसलाई सफलता उन्मुख बनाउँछ ।
- सफलताको बाटोमा देखिएका चुनौतीलाई सहज रुपमा ग्रहण गरेर कामप्रति लगनशील हुनुपर्छ ।

## बालबालिकाको कोठा



- बालबालिकाको कोठामा पढ्ने तथा इन्डोर गेम्स खेल्ने खुल्ला ठाउँ हुनुपर्छ ।
- स्टडी टेबलका साथमा एउटा क्लिप बोर्ड भए पिनको सहायताले आवश्यक कागजात राख्न सकिन्छ ।
- बालबालिका साना भए खेलौना राख्न कोठामा प्लास्टिकका आकर्षक कन्टेनर राख्न सकिन्छ ।
- बालबालिकाको कोठामा पर्दा, बेडसिट तथा पिलोकभरमा कार्टुन क्यारेक्टर एवं पुतलीका चित्र प्रयोग गर्न सकिन्छ ।
- बालबालिकाको कोठालाई थप आकर्षक बनाउन भित्तामा फूल तथा कार्टुन क्यारेक्टरका वालपेपर लगाउन सकिन्छ ।

## ध्यान दिउँ

- कम्तीमा ८ घण्टा सुतौं
- कम्तीमा एक घण्टा व्यायाम गरौं
- धुम्रपान-मद्यपान त्यागौं
- सानातिना स्वास्थ्य समस्यामा आयुर्वेदिक औषधि प्रयोग गरौं
- अर्गानिक फुड बढीभन्दा बढी प्रयोग गरौं
- तनावमुक्त हुने र खुसी रहने प्रयास गरौं
- पर्याप्त मात्रामा पानी तथा तरल पदार्थको सेवन गरौं ।



## फुड ह्याबिट



कीटनाशक एवं रसायनिक मल प्रयोग गरी उब्जाइएको तरकारीबाट टाढै रहनुपर्छ । सागसब्जीलाई आधा घण्टा पानीमा भिजाएर त्यसमा रहेको कीटनाशक औषधि कम गरी पकाउनुपर्छ । कम खाने तथा तीनपटक मुख्य आहार खानुको साटो ६ पटक खानु बढी लाभदायक हुन्छ । स्लिम हुन जे मन लाग्यो त्यही खानबाट जोगिनुपर्छ । आइरन, भिटामिन बी र सी, जिंक तथा भिटामिन ए युक्त पौष्टिक खाना खानुपर्छ । जंकफुडबाट टाढै रहनुपर्छ । फाइबरयुक्त खानाले पेटलाई सफा राख्छ र छालामा चमक प्रदान गर्छ । लौका, तरबुजा, काँक्रा, सागपात आदिमा पानीको मात्रा बढी हुन्छ ।

## खुट्टाको स्याहार




- यो मौसममा खुट्टा फुट्ने भएकाले विशेष ध्यान पुऱ्याउनुपर्छ ।
- बिहान बेलुका मनतातो पानीले राम्रोसँग खुट्टा धुनुपर्छ ।
- खुट्टामा नियमित रूपमा ग्लिसिरिन, पेट्रोलियम जेली वा मोस्चराइजर लगाउनुपर्छ ।
- खुट्टा धेरै फुटेको छ भने स्क्रबले घोटेर सफा गर्ने तथा क्र्याक क्रिम लगाउने ।
- खुट्टामा सधै पातलो मोजा लगाइरहन सकिन्छ ।
- बाहिर हिँड्डुल गर्दा क्लोज सुज लगाउनु उपयुक्त हुन्छ ।

## खुर्सानीका फाइदा




- धेरैजसोलाई पिरो खानेकुरा खान मन पर्छ ।
- हरियो खुर्सानीबाट भिटामिन सी प्राप्त हुन्छ ।
- हरियो खुर्सानीको डाइट्री फाइबर्सले पाचन क्रिया प्रभावकारी बनाउँछ ।
- हरियो खुर्सानीमा प्रशस्त मात्रामा भिटामिन 'ए' पाइने भएकाले आँखा तेजिलो तथा छाला चम्किलो हुन्छ ।

## मेहन्दी आर्ट



- नेपालमा अहिले विशेष चलेका मेहन्दीका डिजाइन कोहिनूर, मारवाडी, राजस्थानी, अरेबिक आदि हुन् ।
- यी डिजाइनको मेहन्दी आर्ट कलात्मक र फरक प्याटर्नका तथा सफा हुन्छ ।
- ग्लिटर टाटु, ब्ल्याक, ब्राउन मेहन्दी आदि टेम्पोररी टाटु हुन् ।
- मेहन्दी लगाएर पछि मेटाइहाल्नुपर्नेहरूका लागि टेम्पोररी मेहन्दी उपयुक्त हुन्छ ।
- मेहन्दी लगाउनुअघि कुन मेहन्दी वा कस्तो डिजाइनको लगाउने भन्ने कुरा निश्चित गर्नुपर्छ ।

## फेसबुक फन्डा



संकलक : जीवन भट्टराई

# कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश कुमार खपाङ्गी
yogeshkhapangi@gmail.com




वृद्ध खडानन्द र साथी ।

खडानन्द : मान्छे जति बूढो हुँदै गयो । उतिउति बल (तागत) थपिँदै जाँदो रै'छ ।

साथी : कसरी ....?

खडानन्द : २० वर्षअघि ५ सयको चिनी किन्दा म त्यसलाई बोक्न सक्दिनथें, अहिले त्यही ५ सयको चिनी सजिलैसँग बोक्न सक्छु ।

---

शेरेका लोग्ने-स्वास्नीबीच झगडा भयो

स्वास्नीले आफ्नो सामान प्याक गर्न थाली, माइती जाने धम्कीसहित ।

शेरेले सोध्यो : कहाँ जान लागेकी ?

स्वास्नीले आँसुसहित धम्की दिँदै भनी : जान्छु मेरै आमाको घर, उतै गएर बस्छु ..बस तिमी एक्लै ।

अब शेरेको पालो, उसले पनि आफ्नो सामान प्याक गर्न थाल्यो ।

स्वास्नीले सोधी : तिमी चै कहाँ जान लागेको नि ?

शेरेले भन्यो : म पनि जान्छु मेरै आमाको घर । तेरो मात्र आमाको घर छ कि क्या हो ?

स्वास्नीले रिसले यत्रा ठूला बल्ड्याङ्ग्रे आँखा तर्दै भनी : अनि छोरा-छोरीचाहिँ कोसँग बस्छन नि ?

शेरेले शान्त पाराले भन्यो : तँ तेरै आमाकहाँ जान्छेस्, म मेरै आमाकहाँ जान्छु भने मैले भन्नुपर्छ र छोरा-छोरी पनि उनीहरूकै आमाकहाँ जान्छन् नि ।

---

शेरे एक दिन बिजुली मर्मत गर्दै थियो, त्यही क्रममा उसले आफ्नी बूढीलाई बोलाएछ ।

शेरे : ए बूढी, यता सुन् त ।

बूढी : के हो ?

शेरे : एकछिन यता आइज न

बूढी : ल आएँ, भन ?

शेरे : यी दुईवटा तारमध्ये एउटामा समात त ।

बूढी : किन ?

शेरे : एकपटक समात् न भनेको ।

बूढी : ल समातें ।

शेरे : केही भयो ?

बूढी : केही भएन

शेरे : ल ठीक छ,

यसको मतलब करेन्ट अर्को तारमा छ ।

---

शेरेको नवविवाहित जोडी आफ्नो हनिमुन मनाउन एउटा होटलमा गए र त्यहाँ उनीहरूले तीन दिन बिताए । उनीहरूको बिल ५० हजार आयो ।

शेरेले म्यानेजरसँग सोध्यो : यत्रो पैसा किन ? जबकि हामीले सारा खाना यो होटलभन्दा बाहिरै खाएका छौं ।

म्यानेजर : यहाँ किन नखाएको त ? खाना त रेडी थियो । यहाँ खानु भएन । त्यो तपाईंहरूको गल्ती हो ।

शेरेलाई लाग्यो कि म्यानेजरले उनीहरूलाई ठग्दै छ ।

त्यसपछि शेरेले म्यानेजरलाई भन्यो : पहिले तिमी मलाई १ लाख देऊ, मेरी नयाँ नवेली पत्नीसँग तीन रात बिताएको चार्ज ।

म्यानेजरले लगभग चिच्याउदै भन्यो : सर, मैले तपाईंकी पत्नीसँग कुनै रात बिताएको छैन ।

त्यसपछि शेरेले भन्यो : किन नबिताएको त ? जबकि ऊ रेडी थिई... तपाईले बिताउनु भएन । तपाईंको गल्ती हो...।

---

खडानन्दको विवाहमा मण्डपवरिपरि घुम्ने क्रममा ।

खडानन्द (बेहुलीसँग खुसुक्क कानमा) : सुन त, अब मबिना तिमी छैनौ, तिमीबिना म छैन....

विवाहको १६ महिनापछि

खडानन्द (पत्नीसँग) : लु आइज, आज कि तँ छैनस् कि म छैन ।

---

लोकल बसमा खडानन्द र अपरिचित यात्रु ।

यात्री : विवाह गर्न जाँदैछु हौ दाजु । कपडा धोऊ आफैं, खाना पकाऊ आफैं, घरमा कुचो लाऊ आफैं, यी सबै कुराले हैरान भएँ म..

खडानन्द : गजब छ, तिनै कुराले हैरान भएर मचाहिँ सम्बन्ध-विच्छेद गर्न अदालत जाँदैछु ।

---

खडानन्द बिज्ञान पढाउँदै ।

खडानन्द : सास फेर्नका लागि अक्सिजनको आवश्यकता पर्छ । अक्सिजनको खोज सन् १७७४ मा भएको थियो ।

बिर्खे : धन्य भगवान्, त्योभन्दा पछि जन्मिइएछ, त्योभन्दा अघि जन्मिएको भए त सास फेर्नै नपाइने रै'छ ।

---

अर्धपागल खडानन्द र हुस्सू हरिबोल ।

खडानन्द : फेब्रुअरी २९, ३० र ३१ का दिन मेरा जोक्स आउँदैनन् होला ।

हरिबोल : ए हो ? किन र ....?

खडानन्द : त्यो बेला म अमेरिकामा हुनेछु ।

हरिबोल : के-का लागि...?

खडानन्द : आप्रवासीहरूलाई अमेरिकामा राख्ने कि नराख्ने ? भन्ने विषयमा सल्लाह गर्न डोनाल्ड ट्रम्पले बोलाएका छन् ।

हरिबोल : ल खडु, त्यसो भए अमेरिकाबाट आउँदा मलाई एक सेट राम्रो दौरा-सुरुवाल र एकपोको जनै ल्याइदे है .... ।

---

खडानन्दले जुद्ध वारुण यन्त्रालयमा जागिर खाए, फोन रिसिभ गर्ने ठाउँमा ।

एक महिलाको फोन आयो ।

महिला (फोनमा) : हेल्लो, दमकल अड्डा हो ....?

खडानन्द (फोनमा) : हो हजुर, कहाँ ? के भयो र ....?

महिला : मेरो घरमा आगलागी भयो हजुर ....

खडानन्द : अनि पानी हाल्नुभो त ...?

महिला (रुँदै) : पानी हालेको हजुर, तर निभेन .... ।

खडानन्द : अनि हाम्ले के गर्नु त त्यसो भए ....? हाम्ले पनि आएर त्यही पानी नै त हाल्ने हो नि ।

---

खडानन्द कक्षामा ।

शिक्षक : आज पनि होमवर्क नगरी आइस् होइन खडु ? भन्, के सजाय दिऊँ तँलाई ?

बिर्खे : ऊ त्यो पल्लो बेन्चकी केटीले पनि होमवर्क गऱ्या छैन सर, बाथरुममा थुन्दिनुस् हामी दुवै जनालाई ।

---

खडानन्द र भतिज ।

खडानन्द : अनि के छ त भतिज ? पढाइ कस्तो जाँदैछ त ....?

भतिज : ठीकै छ काका, पढाइ जाँदैछ, तर जाँदाजाँदै मबाट निकै टाढा पुग्यो पढाइचाहिं ।

## पत्याउनु हुन्छ ?



अभिनेत्री जोआन क्राफोर्ड आफ्नो आँखालाई नियमित रूपमा बोरिक एसिडको घोलले सफा गर्थिन् । त्यसो गर्दा आँखाको सेतो भाग अझ चम्किलो हुने उनको विश्वास थियो ।

अमेरिकाको न्यू मेक्सिकोस्थित मरुभूमिमा हाइकिङ गरिरहेका बेला एक १० वर्षीय बालक जुडी स्पार्कले १२ लाख वर्ष पुरानो जीव स्टेगोमा स्टोडोनको दारा फेला पारेका थिए ।



## तथ्य - सत्य

# कति छन् आणविक हतियार ?

यतिबेला संसारभर उत्तर कोरियाद्वारा गरिएको आणविक परीक्षणको चर्चा छ । ती हतियार विनाशकारी भएको र त्यसले संसारलाई नै विनाशतर्फ धकेलेको आरोप पनि लगाइन्छ । यद्यपि सत्य के हो भने संसारमा उत्तर कोरिया आणविक शक्ति सम्पन्न सबैभन्दा सानो देश हो । त्यसो भए सबैभन्दा शक्तिशाली आणविक शक्ति सम्पन्न देश कुन हो त ?



अमेरिकी वैज्ञानिकहरूको संगठन फेडरेसन अफ अमेरिकन साइन्टिस्टले जारी गरेको पछिल्लो तथ्यांकअनुसार रूस सबैभन्दा शक्तिशाली आणविक शक्तिसम्पन्न देश हो । रूससँग ६ हजार ८ सयभन्दा बढी आणविक तथा हाइड्रोजन बम एवं वारहेड छन् । दोस्रो स्थानमा अमेरिका छ । अमेरिकासँग ६ हजार ६ सयभन्दा बढी आणविक तथा हाइड्रोजन बम एवं वारहेड छन् । यो सूचीको तेस्रो स्थानमा फ्रान्स (३ सय), चौथो स्थानमा चीन (२ सय ७०) तथा पाँचौं स्थानमा बेलायत (२ सय १५) छन् । उत्तर कोरिया यो सूचीमा १० देखि २० आणविक तथा हाइड्रोजन बम एवं वारहेडसहित नवौं स्थानमा छ भने छैटौं, सातौं र आठौं स्थानमा क्रमशः पाकिस्तान, भारत र इजरायल छन् ।

लेखकको रोजाइ

# कुन साहित्यकारलाई कस्तो चलचित्र मन पर्छ ?



**अमर न्यौपाने**, उपन्यासकार

म चलचित्र निकै हेर्छु । समय मिल्दा हलमै पनि पुग्छु, नहुँदा ल्यापटपमै पनि हेर्छु । धेरैजसो ल्यापटपमै हेर्ने बानी छ । हलमा छोटो समय चल्छ, उत्रिहाल्छ, फेरि हलसम्म जान, आउन समय लाग्छ । काठमाडौंको जाममा समय पनि हुँदैन । चलचित्र हेर्न भने हलमै मज्जा हुन्छ । मलाई अभिनयजस्तो नलाग्ने, यो चलचित्र होइन, जिन्दगी नै हेरिरहेजस्तो लाग्ने चलचित्र मन पर्छन् । मैले पहिलो पटक ९ कक्षा पढ्दा तुलसी घिमिरेले निर्देशन गरेको चलचित्र अन्याय हेरेको थिएँ । मलाई मन परेका चलचित्रहरू द रिडर जुन पुस्तकमाथि आधारित छ, इटालियन चलचित्र मलेना, एक फाइभ इन् द आफ्टरनुन्, बुद्ध क्ल्याप आउट् अफ सेम हुन् । नेपालीमा पशुपतिप्रसाद, जात्रा र हिन्दीमा पुष्पक, इजाजत आदि मन परेका मध्ये केही चलचित्र हुन् । मलाई विशेष गरी इरानी चलचित्र मन पर्छन् । इरानी कलाकारहरूको अभिनय एकदमै जीवन्त लाग्छ । त्यहाँ यहाँजस्तो स्वतन्त्रता छैन । जीवनका स-साना पक्षलाई कलात्मक ढंगले प्रस्तुत गरिएको हुन्छ । बोमन इरानी र कंगना रणावतको अभिनय एकदमै मनपर्छ, चलचित्र होइन, वास्तविक जिन्दगी नै हेरेजस्तो । चलचित्र भनेको क्यामेराले लेखेको साहित्य हो । साहित्य भनेको अक्षरले लेखेको चलचित्र हो । चलचित्र हेरेपछि लेखनमा ऊर्जा, उत्साह आउँछ । एउटा चलचित्र लेखकलाई साहित्यले ऊर्जा भर्छ, त्यसैगरी लेखकलाई चलचित्रले ऊर्जा भर्छ । यी दुईको प्रस्तुति मात्र फरक हो ।

**सुबिन भट्टराई**, उपन्यासकार

मलाई खासगरी एक्सनभन्दा ड्रामा, यात्रा टाइपको तथा प्रेरणादायी चलचित्र मन पर्छन् । मैले पहिलो पटक शम्भु प्रधानले निर्देशन गरेको चलचित्र 'सम्झना' हेरेको हुँ । एलकेजी पढ्दा भागेर हेरेको चलचित्र हो त्यो । ड्रामा बेसका चलचित्र गन विद् द विन्ड, द वे



ब्याक, लिट मिस सन्साइन, बुक थिफ, द किंग्स स्पिच, सिन्डिलर लिस्ट, क्याप्टेन फेन्टास्टिक, अक्टोबर स्काइ, त्यस्तै थ्रिलर टाइपको साइको, इमोसनल चलचित्र हाचिको, हिटलरको पालाको कथा, जसले युद्ध कथा भन्छ, 'द पियानिस्ट' मलाई मन परेका चलचित्र हुन् । हिन्दीमा गाइड, जब वि मेट, रकस्टार, जिन्दगी नमिलेगा दोबारा, आनन्द, दिल धडकने दो, थ्रि इडियट, क्वीन, इंग्लिस विंग्लिस, मिर्जा आदि हुन् । नेपालीमा वसन्ती, लाहुरे, नुमाफुङ, दुइ रुपैयाँ, झोला, साँघुरो, जात्रा आदि मन परेका चलचित्र हुन् । मेरा लागि पुस्तक लेखनको मुख्य स्रोत नै चलचित्र हो, संवाद, इमोसन, प्रस्तुति, पात्र चयन, पात्रको विकास आदिका लागि म चलचित्रबाट सहयोग लिन्छु ।

**अर्चना थापा**, लेखक/समालोचक

खासगरी नयाँ विषयवस्तु, प्रस्तुति तथा



फरक दृष्टिकोण राखेर निर्माण गरिएको चलचित्र मन पर्छ । पहिलो पटक मैले हिन्दी चलचित्र हाथी मेरे साथी हेरेजस्तो लाग्छ । म बढीजसो अंग्रेजी चलचित्र हेर्छु । आफ्नो मुडमा पनि भर पर्छ । द गड फादर मलाई मन परेको चलचित्र हो । यो तीन भागमा बाँडिएको छ । इटलीबाट अमेरिका पुगेका डनहरूले कसरी आफ्नो साम्राज्य जमाएका छन् भन्ने विषयमा केन्द्रित छ यो चलचित्र । उपन्यासमा आधारित 'इंग्लिस प्यासेन्ट', 'डाक्टर जिभागो', 'एटोन्मेन्ट' का साथै दोस्रो विश्व युद्धमा एउटा जर्मन नागरिकले कसरी यहुदीलाई बचायो भन्ने सत्य घटनामा आधारित 'सिन्लर्स लिस्ट' पनि मलाई मन परेको चलचित्र हो । त्यस्तै नेपालीमा गाँठो, पशुपतिप्रसाद, मेघा र हिन्दीमा दंगल मन परेका चलचित्र हुन् ।

**मिलन संग्रौला**, उपन्यासकार

मलाई साहसिक र साइन्स फिक्सन (विज्ञान कथामा आधारित), सोसल ड्रामा तथा सामाजिक सन्देशहरू बोकेका चलचित्र मन पर्छन् । अंग्रेजीमा अवतार, स्पाइडर म्यान, हिन्दीमा बाहुबली, पिके, दंगल, तारे जमिमपर तथा नेपालीमा



राम्रो मेकिङ भएका पशुपतिप्रसाद, टलकजंग भर्सेज टुल्के, जात्रा आदि मन परेका चलचित्र हुन् । त्यसबाहेक अंग्रेजी सबटाइटल राखिएका इरानी तथा इराकी चलचित्रहरू पनि मलाई मन पर्छन् । चलचित्र हेरेपछि पुस्तक लेखनको प्रस्तुतिमा सहयोग मिल्छ ।

**युवराज नयाँघरे**, निबन्धकार

म ओस्कार पुरस्कार प्राप्त अंग्रेजी सिनेमा हेर्छु । टाइटानिक निकै पटक हेरें । चलचित्र हेर्नु भनेको आफूले भोगेको समय र समाजको नाटकीय अनुभूति लिनु पनि हो । पुराना नेपाली चलचित्र कुसुमे रुमाल, सम्झना, कान्छी मलाई



उत्कृष्ट लाग्छन् । सिन्दूर तथा जीवनरेखा पनि गतिला सिनेमा हुन् । पछिल्लो पटक हेरेका चलचित्र कालो पोथी र एभरेस्ट हुन् । पहिले अमिताभ बच्चनका एक्सन चलचित्र खुबै हेरें । कुनै बेला कुमारी सिनेमा हलमा एकै दिनमा चारवटा शो पनि हेरियो । कारण चलचित्रकी नायिका पूनमको अनुहार हाम्रो कलेजकी एक सुन्दरीसँग मिल्नु थियो । ती सुन्दरीको रूपको तिर्सना मेट्न पनि मैले एकै दिनमा चार शोसम्म सिनेमा हेरेको थिएँ ।

कथा

# दिल्लीको त्यो भेट

प्रदीप सुवेदी

यहाँ काम सकेर रघुवीर नगर जानु छ, मैले मुख खोलेपछि उनको अनुहार मलिन भयो । तपाई द्वारका सेक्टरवाला मेट्रोमा जानुहोला । मलाई थाहा थियो ब्लू लाइनमार्फत रजौरी गार्डन मेट्रो स्टेसन पुगेपछि भारु १० मा 'ब्याट्रीमा' पुग्नेछु । नई दिल्लीमा आफ्नो करियरका लागि संघर्ष गरिरहेकी कृतिसँग भेट हुनु चानचुने संयोग थिएन, चाँदनी चोकको व्यस्त फेसन स्टोरमा भएको हाम्रो परिचयले हामीलाई राजीव चोकसम्म सहयात्री बनाउँदै थियो, केही लेहेङ्गा र गाउनको छनौटपछि मेरो काम सकियो ।

सामान कुरियरलाई जिम्मा लगाएर हामी चाँदनी चोक मेट्रोस्टेसनतर्फ लाग्यौं, भीड छिचोल्न मुस्किलै थियो, जसरी पनि पुग्नु नै छ । मेट्रोको कार्ड छ तपाईंसँग ? स्टेसन पुग्ने लाग्दा उसले सोधी, छैन टोकन लिनुपर्छ, एकछिन पर्खिऊँ है, मैले भनेपछि उसले पर्स खोल्दै एउटा कार्ड मेरो हातमा थमाई, टोकनका लागि लाइन बस्नु परेन, मेरो अनुहारमा खुसीको रङ्ग भरिएको देखेर ऊ मुस्कुराई । कार्डमा पैसा त छ नि ? छ-छ, टेन्सन लिनु पर्दैन, रजौरी गार्डनसम्मलाई पक्कै पुग्छ । एल्लो लाइनमा चाँदनी चोक, चावरी बजार, नई दिल्ली हुँदै हामी राजीव चोकमा पुगेर उत्रियौं । आ-आफ्नो गन्तव्यका लागि मेट्रोलाइन चेन्ज गर्नु थियो । हामी दुवै ब्लू लाइनमा चढ्दै थियौं, तर दिशा भने फरक थियो । ऊ लक्ष्मीनगर जाँदै थिई, म रजौरी गार्डन । वैशाली जाने मेट्रोमा महिला



आरक्षित डिब्बामा हात हल्लाउँदै घुसी ऊ । छोटो भेट, मीठो भेट मनमनै सोचें, कथा त बाँकी नै छ । म भने द्वारका एक्काइस जाने मेट्रो चढें ।

कृतिको मुहार, मुस्कान एवं व्यवहार मन-मस्तिष्कमा घुल्दै थियो । एक्लै मुस्कुराएछु, उनलाई सम्झँदै गन्तव्यमा पुगें । के नपुगेको-नपुगेको जस्तो भैरहेको थियो । कृति नै घुम्न थाली वरिपरि । फोन नम्बर त सेयर गरेका थियौं, पहिले उसको फोन आओस्, मेरो चाहना थियो । मन मानेन, नाम सर्च गरें फेसबुकमा, रिक्वेस्ट चाहिँ मैले नै पठाएँ । तुरुन्तै एसेप्ट भयो, राम्रोसँग पुग्नु भो नि, मेसज आयो । म्यासेन्जरमा कल गरें, काटिदिई, मेसेजमा बोलम न ऊ छ के, मन झसङ्ग भयो, कथामा ऊ पात्रको प्रवेशसँगै । बोलुम कि नबोलुम भयो । भोलि फ्लाइट कति बजे ? राति ११ बजे । भोलि भेट गर्न मिल्छ ? औपचारिकताका लागि सोधें । हुन्छ तर १० बजेपछि है, म आफैं फोन गर्छु हजुरलाई । रघुबीर नगरको भेटघाटपछि पहाडगन्जस्थित होटलमा फर्किएँ । दिल्लीमा पहिलो पटक एक्लो महसुस भयो ।

सायद कारण कृति थिई, छोटो भेटमै मेरो अभ्यस्ततालाई अनौठो तृष्णाको लेप लगाइदिएकी थिई, व्यस्तताका कारण चिसो-तातो पनि अफर गरिनँ मैले । कफीको प्रस्ताव गरेको भए नाई भन्दिनथी होली । कृति अनि कृतिको ऊ पात्रले बेचैन बनाएको मन सम्हालेर निदाएँ, फेसन डिजाइनर अभिनाशको फोनले बिहान ८ बजे बिउँझिएँ । टाउको भारी थियो,जानीजानी एक पेग बढाएको थिएँ हिजो राति । त्यसकै परिणाम थियो । नौ नबज्दै चाँदनी चोक पुगें । अविनाशसँगको भेटघाटपछि होटलमै फर्कँदै थिएँ, प्रतीक्षित कृतिको फोन आयो, तपाईं कहाँ ? होटल जाँदै छु, कहाँ भेटम् ? खै कहाँ भेट्ने ?उ कन्फ्युज थिई । मै बसेको होटलमा आउन आग्रह गरें, अन्कनाउदै ठेगाना मागी, ११ नबज्दै आइपुगी, चिनजानको होटल भएकाले इन्ट्रीको समस्या भएन । यति सजिलै होटलको कोठामा आउन मानी मन दङ्ग थिएन, बरु शङ्का बढ्दै थियो । पहिलो भेटमै पागल भएको म के गरूँ ? ऊ पात्रले पनि पिरोल्दै थियो ।

केही समय कोठामा सन्नाटा छायो, केवल हेराहेर मात्र । किचनमा फोन गरेर एउटा फ्रुट सलाद मगाएँ, ड्युटी फ्रीबाट ल्याएको ह्वीस्की बाँकी थियो । केही नबोली एक-एक पेग बनाएँ । उसको अगाडि राखिदिएँ । कहिलेकाहीं पिउँछु तर दिउसै पिउने र ? गिलास ठोक्किएँ । नशा चढ्दै गयो । ऊ पात्रमा अल्झिएको मन नसोधेसम्म सन्तुष्ट भएन । उसको जवाफले झसङ्ग भएँ, ऊ विवाहित रैछे, संसार घुम्ने सोचअनुरूप आफूभन्दा निकै बढी उमेरको इन्डियनसँग विवाह गरेको रे । मनमा कृतिप्रति घृणा जाग्यो । तपाईंलाई म पाँच वर्ष पहिलेदेखि चिन्छु नि, तपाईंको काठमाडौंको बुटिक नजिकै हाम्रो फ्ल्याट थियो । सपिङ पनि गरेकी छु । म केही बोलिनँ, केवल सुनिरहें । घडीमा एक बज्दै थियो दिउँसोको । नशा भारी पर्दै थियो शरीरमा । मनमा घृणा भरिए पनि कृतिको तनले तान्दै थियो, आँखाको इसारा काफी थियो,उसलाई तृप्त बनाउनु मेरो धर्म बन्यो । हरेकपल्ट आउँदा यसरी नै भेट्नुपर्छ है– सन्तुष्टिको एउटा आवाज गुन्जियो । मैले बिदाइका हात हल्लाएँ ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

फागुन २९ गते
पापमोचनी एकादशी व्रत

चैत १ गते
विश्व उपभोक्ता दिवस

## मेष

साताको प्रारम्भमा विभिन्न चुनौती पन्छाउँदै विविध काम सम्पन्न गर्न सकिनेछ। सोमबारपछि नयाँ किसिमका योजना तर्जुमा हुन सक्छन्। प्रतिस्पर्धीहरूलाई सहजै पछि पार्दै विशेष कामको जग बसाइनेछ। साताको अन्त्यमा लामो दूरीको यात्रा तय गर्नुपर्ने हुन सक्छ।

## वृष

अरूको काममा समय खर्चनुपर्ने हुनसक्छ। सामाजिक क्रियाकलापमा रुचि बढ्नेछ। भाग्यले असल साथी जुराउन सक्छ। पुर्ख्यौली धन प्रयोग गर्दै नयाँ व्यवसाय सुरु गर्न सकिन्छ। मेहनत गर्न सके नयाँ रोजगारीमा प्रवेश तथा पदोन्नतिको सम्भावना टरेको छैन।

## मिथुन

प्रेमसम्बन्धमा अमिलोपन उत्पन्न हुनसक्छ, एक-अर्कालाई बुझ्ने प्रयत्न गर्नुहोला। विदेश जाने अवसर जुट्नेछ। मनोरञ्जनका क्रममा समयको हेक्का राखे आफ्नै भलो हुनेछ। साताको अन्त्यमा अर्थ अभावले सताए पनि ठूलाबडाको आशीर्वादका कारण समस्याको गाँठो फुक्नेछ।

## कर्कट

नियमित काममा अवरोध सिर्जना हुनसक्छ। धैर्यपूर्वक कार्य सम्पादन गर्नुहोला। हड्डी तथा नशासम्बन्धी रोगले सताउन सक्छ। योग एवं शारीरिक व्यायामलाई निरन्तरता दिनुहोला। यात्रा गर्ने क्रममा बढी खर्च भै तनाव सिर्जना हुनसक्छ। संयमपूर्वक व्यवहार गर्नु नै आफ्नो हितमा हुनेछ।

## सिंह

साथीहरूको सहयोगमा महत्वपुर्ण काम फत्ते गर्न सकिनेछ। साइनो गाँस्नेहरूसँग टाढा रहनुमै आफ्नो कल्याण छ। विगतको सफलताले काममा उत्साह थप्नेछ। सामाजिक उत्सव तथा भोज-भतेरमा समय खर्चनुपर्नेछ। साताको अन्त्यमा भौतिक सुख-सुविधाका साधनप्रति आकर्षित भइनेछ।

## कन्या

आफ्ना गोप्य योजना बाहिरिनाले समस्या सिर्जना हुनसक्छ। शुभचिन्तक तथा मन पराउनेहरूको सहयोगमा सहजै लक्ष्य फेला पार्न सकिनेछ। अनुशासन एवं मर्यादा पालनले आफूलाई थप उचाइमा पुर्‍याउनेछ। साताको अन्त्यमा पूर्वको यात्राबाट विशेष फाइदा उठाउन सकिनेछ।

## तुला

पुण्य प्राप्तिमा रुचि बढ्नेछ। अनुकूल अवस्थामा कार्य सम्पन्न गर्न ढिलाइ गर्दा पछि पर्न सकिन्छ। मित्रवर्गले दिएको वचनअनुरूप समयमै सहयोग गर्नेछन्। आफन्तजनले आर्थिक संकटमा पार्ने सम्भावना टरेको छैन। उधारो कारोबार गर्दा सावधानी अपनाउनुहोला।

## वृश्चिक

सुस्त गतिमा काम गर्दा अवसरहरू फुत्कने सम्भावना छ। मनले नचिताएको स्थानको यात्रा गर्ने बाध्यता आइलाग्न सक्छ। समस्याको गाँठो फुकाउन शुभचिन्तकहरूले सहयोग गर्नेछन्। कृषि तथा पशुपालनसम्बन्धी व्यवसाय सञ्चालन गर्न लालायित भइनेछ।

## धनु

विपक्षीले आफ्ना कमजोरीको फाइदा उठाउने प्रयत्न गर्नेछन्। विवेक तथा धैर्यताको उपयोगले प्रतिद्वन्द्वीहरूलाई परास्त गर्न सकिनेछ। मन पराउनेहरूबीचको सम्बन्ध खलबलिन सक्छ। कम बोल्नुमै दुवैको भलो छ। तीव्र गतिमा सवारी चलाउँदा दुर्घटना निम्तिन सक्छ।

## मकर

प्रातःभ्रमण र योगले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्नेछ। इच्छा नहुँदा-नहुँदै भ्रमणमा सहभागि भइनेछ। मेहनतपूर्वक गरिएको काममा अपजस आइलाग्दा मन खिन्न होला। प्रतिस्पर्धीहरूले पिछा गर्ने हुनाले कुनै पनि काम गर्दा चनाखो रहनुहोला।

## कुम्भ

अपांग तथा वृद्धवृद्धालाई मन तथा धनले सहयोग गर्नुहोला। अन्तर्वार्ता तथा परीक्षाहरूमा सहभागी हुँदा राम्रै परिणाम प्राप्त हुनेछ। टाढिएका आफन्तहरू नजिकिनेछन्। अवसरले थप मेहनतको अपेक्षा गरेको छ। विलासी वस्तुका लागि केही खर्च गर्नुपर्ने हुन सक्छ।

## मीन

आफ्ना कमी-कमजोरीप्रति टिप्पणी तथा गुनासो बढ्न सक्छ। नौला वस्त्र तथा भोग विलासमा आकर्षित भइनेछ। कार्यक्षेत्रमा सफलताको मार्ग पत्ता लाग्नेछ। परिवर्तित खानपान तथा जीवनशैलीमा विशेष संयम अपनाउनुहोला। साताको अन्त्यमा प्रभावशाली व्यक्तित्वहरूसँग भलाकुसारी गर्न पाइनेछ।

**अब हाम्रो पालो**

# प्रेमको मात ठूलो कि धनको मात ?

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
१. भाग्य बलियो कि परिश्रम ?



प्रेमको मात र धनको मात त थाहा भएन हजुर। साइँलीको भट्टीमा चिरिप्प पारेको कोदाको झोलको मातचैं गजब हुने रै'छ।
**प्रवेश थापा**

मात ठूलो त बोत्तलको पानीकै होला नि ! यसको मात लाग्दा न धन हुन्छ, न साथ, न त प्रेम आसपास हुन्छ।
**हेमन्त थापामगर**

हिजोआजको सम्बन्ध धनमा खरिद-बिक्री हुने हुँदा धनको मात ठूलो हो।
**मनिस श्रेष्ठ**

आ-आफ्नो ठाउँमा दुवै मात ठूलो।
**युरिकराज नेपाली**

चामलको भात। बिहान-बेलुका नखाई नहुने भएकाले।
**सुसन गुरुङ**

मात त रक्सीको ठूलो नि।
**प्रकाश**

दुवै ठूलो नि। यो र त्यो भन्न सकिँदैन।
**तुलसा**

धनको।
**केशवबाबु अधिकारी**

धनको मात ठूलो।
**बिपिन केसी**

प्रेमको मात ठूलो हो नि। किनभने यसको मातमा मानिसहरू ज्यानसम्म दिन पछि पर्दैनन्।
**शिशिर आङ्देम्बे**

'मात' चाहिं होइन, कसको महत्त्व ठूलो ? त्यो पो हो कुरा।
**पाङ्ग्यकहाङ याक्थुङ**

धनको मात ठूलो।
**लाटी**

यो त परिस्थितिअनुसार हुन्छ।
**सुदीप मोक्तान**

मात प्रेमको होस् वा धनको होस्, हानिकारक नै हुन्छ। अहिलेको अवस्थामा मुना-मदनको जस्ता चोखो प्रेमभन्दा पैसामा उम्लिएका करोडपतिहरूको प्रेमको मात ठूलो।
**रूपेश ढकाल**

दुवै कम छैनन्। यहाँ पहिले मानिसहरू कंगाल हुने गरी प्रेम गर्छन् अनि जुनसुकै बेला पनि त्यही प्रेमलाइ लिलाम गर्न तयार हुन्छन्।
**विनय सापकोटा**

हिजोआज धनले प्रेम किन्न थालिसके मानिसहरू। निःस्वार्थ प्रेम गर्नेहरू त विरलै भेटिन्छन् यहाँ। यी दुवै जीवनका अभिन्न आवश्यकता हुन्। मलाई चैं धन र प्रेम एउटै सिक्काका दुई पाटा हुन् जस्तो लाग्छ।
**खुश्बु खड्का**

यो त मानवीय स्वभाव हो। कसैले प्रेम प्राप्त गर्न धन प्रयोग गर्छन् अनि कसैले धन पाउन प्रेमको। अब त्यसलाई मात भन्ने कि उनिहरूको विवशता ?
**रोहन राना**

दुवैको बराबर मात हुन्छ।
**सागर**

अनुभव भए भन्न सजिलो हुने थियो। मसँग दुइटैको अनुभव छैन।
**अनु**

खै, थाहा भएन।
**राजेश बराल**

मात दुवैको ठूलो हुन्छ। तीमध्ये पनि धनको मात अलिक बढी हो कि जस्तो लाग्छ, किनभने यदि प्रेमको मात भयो भने धनको पनि मात हुन्छ, तर धनको मात भएका सबैमा प्रेमको मात हुन्छ भन्ने हुँदैन।
**बराल सरकार**

मात त प्रेमको लाग्छ, किनभने यसले मनलाई मात्र हेरेको हुन्छ।
**राधा**

प्रेमको मात, जसले पलभरको वा आवेगको निर्णयले हर कुरा त्याग्न वा अँगाल्न सक्छ।
**बत्तीमुनिको अँध्यारो**

प्रेम छ त सब छ, धनको तुलनामा।
**कैलाश**

धनको मात ठूलो हजुर।
**रविन कोइराला**

दुवै कुराको महत्व छ।
**अविनाश केसी**

प्रेमको मात ठूलो।
**रेनुका चौधरी**

मातकै कुरा गर्ने हो भने त रक्सीको मात ठूलो।
**संगीत**

यदि प्रेम भयो भने सबै कुरा हुन्छ। धनको तुलनामा प्रेमकै मात ठूलो।
**कालीप्रसाद**

प्रेमको मातले हरेक कुरा त्याग्न र अँगाल्न बाध्य बनाउँछ।
**दीपेन्द्र**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**



CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउनेः Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।

* * * * * * * * * * * * * * * * * * * * *

**नोट**: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८**, ठमेलः २०८११०९, लगनखेल बसपार्कः २१२२४४८, चावहिलचोकः ४४९३३६१, नयाँबानेश्वरः २०४२६५२, कोटेश्वरचोकः ४६०००१५, कलंकीचोकः ५२३४४८९, गोंगबुचोकः ४०२००९९, बुटवलः ०७१-५४१४६९, नारायणगढः ०५६-५७२१४४, पोखराः ०६१-६२२०९५, बाग्लुङ्गः ०६८-५२२७१०, इटहरी चोकः ०२५-५८७१७५, दाङ घोराहीः ०८२-५६३६११, बिर्तामोडः ०२३-५४६५२९

**युवा ज्योतिष — सुरेशराज गिरी**

ख्यातिप्राप्त युवा ज्योतिष जसले आधुनिक पद्धतिबाट युवाहरुको भूत, वर्तमान, भविष्य पहिल्याई अध्ययन, रोजगार, विदेशयात्रा, प्रेम, विवाह, लक्की नम्बर आदि षियमा ज्योतिषिय पद्धतिबाट सहि मार्ग पहिचान गरी जीवन सफल बनाउन सम्पर्क राख्नुहोस्

आकाश भैरव,बिशालबजार,
एक तल्ला माथि
पसल नं. 132 "C"
9851149039, 9818131050


# यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म ३० वर्षको भएँ । मेरो बच्चा भएको छैन । वीर्य एकदम पातलो निस्कन्छ । त्यही कारणले मेरो कुनै सन्तान नभएको हो कि ?

८९९१४



कुनै व्यक्ति ३० वर्षको हुँदैमा बच्चाको पिता हुने होइन । तपाईंले पिता हुन कुनै महिलासँगको यौनसम्पर्कपछि भएको गर्भधारणले निरन्तरता पाएको हुनुपर्छ । तपाईंले नभने पनि तपाईं विवाहित हुनु भएको र श्रीमतीले गर्भधारण नगरेको भनेर नै जवाफ दिने प्रयास गरेको छु ।

## वीर्य के हो ?

सबैभन्दा पहिले त वीर्य के हो भन्ने विषयमै कुराकानी गरौं । पुरुषको यौन उत्तेजनालाई निरन्तरता दिन सकिए यौन प्रतिक्रिया चक्रको तेस्रो चरणमा लिङ्गबाट एक प्रकारको सेतो तरल पदार्थ निस्कन्छ जसलाई वीर्य (semen) भनिन्छ । एकपल्ट वीर्यस्खलन हुँदा यस्तै ३ देखि ५ मिलि (५ मिलि भन्नाले १ चियाचम्चा जति) वीर्य निस्कन्छ । यही वीर्यमै शुक्रकीट हुन्छन् । तपाईंलाई थाहै होला, मूत्रथैलीको मुनि दुईतिर वीर्य थैली हुन्छन्, यसैको रस नै वीर्यको मुख्य अंश (४६ देखि ८० प्रतिशत) हो भने त्यसमा पौरुष ग्रन्थीको रस पनि पर्याप्त मात्रामा (१३ देखि ३३ प्रतिशत) हुन्छ । अण्डकोष तथा ईपीडीडाइमिस (अण्डकोषसँगै जोडिएको एक भाग) बाट आउने रसको मात्रा यस्तै ५ प्रतिशत हुन्छ भने मूत्रनलीका अन्य ग्रन्थीबाट आउने रसको मात्रा त्यसभन्दा पनि कम । वीर्यको रंग सामान्यतयाः सेतो हुने भए पनि हल्का पहेंलो वा खरानी रंगको पनि हुनसक्छ । यो क्रिम जस्तै र केही च्याप्च्यापे प्रकृतिको हुन्छ । वीर्य स्खलन हुँदा यो केही बाक्लो हुन्छ र केहीबेर पछि नै पातलिने क्रम सुरु हुन्छ । रसायनिक दृष्टिले हेर्ने हो भने यसमा पानी, स्लेश्म तथा शुक्रकीटको पोषण तथा वातावरण सुव्यस्थित गर्न आवश्यक थुप्रै किसिमका रसायन हुन्छन् । अण्डकोषमा बनेका शुक्रकीट पनि यही वीर्य थैलीमा आएर बसेका हुन्छन् र वीर्यस्खलन हुँदा रसका साथ-साथै बाहिर निस्कन्छन् ।

## वीर्य पातलो भनेको के होला ?

तपाईंले आफ्नो वीर्य किन एकदम पातलो भन्नु भएको हो थाहा भएन । सामान्यतया: वीर्य स्खलन हुनासाथ यो केही बाक्लो हुन्छ र केही बेरपछि नै पातलिने क्रम सुरु हुन्छ । व्यक्तिअनुसार फरक-फरक हुने मात्र होइन एउटै व्यक्तिबाट पनि एकैनासको वीर्य निस्कँदैन । वीर्यको बाक्लोपनमा विविधता आउने अनेकौं कारण हुन्छन् । भोजनमा भएको परिवर्तन, व्यायाम वा शारीरिक श्रम, अण्डकोष वा यौनाङ्गमा पर्ने लुगाको कसिलोपनमा परिवर्तन तथा भर्खरै वीर्यस्खलन भएको छ भने त्यसपछिको वीर्यको बाक्लोपन फरक हुनसक्छ । यसरी हल्का रूपमा वीर्यको बाक्लोपनमा देखा पर्ने परिवर्तन खासै गम्भीर प्रकृतिको हुँदैन तर कुनै किसिमको संक्रमण वा मूत्रनलीको अन्य श्रावले वीर्यको बाक्लोपनमा परिवर्तन ल्याउन सक्छ । पिसाब पोल्नु वा दुख्नु अनि मूत्रनलीबाट श्राव आउनु अन्य रोगका लक्षण हुन सक्छन् । तपाईंले त्यस्तो कुनै कुरा उल्लेख गर्नुभएको छैन ।

## यही कारणले बच्चा नभएको हो कि ?

वीर्यमा प्रजनन क्षमताका लागि आवश्यक शुक्रकीट हुने भएका नै यसले निकै नै महत्व पाएको छ । सांकेतिक रूपमा हेर्दा जन्मको सुरुवात हुने बीजका रूपमा कार्य गर्ने भएको हुनाले यसले पाएको महत्व जायज नै लाग्छ । यो शक्ति आफैंमा ठूलो तथा महत्वको छ । पूर्वीय समाजमा वीर्य खेर फालिनु हुन्न भन्ने सिद्धान्त एकदमै प्रबल छ र वीर्य रगतबाट बन्छ भनेर चर्चा गरिन्छ । शुक्रकीटको उत्पादन मात्र होइन हाम्रो शरीरको कुनै पनि अङ्गको विकास वा उत्पादनका लागि रगतको प्रवाह आवश्यक हुन्छ किनभने रगतको माध्यमबाट नै आवश्यक कुराहरू उक्त अंगसम्म पुग्छन् । यसको अर्थ यो होइन कि निश्चित रगतको खर्चमा केही बन्छ । पोषणको दृष्टिले हेरिने शक्तिको कुरा गर्दा एक सामान्य व्यक्तिलाई १८०० देखि २२०० क्यालोरी शक्ति चाहिन्छ र एक पल्टको वीर्य स्खलनमा यस्तै १५ क्यालोरी मात्र हुन्छ । यौनसम्पर्क गर्दा वा त्यसअघि वा पछिका शारीरिक क्रियाकलापदेखि लिङ्ग उत्तेजना, रस निस्कने, वीर्य स्खलन जस्ता कतिपय क्रिया-प्रक्रियामा पनि शक्ति (क्यालोरी) खर्च हुन्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

कुनै पुरुष सन्तानको पिता हुने-नहुने कुरा शुक्रकीटमा भर पर्छ । यो आवश्यक मात्रामा हुनुका साथै स्वस्थ (स्वरुप तथा गतिशीलताको सन्दर्भमा) पनि हुनुपर्छ । माथि नै भनियो कि एकपल्ट वीर्यस्खलन हुँदा यस्तै ३ देखि ५ मिलि (५मिलि भन्नाले १ चियाचम्चा जति) वीर्य निस्कन्छ । वीर्यमा हुने शुक्रकीटको संख्या सँधै एकैनासको नहुन सक्छ तर यसको संख्या ४ देखि १२ करोड प्रतिमिलि लिटरसम्म हुनुलाई सामान्य मानिन्छ । हामीले देख्ने वीर्यको सानो अंशमात्र शुक्रकीटले ओगटेको हुन्छ । शुक्रकीट निकै साना हुन्छन् । प्रयोगशालामा सूक्ष्मदर्शक यन्त्रको मद्दतले यसको परीक्षण गरिन्छ । सामान्यभन्दा कम संख्यामा शुक्रकीट हुनुलाई संख्या कम भएको भन्न सकिए पनि चिकित्सकिय दृष्टिकोणले शुक्रकीट कम भएको भन्न प्रतिमिलि लिटर वीर्यमा २ करोडभन्दा कम शुक्रकीट हुनुपर्छ । अहिले त २ करोडसम्मलाई पनि सामान्य भन्न थालिएको छ । तपाईंको वीर्यमा कति शुक्रकीट छन् भन्ने कुरा पत्रमा उल्लेख छैन । एकपल्ट वीर्य परीक्षण गराउनुभए यस विषयमा जानकारी प्राप्त भैहाल्छ ।

## के कति कारणले शुक्रकीटको संख्यामा कमी आउन सक्छ ?

शुक्रकीटको संख्यामा कमी हुनु वा यसको गतिशीलता, स्वरूप इत्यादिमा प्रभाव पर्ने अनेक कुरा हुनसक्छन् । भावनात्मक तनाव, यौन क्रियाकलापमा भएका समस्या, लिङ्ग उत्तेजनाका समस्या केही समयका लागि कम संख्यामा शुक्रकीट भएको देखिन सक्छ । अण्डकोष लामोसम्म तातो वातावरणमा हुँदा शुक्रकीटको उत्पादनमै कमी आउँछ । त्यसै गरी कोकिन वा अन्य केही लागू पदार्थले पनि शुक्रकीटको संख्या तथा गुणस्तरमा कमी ल्याउँछन् । धूमपान त्यसको अर्को कारण हो । भिटामिन सी, सेलेनियम, जिंक वा फोलेटजस्ता कुराको कमी अर्को कारण हो भने लामो समयसम्म निरन्तर साइकल हाँक्नु पनि त्यसको कारण हुनसक्छ । धेरै मोटो हुनुको प्रभाव पनि यस्तै हुन्छ भन्ने कुरा केही अध्ययनले देखाएका छन् । केही वंशाणुगत रोगले पनि यस्तो प्रभाव पारेको हुनसक्छ । त्यसैगरी वातावरणीय प्रदूषणको दीर्घकालीन सम्पर्कले पनि वीर्य उत्पादनमा नकारात्मक प्रभाव पार्न सक्छन् । विकिरण (एक्स रे वा अन्य)ले पनि शुक्रकीटको उत्पादनमा नकारात्मक असर पार्छ । अर्कातिर पर्याप्त मात्रा स्खलन नहुँदा पनि शुक्रकीटको पूर्ण संख्यामा कमी आउन सक्छ ।

# डा. सुमनको सल्लाह



डा. सुमनराज ताम्राकार

मधुमेहबाट ग्रसित पुरुषमा लिंग उत्तेजनाको समस्या सिर्जना हुन सक्छ । सफल र सुखद यौनसम्बन्धका लागि पुरुष लिंग राम्रोसँग उत्तेजित हुनु जरुरी छ भने यौन उत्तेजनासँगै महिलामा पर्याप्त मात्रामा योनिरसको उत्पादन पनि आवश्यक छ । लामो समयसम्मको अनियन्त्रित मधुमेहले मृगौला, आँखा, मुटुमा तथा जस्तै स्नायु (नशा) मा पनि असर पुऱ्याउन थाल्छ । फलस्वरुप पुरुषमा लिंग उत्तेजना हुन तथा महिलामा योनिरस उत्पादनमा नकारात्मक असर पुगी यौनक्रिया सफल हुन पाउँदैन । मधुमेह भएकाहरूमा उच्च रक्तचाप तथा अधिक कोलेस्ट्रोलको समस्यासमेत देखा पर्न सक्छ । यसले गर्दा यौन उत्तेजनासम्बन्धी थप समस्या निम्तिन सक्छ ।

पटक-पटकको लिंग उत्तेजना नहुने समस्याले पुरुषमा हीनताबोध सिर्जना भै यौन स्वास्थ्यमा बढी नकारात्मक असर पुग्छ । महिलामा पर्याप्त योनिरसको अभावमा योनिमार्ग सुख्खा भै यौनसम्पर्कका दौरान निकै पीडा महसुस हुन्छ । परिणामस्वरूप बिस्तारै यौनसम्पर्क राख्न नै तर्किने वा डराउने स्थिति उत्पन्न हुन्छ । नियन्त्रित मधुमेह भएका महिलामा सेतो पानी बग्ने अर्थात् योनिमार्गमा फङ्गल (ढुसी) संक्रमण हुने सम्भावना बढी हुन्छ ।

तुलनात्मक रूपमा मधुमेहले ग्रसित पुरुषमा लिंग उत्तेजनाको समस्या छिटै देखा पर्छ । यद्यपि मधुमेह भएकाहरूले पनि सफल यौनजीवन बिताउन सक्छन् । मधुमेह लाग्नै नदिन प्रयत्न गर्नुपर्छ । लागि सकेको भए मधुमेहको औषधि सेवन गर्नेबाहेक आफ्नो जीवनशैलीमा समेत परिवर्तन ल्याउनुपर्छ । गुलियो (मिठाई) नखाने, हरिया सागपात खाने, व्यायाम गर्ने, तौल नियन्त्रणमा राख्ने आदि कार्यले यसमा फाइदा पुऱ्याउन सक्छ । रगतमा चिनीको मात्रा नियन्त्रणमा नआए लिंग उत्तेजित बनाउने औषधि तथा महिलामा योनिमार्ग चिप्लो पार्ने औषधि प्रयोग गर्न सकिन्छ । महिलामा सेतो पानी बग्ने समस्या छ भने त्यसको पनि यथोचित उपचार गराउनुपर्छ ।

आफू मधुमेही भएका कारणले लिंग उत्तेजनामा कमी आइहाल्छ वा यौन उत्तेजना नहोला कि भन्ने चिन्ता मनमा लिनु हुँदैन । यौन कल्पना र यौन सामग्रीको उपयोग सँगै लिंगमा उत्तेजना एवं परिवर्तन आउँछ भने यौनिक रूपमा आफू स्वस्थ्य छु भन्ने आत्मविश्वास हुनु पर्छ । दम्पतीहरूले आफ्नो जीवनसाथीको मधुमेह नियन्त्रणमा राख्न तथा उनको यौन दुर्बलता घटाउन सघाउ पुऱ्याउनुपर्छ ।


मधुमेहसँगै उच्च रक्तचाप, एलर्जी, मानसिक रोगको औषधि सेवन गरिरहेको र त्यसैले गर्दा यौन उत्तेजनामा असर पुगिरहेको भए सम्बन्धित चिकित्सकसँग परामर्श गरी वैकल्पिक औषधि सेवन गर्नुपर्छ ।



# नेपालको सम्भावनाको परीक्षण

नेपाली राष्ट्रिय टिम अहिले आईसीसी वर्ल्ड क्रिकेट क्वालिफायरका रूपमा नेपाली क्रिकेट इतिहासकै सबैभन्दा महत्त्वपूर्ण प्रतियोगिता खेलिरहेको छ। यो त्यस्तो प्रतियोगिता हो, जसले आउने केही वर्षमा नेपाली क्रिकेट कहाँ रहने हो भन्ने कुरा तय गर्नेछ। यो प्रतियोगिता किन पनि महत्त्वपूर्ण छ भने यसले नेपाललाई वान डे विश्वकपमा छनौट हुने अवसर प्रदान गरेको छ। उक्त अवसर टाढिएपनि नेपालसामु वान डे टिमको मान्यता प्राप्त गर्ने अवसर पनि छ।

अर्को महत्त्वपूर्ण तथ्य, यो प्रतियोगिताले देखाउने छ, नेपाली क्रिकेटको स्तर। नेपालले यसअघि पनि विश्वकप छनौट खेलिसकेको हो, तर यसअघि अघोषित रूपमा डिभिजन-वान मानिएको प्रतियोगितामा नेपालले राम्रो प्रदर्शन गर्न सकेन र डिभिजन-टुमा झर्न बाध्य भयो। यसपटक पनि देखिनेछ, नेपाल डिभिजन वानका लागि योग्य छ कि नेपालको हैसियत डिभिजन-टु नै हो। नेपाली टिमका कप्तान पारस खड्का स्वंयले पनि मानेका छन्– यो विश्वकप छनौट सजिलो प्रतियोगिता होइन।




पारसकै शब्दमा, 'विश्वकप छनौट निकै कठिन प्रतियोगिता हो, किनभने त्यहाँ सबै टिमको लक्ष्य विश्वकपको अन्तिम चरणमा पुग्नु नै हुन्छ। दुई टिम मात्र विश्वकपसम्म पुग्न सक्छन्। प्रत्येक टिम उत्तिकै राम्रा छन्, सहभागी चार टिमसँग टेस्ट मान्यता छ।' खड्काको तर्क के छ भने पछिल्ला वर्षमा एसोसिएट देशले पनि राम्रो प्रदर्शन गर्न थालेका छन् र तिनले टेस्ट खेल्ने देशलाई बलियो चुनौती दिँदै आएका छन्। पारसको दाबी नै छ, 'आईसीसीले विश्वकप १० वटाभन्दा बढी टिमको प्रतियोगिता हो भन्ने कुरा देखाउन सक्नुपर्छ।'

प्रतियोगितामा नेपाल समूह 'बी' मा छ र यो समूहका अरु टिम हुन्, जिम्बावे, अफगानिस्तान, स्टकल्यान्ड र हङकङ। नेपालले जिम्बावे र स्टकल्यान्डविरुद्ध दुई खेल खेलिसकेको छ। अब नेपालले भोलि फागुन २६ गते अफगानिस्तानविरुद्ध तथा फागुन २८ गते हङकङविरुद्ध खेल्नेछ। यही दुई खेल हुन्, जसमा नेपालले आफ्नो वास्तविक क्षमता प्रदर्शन गर्ने अवसर पाउने छ। नेपाली टिमले बुझ्न आवश्यक छ, लिग चरणका खेलपछि पनि प्रतियोगिता टुंगिने छैन।

लिग चरणको समाप्तिमा प्रत्येक समूहका शीर्ष तीन टिमले सुपर सिक्स खेल्नेछन्। सुपर सिक्समा पुग्ने टिमसामु मात्र विश्वकपमा छनौट हुने अवसर हुनेछ। सुपर सिक्समा पुग्न असफल चार टिमले प्ले अफ खेल्नेछन्। जसले सातदेखि दसौं स्थानमा रहने टिमको निर्धारण गर्नेछ। त्यसैले लिगपछि हुने प्ले अफका खेल पनि उत्तिकै महत्त्वपूर्ण छन्। यद्यपि त्यहाँ नेपालले आफ्नो स्थिति मबजुत तुल्याउन सबैभन्दा पहिले लिग चरणमा राम्रो गर्न सक्नु पर्छ, विशेषत अफगानिस्तान र हङकङविरुद्धको अबका खेलमा।

## जिम्बावेविरुद्ध हार

नेपालले यसपटकको विश्वकप छनौटमा पहिलो खेल जिम्बावेविरुद्ध खेलेको थियो र त्यो नेपालका लागि ठूलो शिक्षाका रूपमा रह्यो। नेपालले वान डे क्रिकेटमा पहिलो पटक टेस्ट मान्यता प्राप्त टिमविरुद्ध खेल्ने अवसर पाएको थियो र त्यसैमा नेपाल ठूलो अन्तरको हार बेहोर्न बाध्य भयो। दुई टिमबीचको खेलमा जिम्बावे अर्को वर्गको राम्रो टिमजस्तै देखियो।

नेपाल जिम्बावेसँग १ सय १६ रनले पराजित भयो र यो नेपालका लागि लिस्ट 'ए' मान्यता खेलमा अहिलेसम्मकै सबैभन्दा ठूलो हार हो। बुलाबायोमा भएको खेलमा टस जितेको जिम्बावेले पहिले ब्याटिङ गर्दै ६ विकेट गुमाई ३ सय ८० रन बनायो। नेपालविरूद्ध कुनै पनि टिमले बनाएको यो अहिलेसम्मकै सबैभन्दा ठूलो स्कोर हो। जबाफमा नेपालले ८ विकेट गुमाई २ सय ६४ रनमात्र बनाउन सक्यो।





## नेपाल-अफगानिस्तान

नेपाल र अफगानिस्तान भिड्दा एक खालको तीव्र प्रतिस्पर्धा देख्न पाइन्छ। सन् २०१४ यता पहिलो पटक नेपाल र अफगानिस्तान वान डे संरचनामा खेल्न लागेका छन् । अफगानिस्तानले सन् २०१५ मा वान डेको मान्यता प्राप्त गरेको थियो।

गत वर्ष अफगानिस्तानले टेस्ट मान्यता पनि पायो। अफगानिस्तान मलेसियामा सन् २००४ मा भएको एसीसी ट्रफीमार्फत अन्तर्राष्ट्रिय क्रिकेटमा प्रवेश गरेको थियो र त्यसयता नेपाल ५० ओभरको क्रिकेटमा अफगानिस्तानसँग सदैव पराजित हुँदै आएको छ।

अफगानिस्तानले सन् २०१५ मा पहिलो पटक विश्वकप खेलेको थियो र त्यति बेला स्कटल्यान्डमाथि एक विकेटको ऐतिहासिक जित निकालेको थियो। कप्तान पारसले अफगानिस्तानको सामना गर्नुअघि सन् २०१४ को वर्ल्ड ट्वान्टी-२० लाई सम्झन चाहेका छन्, उक्त खेलमा नेपालले अफगानिस्तानलाई हराएको थियो।

## नेपाल-हङकङ

नेपालका लागि हङकङ पनि चिरपरिचित प्रतिद्वन्द्वी हो। विश्व क्रिकेट लिग च्याम्पियनसिपमा नेपाल हङकङसँग ८३ रनले पराजित भएको थियो। सन् २०१४ को विश्वकप छनौटमा हङकङविरुद्धको खेल पनि नेपालका लागि बिर्सनलायक थियो, उक्त खेलमा नेपाल हङकङसँग १० विकेटले पराजित भएको थियो।

नेपालले एसीसी प्रिमियर लिग तथा इमर्जिङ टिम कपमा भने हङकङलाई हराएको थियो। एक प्रकारले नेपाल र हङकङ समान स्तरका टिम हुन्, नतिजा कुन बेला कस्तो आउँछ अनुमान गर्न कठिन छ। यसपटकको छनौट अगाडि नेपाल र हङकङबीच हुने भनिएको अभ्यास खेल वर्षाका कारण सम्भव भएन।

हङकङ पनि पहिलो पटक विश्वकपमा छनौट हुने आशमा छ। सन् २०१४ को विश्वकप छनौटमा हङकङले निकै राम्रो गरेको थियो, सुपर सिक्ससम्मको यात्रा तय गरेर, त्यसपछि हङकङले वान डे टिमको मान्यता पाएको थियो। कप्तान पारसलाई विश्वास छ, नेपालले हङकङलाई राम्रै चुनौती दिनेछ।



## पाँच प्रश्न



नेपाली राष्ट्रिय क्रिकेट टिमका प्रशिक्षक हुन्- जगत टमाटा। उनी लामो समयदेखि राष्ट्रिय टिमसँग आवद्ध छन् र उनलाई टिमका सम्बन्धमा राम्रो जानकारी पनि छ। फरक-फरक अवसरमा टमाटाले आफ्नो उपयोगिता पनि सिद्ध गरिसकेका छन्। उनकै नेतृत्वमा नेपालले आईसीसी डिभिजन-टु खेलेको थियो र त्यसमा सबै आलोचकलाई जवाफ दिदैं नेपाल आईसीसी क्रिकेट वर्ल्ड क्रिकेट क्वालिफायरका लागि योग्य भएको थियो। टमाटासँग यही विश्वकप छनौट खेलमा केन्द्रित रहेर अनलाइन मार्फत गरिएको पाँच प्रश्न :

**आईसीसी क्रिकेट वर्ल्ड क्रिकेट क्वालिफायरको तयारीका लागि पर्याप्त समय नभएको हो ?**

पर्याप्त समय भएन भनेर पनि भन्न मिल्दैन, किनभने हामी २ महिनादेखि निरन्तर खेलिरहेका छौं। त्यसैले आराम पनि उत्तिकै आवश्यक थियो। तयारीका लागि १५-२० दिन थप समय पाएको भए अझ राम्रो हुने थियो।

**जति पनि तयारी भयो, त्यसबाट खेलाडीहरू प्रतियोगिताका लागि योग्य हुन सके त ?**

हाम्रा सबै खेलाडी लयमा छन्। मनोबल पनि उच्च छ। हामीसँग जुन समय थियो त्यसकै परिधिमा बसेर तयारी गर्दा खेलाडी फिट छन्। सबैमा राम्रो खेल्नु पर्छ भन्ने भावना पनि छ। अन्तिम बलसम्म खेल्न सकियो भने जितिन्छ भन्ने मनोबल प्रबल छ।

**नेपालको लक्ष्य के छ ?**

पहिलो लक्ष्य सुपर सिक्ससम्म जाने नै हो। त्यसमा हाम्रो सम्भावना पनि छ। हामीलाई केही डर छैन, तर हाम्रा प्रतिद्वन्द्वीलाई त्यो भन्दा बढी डर छ। राम्रो खेल्न हामीले विश्वकप छनौट जस्तो उत्कृष्ट प्लेटफर्म पाएका छौं। हामी सामु चुनौती पनि धेरै छन्।

**टिमको ब्याटिङ कमजोर रहेको स्थितिमा टिम संरचना के हुनेछ ?**

पूरा प्रतियोगितामा हाम्रो ब्याटिङ सेट राम्रो हुने सम्भावना बढी छ, जुन डिभिजन-टुमा थियो। सबै खेलाडीले खेल्दै गएपछि अनुभव बटुल्ने हो। टिममा हामीसँग अरु पनि विकल्प छन्।

**ती विकल्प के-के हुन सक्छन् ?**

नयाँ प्रारम्भिक ब्याट्सम्यानलाई विश्वकप छनौटमा परिक्षण गर्नु जोखिमपूर्ण हुन सक्छ। अनिल शाहलाई पनि माथि ल्याएर खेलाउन सकिन्छ, उनी उपयोगी विकेट किपर पनि हुन्। ललितनारायण राजवंशी राम्रो विकल्प हुन सक्छन्।

विश्वकप-२०१८

# जर्मनी सजिलै अघि बढ्ने

FIFA WORLD CUP RUSSIA 2018



जुन १७
जर्मनी-मेक्सिको
जुन १८
स्वीडेन-दक्षिण कोरिया
जुन २३
दक्षिण कोरिया-मेक्सिको
जुन २३
जर्मनी-स्वीडेन
जुन २७
दक्षिण कोरिया-जर्मनी
जुन २७
मेक्सिको-स्वीडेन

विश्वकप फुटबल इतिहासमा बलियो टिम हो– जर्मनी । जर्मनीले धेरै हल्लाखल्ला गर्दैन र लुसुक्क उपाधि जित्छ । चार वर्षअघि जर्मनीले विश्वकप जित्दा पनि सुरुदेखि यो टिमलाई सम्भावित विजेताका रूपमा धेरैले हेरेका थिएनन्, तर सबैलाई के पनि थाहा थियो भने जर्मनी यस्तो टिम हो, जसले सबै किसिमका सम्भावना बोकेको छ । नभन्दै त्यस्तै भयो– जर्मनीले फाइनलमा अर्जेन्टिनालाई हराएर चौथो पटक विश्वकप उपाधि जित्यो ।

यसपटकको विश्वकपमा जर्मनीमाथि तेर्सिएको सबैभन्दा ठूलो चुनौती नै यही हो, डिफेन्डिङ च्याम्पियनका रूपमा प्रस्तुत हुनु पर्ने । डर के छ भने पछिल्ला दुई विश्वकपमा डिफेन्डिङ च्याम्पियनको प्रदर्शन राम्रो हुन सकेको छैन । ती विश्वकपमा डिफेन्डिङ च्याम्पियनले प्रतियोगिताको समूह चरणबाटै बाहिरिनु परेको छ । जस्तो सन् २०१० मा इटाली, अनि सन् २०१४ मा स्पेन । कतै जर्मनीको नियति पनि त्यस्तै हुने त होइन ? सायद नहोला, किनभने वर्तमान समयमा जर्मन फुटबल वास्तवमै बलियो छ ।

इंग्ल्यान्डको प्रिमियर लिग र स्पेनको ला लिगाको जत्तिकै चर्चा नभए पनि स्तरका आधारमा जर्मनीको बुंडेसलिगा सबैभन्दा अगाडि छ भन्ने फुटबल पण्डितहरू उत्तिकै छन् । त्यसैले जर्मनी कम्तीमा नकआउट चरण पुग्नेछ भन्नेमा ढुक्क भए हुन्छ । यसका दुई कारण छ, पहिलो प्रशिक्षक जोचिम लोको नेतृत्वमा जर्मनीले प्रत्येक ठूला प्रतियोगितामा समूह चरणमा सजिलै विजय प्राप्त गरेको छ । अझ लो प्रशिक्षक भएयता जर्मनी प्रत्येक प्रतियोगितामा कम्तीमा सेमिफाइनलसम्म पुगेको छ ।

दोस्रो कारण, जर्मनीका लागि समूह चरण अपेक्षाकृत रूपमा सजिलो मान्न सकिन्छ । जर्मनीसँग एउटा सिंगो स्टार खेलाडी मात्र छैनन्, उत्तिकै राम्रा खेलाडीको कुनै कमी छैन । त्यसैले त जर्मनीले आफ्ना दोस्रो रोजाइका खेलाडी उतारेर पनि सजिलै कन्फेडेरेसनकप जित्न सक्यो । कन्फेडेरेसन कपमा आफ्ना प्रमुख खेलाडीलाई आराम दिएर जर्मनीले यस्तो युवा टिमलाई उतारेको थियो, जसको प्रतिद्वन्द्वीसँग कुनै जवाफ थिएन ।

ठीक यहींनिर ऐतिहासिक रूपमा जर्मनीलाई एउटा समस्या भने हुन सक्छ र त्यो हो, जुन टिमले कन्फेडेरेसनकप जित्छ, त्यसैले विश्वकप भने जित्न सकेको इतिहास छैन । कन्फेडेरेसनकप विजेताका लागि विश्वकप अलच्छिन सरह हुन्छ भनिन्छ । जर्मनीलाई यो समूहमा बलियो चुनौती दिन सक्ने टिम स्वीडेन मात्र हो । स्वीडेनले युरोपेली प्ले अफमा इटालीलाई पन्छाएको थियो, त्यसैले यो टिम पक्कै कमजोर छैन ।


स्वीडेन सन् १९५८ को विश्वकप फाइनल खेलेको टिम हो । स्वीडेनले सन् १९९० यता विश्वकपमा समूह चरणका कुनै पनि खेल गुमाएको छैन । मेक्सिकोले यो समूहबाट अगाडि बढ्न स्वीडेनसँग प्रतिस्पर्धा गर्नेछ । मेक्सिकोसँग पनि समृद्ध विश्वकप इतिहास छ, तर समस्या के छ भने यो टिम पछिल्ला छ संस्करणमा प्रत्येक पटक अन्तिम १६ मै आएर रोकिएको छ ।

मैदान बाहिर

## बाबुको सिको

क्रिस्टियानो रोनाल्डोले च्याम्पियन्स लिगमा एथलेटिको म्याड्रिडविरुद्ध ४ वर्ष अघि गोल गरेपछि जर्सी खोलेको घटना विश्वका धेरै फुटबल प्रेमीको सम्झनामा छ । उक्त तस्बिरलाई फेरि ताजा बनाउने प्रयास गरेका छन् रोनाल्डोका जेठा छोरा क्रिष्टियानो जुनियरले । घरकै जिममा अभ्यास गरिरहेका जुनियरले बाबुको जस्तै पोज दिएर फोटो खिचाएका छन् र आफ्ना बुबा रोनाल्डोलाई सम्बोधन गर्दै भनेका छन्- म पनि तपाईं जस्तै देखिन लागे । यसमा तपाईंको के विचार छ ?








## कन्टेनरमा बास

आर्सनल फुटबल क्लबका महत्वपूर्ण खेलाडी एन्स्ले मेटल्यान्ड नाइल्सकी आमा घरवारविहीन भएकी छिन् । ३८ वर्षीया जुली नाइल्सका अहिले सामानहरू फ्याँक्ने ठाउँमा रहेको एक कन्टेनरमा बस्छिन् । उनका दुई छोरा भने उत्तरी लन्डनको फिन्च्लेमा वार्षिक १० करोड १५ लाख रुपैयाँ भाडा तिर्नुपर्ने भवनमा बस्छन् । जुली भन्छिन्- मेरो छोराले आफ्नो फुटबल करिअरको दुई हप्ताको तलब भत्ताबाटै मलाई घर किनिदिन सक्छ । आर्सनलले यो सिजनका लागि एन्स्लेलाई ४३ लाख ५० हजार रुपैयाँ प्रत्येक साता दिने शर्तमा अनुबन्ध गरेको छ । आमा घरवारविहीन भएको कुरा भने एन्स्लेलाई थाहा नभएको बताइन्छ ।



मुक्त आकाश

# जिन्दगीका गोप्य कुराहरू



अविरल थापा

अक्सर नजिकका साथीलाई गोप्य कुरा सुनाइन्छ तर अरूलाई जति सुनाए पनि आफ्नो कमजोरीको केही अंश भने जो कसैले लुकाएरै सुनाएको हुन्छ । सहानुभूति खोज्नु मानिसको स्वभाव नै हो । अरूलाई दोषी देखाएर पानीमाथिको ओभानो बन्न गोप्यता कायम गरिन्छ । मानिस आफू तल परेको कुरा देखाउन वा भन्न चाहँदैन । गोप्य कुरा सुनाउन नपाउँदाको सकस बेग्लै हुन्छ ।

कसैलाई नसुनाउनु है भनेर विश्वास गरेर सुनाउने जो कोहीको एउटा न एउटा साथी त भैहाल्छ । उसले पनि उसको त्यस्तै विश्वासिलो पात्रलाई त्यही भनेर सुनाउँछ । यसरी सबै विश्वास पात्रलाई सुनाउँदा-सुनाउँदा गोप्य कुरा एककान मैदान हुँदै गाउँ सहरभरि फैलिसक्छ । ए तैंले थाहापाइस् त्यस्तो भएछ नि, त्यसले त्यस्तो गरेछ नि भनेर जानीजानी थाहा दिने हामी आफैं हुन्छौं । पहिलोपल्ट यौनसम्पर्क राखेको कुरा कोसँग त्यस्तो राखेको भन्ने कुरा वा आफू ठगिएको कुरा अक्सर गोप्य राख्न खोजिन्छ भने पनि संशोधित र आफ्नो कुरा माथि पारेर भनिन्छ । आफूले गरेका उटपटयाङ कामहरू, अरूलाई दोषी ठहराएर आफू जोगिएका कुराहरू मानिसले कहिल्यै सुनाउँदैन । खासै असर नपर्ने खालको छ भने केही समयपछि सुनाउँछ तर गम्भीर प्रकृतिको कुरा जीवनभर आफैंसँग गोप्य रहन्छ ।

सम्बन्धमा प्रेमीलाई वा श्रीमान्-श्रीमतीलाई छल गरेका, ढाँटेका कुरा गोप्य रहन्छन् । कतैबाट कुरा चुहिए पनि आफू चोखो बनेर अरूलाई नै दोषी देखाइन्छ । कतिपय लाजमर्दा कुरा सुनाउनै सकिँदैन । कसै समक्ष प्रेम प्रस्ताव राख्दा अस्वीकार गरेको कुरा, झापड खाएको कुरा कसैले थाहा नपाए हुन्थ्यो जस्तो लाग्छ । आफ्नो कारणले अरूको ज्यान गएको, घरबार बिग्रिएको कुराले मनमा पश्चाताप वा दुःख लागे पनि मानिस बरु आफैं पिल्सिएर बस्छ तर म दोषी थिएँ सजाए पाऊँ भनेर भन्न सक्दैन ।

कहिलेकाहीं आफू बच्न अरूलाई फसाइएको हुन्छ । कहिलेकाहीं साथीहरूको लहैलहैमा लागेर अपराध गरिएको हुन्छ तर सकेसम्म कसैले थाहा नपाओस् भनेर लुकाइएको हुन्छ । कति कुरा साथीहरूलाई मात्र थाहा हुन्छ घरका मानिसलाई थाहा हुँदैन । कति कुरा घरकालाई थाहा हुन्छ साथीहरूलाई हुँदैन । यौवनकालमा साथीहरूसँग गरेको रमाइलो र बदमाशीले बुढेसकालसम्मै मानिसलाई रोमाञ्चक बनाउँछ । आफ्नो गोप्य कुरा अरूलाई थाहा हुन्छ अर्काको आफूलाई थाहा हुन्छ । दुवै तैं चुप मैं चुपभएर आ-आफ्नो बचाऊ गर्छन् । कहिलेकाहीं त्यस्ता साथीको सम्बन्ध बिग्रिएर पोल खोलाखोल भै दुवै जना फसेका पनि कैयन उदाहरण छन् । कुराहरू मनमा गोप्य त राखिन्छ तर त्यसले भित्रभित्रै खाइरहेको हुन्छ ।

अरूको गोप्य कुरा पत्तालगाएर फसाउन पाए हुन्थ्यो भनेर पछि परेका शत्रु पनि हुन्छन् । व्यक्तिदेखि लिएर एउटा देश अर्को देशको गोप्य सूचना चुहाउन लागि परेको हुन्छ । कसले कति पैसा कमायो के गरेर कमायो, नयाँ के आविष्कार गऱ्यो, नयाँ रणनीति के बनाउँदैछ थाहा पाउन जो कोही लागि परेकै हुन्छन् । कुन कलाकार वा खेलाडीको कोसँग चक्कर चलिरहेको छ थाहा पाउन पत्रकारहरू पछि परेका हुन्छन् । अर्काको गोप्यता भंग गरेर भड्खालोमा हाल्न खोज्नेहरू र अरूको गोप्यता फुस्किएको थाहा पाएर खुच्चिङ भन्न मानिसहरू पर्खिएर बसेका हुन्छन् । कतिको घूस खाएर पैसा कमाएको कुरा बाहिर आउँछ कतिले कान्छी श्रीमती बाहिर राखेको वा अर्कै केटासँग सम्बन्ध राखेको कुरा फुस्किन्छ । गोप्य कुरा भंग हुँदा अरूलाई रमाइलो होला तर पर्ने मानिसलाई सहन कति गाह्रो हुन्छ त्यो पर्नेलाई मात्र थाहा हुन्छ ।

कहिलेकाहीं यहाँ त कसले थाहा पाउला र ? कसले नै देख्ला र भनेर घुम्न गयो कसै न कसैले देखेर घरमा कुरा लाउन भ्याइसकेको हुन्छ । तिम्रो छोरा वा छोरी त फलानोसँग फलानो ठाउँमा डुल्दै थियो बेलैमा होस गर्नु है मैले त बेलैमा भन्देको छु क्यारे भनेर कान भर्न भ्याइसकेका हुन्छन् । सानो छँदा घरमा वा स्कुलमा ढाँटेर फिल्म हेर्न खेल्न गएको कुरा कसैले देखेर घरमा कुरा लाइदिँदा कतिले गालीखाई सही बाटो पनि समातेका हुनसक्छन् । सबै गोप्य कुरा भंग भएर हानी मात्र हुँदैन । कहिलेकाहीं डुब्न लागेको पैसा जोगिन्छ । गोप्य कुरा भंग भएर सम्बन्धविच्छेद हुनेदेखि लिएर बोलचाल बन्दसम्म हुन्छ । आफ्नो गोप्य कुरा भंग नगर भनेर डर धाकधम्की दिएर कतिले शोषण पनि गरिरहेका हुन्छन् । कतिले गोप्यता भंग गर्दिन लाग्दा आवेशमा आएर हत्यासम्म गर्न पुग्छन् । कतिले घरमै बाल यौनशोषण वा कार्यालयमा शोषण गरिरहेका हुन्छन् । अफिसमै त्यस्तो गोप्यता भंग भएर कतिले जागिरबाट हात धुनुपर्छ ।

तपाईं जतिसुकै गोप्य राख्न खोज्नुस् भित्ताका कानले र दुनियाँका हजार आँखाले पछ्याइरहेका हुन्छन् ।

के तपाईंका पनि गोप्य कुरा छन् जुन कसैलाई कहिल्यै भन्न सक्नुहुन्न वा चाहनुहुन्न ?

Facebook.com/abeeralthapa




# त्रिदेशीय कार र्‍याली



हिमालयन ड्राइभ सिक्स त्रिदेशीयकार र्‍यालीको उपाधि भारतका एसके अजगर अलि तथा मोहमद् मुस्तफाको जोडीले हातपारेका छन् । उनीहरूले निर्धारित साढे १६ सय किलोमिटरको दूरी पार गर्दै उक्त नतिजा हासिल गरेका हुन् । भारतको पश्चिम बंगालका अलि र मुस्तफाले उक्त प्रतिस्पर्धा समय, गति र दूरी (टीएसडी) का आधारमा सबैभन्दा सुरक्षित यात्रा गर्दै जितेका हुन् ।

र्‍यालीमा पहिलो पटक सहभागी चितवनको टाटा कारका लागि आधिकारिक विक्रेता आरवीमोटर्सका सञ्चालकद्वय विमल पौडेल र राजेन्द्र गैरे १३ सय सीसी कम समूहमा उत्कृष्ट घोषित भए । उनीहरूले टाटा टियागोबाट यात्रा गरेका थिए ।

नेपालका तर्फबाट रविनकुमार श्रेष्ठ र अमित सिलवालको जोडी तथा भीमसेनकुमार श्रेष्ठ र अमित श्रेष्ठको जोडी पनि प्रतिस्पर्धामा सहभागी थिए । र्‍यालीमा नेपाल अटोमोबाइल्स एसोसिएसन (नासा) प्रदेश नम्बर १ का संयोजक कविन श्रेष्ठ तथा सुमनकुमार श्रेष्ठ, राजेन्द्र आचार्य, राजेन्द्र ओली र सिदार्थलाल चुके, प्रशान्तकुमार पिया, धीरज कार्की, सरोज अर्यालसहितको टोली सहभागी थियो । भारतको सिलिगुडीबाट फागुन ११ गते प्रारम्भ भएको र्‍याली फागुन १६ गते दार्जिलिङमा पुगेर समापन भएको हो । र्‍याली सिलिगुडीबाट बिर्तामोड, दमक, इटहरी, लहान, बर्दिवास हुँदै पहिलो पटक नेपालको तेस्रो पर्यटकीय नगरी सौराहा पुगेको थियो । त्यसपछि भारतको मूर्ति हुँदै भुटानको फुन्सोलिङ अनि भारतको दार्जीलिङ पुगेर र्‍याली समापन भएको थियो ।

उक्त र्‍यालीले १ हजार ६ सय ५० किलोमिटरको दूरी पार गरेको थियो । प्रतिस्पर्धामा नेपालको ४ टिमसहित भारत र भुटानका गरी ४२ वटा कार सहभागी थिए ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।